**सर्वोच्च अदालत, विशेष इजलास**

**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय**

**माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.**

# आदेश

**०७०-WS-००५०**

**विषयः उत्प्रेषणयुक्त परमादेश समेत**

लम्जुङ्ग जिल्ला, चन्द्रेश्वर गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ३७ को सुमन अधिकारी--------१

रामेछाप जिल्ला, पुराना गाउँ गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३७ को ज्ञानेन्द्रराज आरण---१

रामेछाप जिल्ला, तिल्पुङ गा.वि.स., वडा नं. ९ बस्ने वर्ष २९ को प्रकाशचन्द्र श्रेष्ठ--------१

गोरखा जिल्ला, हर्मी गा.वि.स., वडा नं. ८ बस्ने वर्ष २४ को मञ्जिमा ढकाल-----------१

रामेछाप जिल्ला, साघुटार गा.वि.स., वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला,का.म.न.पा., वडा नं. २ बस्ने वर्ष ५० की सावित्री श्रेष्ठ-----------------------------------------१

काभ्रेपलाञ्चोक जिल्ला, छत्रेवास गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ५२ की पूर्णिमाया तामाङ-१

धादिङ्ग जिल्ला, केवलपुर गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ५६ की रूकु आचार्य-----------१

काभ्रे जिल्ला, पोखरीचौकी गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४९ की देवी सुनुवार खरेल-----१

ओखलढुंगा जिल्ला, पोकली गा.वि.स., वडा नं. २ बस्ने वर्ष ४६ को अन्जनकुमार श्रेष्ठ----१

ओखलढुंगा जिल्ला, टारकेराबारी गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४४ की लक्ष्मीदेवी श्रेष्ठ--१

गोरखा जिल्ला, छोप्राक गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३४ को नवराज पोखरेल---------१

गोरखा जिल्ला, आरूपोखरी गा.वि.स., वडा नं. ६ बस्ने वर्ष २५ को विनोद सापकोटा-----१

गोरखा जिल्ला, छोप्राक गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ३४ को शिवहरि हमाल----------१ **निवेदक**

रामेछाप जिल्ला, चनखु गा.वि.स., वडा नं. २ बस्ने वर्ष ६३ को धुव्रकुमार कार्की---------१

रामेछाप जिल्ला, फुलासी गा.वि.स., वडा नं. २ बस्ने वर्ष ६० को तेजबहादुर अधिकारी----१

गोरखा जिल्ला, धावा गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४१ को रामु नेपाली---------------१

गोरखा जिल्ला, ताप्ले गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ७६ को मेधनाथ भट्टराई-----------१

काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. २ बस्ने वर्ष १९ को विजय श्रेष्ठ---------------१

जाजरकोट जिल्ला, लहँ गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४४ की मैना अधिकारी---------१

गोरखा जिल्ला, ताक्लुङ गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३३ को रविन्द्र किशोर खनाल-----१

अछाम जिल्ला, कुइका गा.वि.स., वडा नं. २ बस्ने वर्ष ४० को भोजराज तिमिल्सेना------१

नुवाकोट जिल्ला, कुमरी गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ६१ को देवचन्द्र अधिकारी--------१

नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ७ बस्ने वर्ष ३४ को सन्दिप गुरूङ्ग-----१

बाँके जिल्ला, नेपालगंज नगरपालिका, वडा नं. १२ बस्ने वर्ष ५४ की तारादेवी श्रेष्ठ------१

बर्दिया जिल्ला, बानियाभार गा.वि.स., वडा नं. ४ बस्ने वर्ष २० को विक्रम थारू---------१

रामेछाप जिल्ला, गेलु गा.वि.स., वडा नं. १ बस्ने वर्ष ५२ को कल्याण बुढाथोकी---------१

बाँके जिल्ला, नेपालगंज नगरपालिका, वडा नं. १२ बस्ने वर्ष २६ की सुम्निमा के.सी.------१

चितवन जिल्ला, शारदानगर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ७० को श्यामकुमार चौधरी--१

रामेछाप जिल्ला, गेलु गा.वि.स., वडा नं. १ बस्ने वर्ष ४७ को शंकरबहादुर बुढाथोकी-----१

रामेछाप जिल्ला, हिलेदेवी गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ६५ को मेघबहादुर खत्री-------१

दाङ्ग जिल्ला, टरिगाउँ गा.वि.स., वडा नं. २ बस्ने वर्ष ६९ को नारायण प्रसाद गौतम------१

रूकुम जिल्ला, पोखरा गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ५७ को रणसिंह पुन--------------१

रूकुम जिल्ला, शोभा गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ४५ को सेतबहादुर बोहरा----------१

रूकुम जिल्ला, पोखरा गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४३ की जैमा घर्ति---------------१

गोरखा जिल्ला, फुजेल गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ४१ को कमला भट्ट--------------१

रूकुम जिल्ला, खारा गा.वि.स., वडा नं. २ बस्ने वर्ष २५ को दिपक ओली---------------१

कालिकोट जिल्ला, कोटवडा गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३६ को जगतबहादुर विष्ट----१

काभ्रेपलान्चोक जिल्ला, बालुवापाटी गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३४ को बब्लु लामा---१
पर्वत जिल्ला, शंकरपोखरी गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ४० को यसप्रसाद भुसाल-----१
काभ्रेपलान्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १ बस्ने वर्ष ३९ को कान्छा पुतुवार---१
काभ्रेपलान्चोक जिल्ला, मादनकुडारी गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३५ की मन्जु गौतम-१
दोलखा जिल्ला, नाम्दु गा.वि.स., वडा नं. १ बस्ने वर्ष १९ को विशेष उप्रेती-------------१
काभ्रेपलान्चोक जिल्ला, पोखरीनाग्रेगगर्चै गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३६ की एककुमारी चौलागाई----------------------------------------------------------------१
दोलखा जिल्ला, नाम्दु गा.वि.स., वडा नं. १ बस्ने वर्ष ४४ की चन्द्रकला उप्रेती----------१
काभ्रेपलान्चोक जिल्ला, मिल्चे गा.वि.स., वडा नं. २ बस्ने सन्तोषी तिमिल्सिना-----------१
काभ्रेपलान्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ६ बस्ने मनकुमारी रंजित-----------१
काभ्रेपलान्चोक जिल्ला, पोखरी नारायणस्थान गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३५ को विष्णुप्रसाद खरेल---------------------------------------------------------१
धादिङ्ग जिल्ला, नौविसे गा.वि.स., वडा नं. १ बस्ने वर्ष ५१ की सावित्री आचार्य----------१
मोरङ्ग जिल्ला, गोविन्दपुर गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३८ की लिलादेवी तामाङ्ग-------१
भोजपुर जिल्ला, नेपालेडाँडा गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ४४ को माधवप्रसाद न्यौपाने-१
धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३३ की सिर्जना पाण्डे थापा---------१
काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १० बस्ने वर्ष २० को विदुरप्रसाद सिवाकोटी-----१
इलाम जिल्ला, लक्ष्मीपुर गा.वि.स., वडा नं. ८ बस्ने वर्ष २९ को भेषराज अधिकारी-------१
चितवन जिल्ला, अयोध्यापुरी गा.वि.स., वडा नं. २ बस्ने वर्ष ४३ को लेखनाथ अधिकारी---१
दोलखा जिल्ला, मकैवारी गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ३८ को कमलप्रसाद सुवेदी------१
चितवन जिल्ला, अयोध्यापुरी गा.वि.स., वडा नं. ६ बस्ने देवराज न्यौपाने----------------१
रामेछाप जिल्ला, खिम्ती गा.वि.स., वडा नं. ४ बस्ने ७७ को डम्बरबहादुर भुजेल---------१
बारा जिल्ला, निजगढ गा.वि.स., वडा नं. ३ बस्ने २९ की प्रमिला अधिकारी-------------१
रामेछाप जिल्ला, देउराली गा.वि.स., वडा नं. ९ बस्ने वर्ष २५ की उमा पौडेल-----------१
अर्घाखाँची जिल्ला, केरूङ्गा गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३३ की अनिता ज्ञवाली--------१

रामेछाप जिल्ला, पुरानागाउँ गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ५० को टुनाराज गिरी-------१

ओखलढुंगा जिल्ला, रगनी गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४० की जमुना रोका---------१

नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स., वडा नं. ८ बस्ने वर्ष २३ को अमृत भट्टराई----१

धनुषा जिल्ला, सखुवा महेन्द्रागर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ५६ को चिरञ्जीवी बास गिरी---------------------------------------------------------------------१

सिन्धुपाल्चोक जिल्ला, इर्खु गा.वि.स., ववडा नं. ७ बस्ने वर्ष २८ की रितामाया थापा-----१

कैलाली जिल्ला, धनगढी नगरपालिका वडा नं. १ बस्ने वर्ष ७१ को शिवकुमार डंगोल-----१

कपिलवस्तु जिल्ला, तितिर्खी गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४७ को रामलखन कलवार---१

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. १७ बस्ने वर्ष ३४ की रामकुमारी श्रेष्ठ-----१

रूकुम जिल्ला, खारा गा.वि.स., वडा नं. २ बस्ने वर्ष ४९ को मोहन ओली--------------१

स्याङ्गजा जिल्ला, चिन्नेवास, गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३७ की सावित्री शर्मा--------१

गोरखा जिल्ला, ताप्ले गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३९ को दिपेश भट्टराई-------------१

गोरखा जिल्ला, आरूपोखरी गा.वि.स., वडा नं. ६ बस्ने विष्णुकुमारी सापकोटा-----------१

गोरखा जिल्ला, धावा गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४१ को रामु नेपाली---------------१

गोरखा जिल्ला, ताप्ले गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ७६ को मेघनाथ भट्टराई-----------१

नुवाकोट जिल्ला, साल्मे गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ५४ को कृष्णमान घले----------१

ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. १७ बस्ने वर्ष ६४ की रजनी अमात्य जोन्छे-------------------------------------------------------------१

कैलाली जिल्ला, धनगढी नगरपालिका, वडा नं. ४ बस्ने वर्ष ४३ को गणेशबहादुर मल्ल---१

रामेछाप जिल्ला, लखनपुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ८१ को हरिप्रसाद गौतम------१

कपिलवस्तु जिल्ला, खुरूहुरिया गा.वि.स., वडा नं. ७ बस्ने मिठाईलाल लोनिया-----------१

नुवाकोट जिल्ला, बुङताङ गा.वि.स., वडा नं. ९ बस्ने ५३ की ललिमाया तामाङ----------१

ओखलढुंगा जिल्ला, कटुन्जे गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ४६ की कुन्तामाया अधिकारी--१

रामेछाप जिल्ला, माकादुम गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३९ को निर्मलकुमार लामा-----१

गोरखा जिल्ला, सिम्जुङ गा.वि.स., वडा नं. ४ बस्ने जनककुमारी कोइराला--------------१

ओखलढुंगा  जिल्ला, फुलबारी गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ३१ को फडिन्द्र लुइटेल----१

चितवन जिल्ला, अयोध्यापुरी गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४६ को मुक्तिनाथ न्यौपाने---१

नुवाकोट जिल्ला, बुङताङ गा.वि.स., वडा नं. ५ बस्ने वर्ष २९ को योगमाया तामाङ------१

रामेछाप जिल्ला, दोरम्बा गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ६७ को डिकबहादुर तामाङ-----१

रामेछाप जिल्ला, हिलेदेवी गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ४२ को सुरेन्द्रकुमार घिसिङ्ग----१

गोरखा जिल्ला, पन्द्रुङ गा.वि.स., वडा नं. ८ बस्ने वर्ष २७ को रमेश भट्ट----------------१

जाजरकोट जिल्ला, जगतीपुर गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३६ को सुरेन्द्रकुमार घिसिङ्ग--१

रामेछाप जिल्ला, दोरम्बा गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३१ को विजय लामा-----------१

जिल्ला, काठमाडौ., किर्तिपुर न.पा., वडा नं. १२ बस्ने वर्ष ३९ की श्रृजना श्रेष्ठ----------१

उवा गा.वि.स., वडा नं. ६ बस्ने बर्ष ३६ को श्री कुमारी घर्ती-------------------------१

जिल्ला, सुर्खेत पाम्पा गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४४ को उदीराम चुनारा----------१

जिल्ला, सुर्खेत विरेन्द्रनगर नगरपालिका, वडा नं. ६ बस्ने वर्ष ५७ की सुशीला ओली------१

जिल्ला, सुर्खेत विरेन्द्रनगर नगरपालिका, वडा नं. १ बस्ने वर्ष ६६ को भगवती पुरी--------१

कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ४१ को धरमबहादुर चौधरी-----१

कञ्चनपुर जिल्ला, पिपलाडि गा.वि.स., वडा नं. ६ बस्ने नरेन्द्र प्रसाद डगौरा चौधरी------१

कञ्चनपुर जिल्ला, दैजी गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४२ को हिरादेवी भण्डारी--------१

कञ्चनपुर जिल्ला, सुडा गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ४४ को मिना देवी फर्सवान-----१

दैलेख जिल्ला, नारायण न.पा,. वडा नं. २ बस्ने वर्ष २३ को सागर कोइराला-------------१

दैलेख जिल्ला, बेलासपुर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ५८ की पवित्रा देवी शर्मा-------१

दाङ्ग जिल्ला, घोराही न.पा., वडा नं. ३ बस्ने वर्ष २२ को मिना चौधरी------------------१

दाङ्ग जिल्ला, घोराही न.पा., वडा नं. ३ बस्ने वर्ष २० को रमी चौधरी------------------१

कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ४१ को लहिया देवी चौधरी-१

कैलाली जिल्ला, खैलाड गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ५७ को श्री शेरबहादुर हमाल----१

जिल्ला, कञ्चनपुर दोधारा चाँदनी गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ३५ की चन्द्रदेवी विष्ट--१

नौवस्ता गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ३४ को मुकुन्द सिंह वली---------------------१

जिल्ला बाँके, टिटिहिरीया गा.वि.स., वडा नं. २ बस्ने वर्ष २३ को विनिता चौधरी---------१

जिल्ला बाँके, टिटिहिरिया गा.वि.स वडा नं. २ बस्ने वर्ष ५३ को गौरी थारू--------------१

जिल्ला बाँके, टिटिहिरीया गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३० की फुलारानी थारू--------१

जिल्ला बाँके, टिटिहिरीया गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३७ की सुन्दरकली थारू--------१

जिल्ला बाँके, रझेना गा.वि.स., वडा नं. ५ बस्ने वर्ष २५ को आयुष चौधरी-------------१

जिल्ला बाँके, नौवस्ता गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४२ का प्रेमबहादुर थापा क्षेत्री-----१

जिल्ला बर्दिया, सानोश्री गा.वि.स., वडा नं. ९ स्थायी घर भई हाल जिल्ला बाँके, रझेना गा.वि.स., वडा नं. २ बस्ने वर्ष ६६ को भुमिसरा थापा क्षेत्रीनी-------------------------१

जिल्ला बाँके, शमसेरगंज गा.वि.स वडा नं. ४ बस्ने वर्ष ५० को धनाकुमारी थारू--------१

जिल्ला बाँके, शमसेरगंज गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३९ को कुमाली थरूनी---------१

जिल्ला बाँके, शमसेरगंज गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४२ को इन्दरिया थरूनी-------१

जिल्ला बाँके, शमसेरगंज गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४३ को लक्ष्मणिया थरूनी------१

जिल्ला बाँके, होलीया गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ५९ को विकाउलाल भुजुवा--------१

जिल्ला बाँके, बनकटवा गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४१ की उषा क्षेत्री--------------१

जिल्ला, बाँके, शमसेरजंग गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३२ को रामकुमार यादव-------१

जिल्ला बाँके, उढरापुर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष २८ को पन्नालाल चमार---------१

जिल्ला बाँके, कोहलपुर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ५२ की नरिदेवी चन्द ठकुरी------१

जिल्ला बाँके, शमसेरगंज गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ५० को जगदिश यादव---------१

जिल्ला बाँके, पुरैनी गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३२ को तुलसी विष्ट----------------१

जिल्ला बर्दिया, जमुनी गा.वि.स, वडा नं. ५ स्थायी घर भई हाल जिल्ला, बाँके कोहलपुर गा.वि.स., वडा नं. ३ बस्ने देउसरा कमिनी-----------------------------------------१

जिल्ला बाँके, उढरापुर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ७३ को जैतुना खाँ---------------१

जिल्ला बाँके, उढरापुर गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ६७ को इब्राहिम खाँ--------------१

जिल्ला बाँके कोहलपुर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ३५ को अमृता देवी पुन मगर----१

जिल्ला सल्यान, कोर्वाङ झिम्पे गा.वि.स., वडा नं. ४ स्थायी घर भई हाल जिल्ला, बाँके

टिटिहिरीया गा.वि.स., वडा नं. ६ मा वर्ष ६२ को खिमी वली-------------------------१

जिल्ला सुर्खेत, कल्याण गा.वि.स., वडा नं. ३ घर भई हाल कोहलपुर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ४१ को कली दमाई--------------------------------------------------१

जिल्ला बाँके, खासकुस्मा गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ३७ की सुश्री नन्दकुमारी विश्वकर्मा-------------------------------------------------------------------१

जिल्ला बाँके, नेपालगंज नगरपालिका, वडा नं. ३ घर भई हाल कोहलपुर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३९ को धन्नो वालमिकी---------------------------------------------१

जिल्ला बाँके, गंगापुर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ५५ को सावित्री गोडिया----------१

जिल्ला बाँके, गंगापुर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ४२ को राजेन्द्र कुमार मुराउ-------१

जिल्ला सल्यान, स्यानीखाल गा.वि.स., वडा नं. ४ बागमारे घर भई हाल जिल्ला, बाँके खासकुस्मा गा.वि.स., वडा नं. २ बस्ने वर्ष ५० भेदलाल वली-------------------------१

जिल्ला बाँके, कचनापुर गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ३७ को टंकबहादुर खत्री---------१

बागेश्वरी गा.वि.स., वडा नं. ९ बस्ने वर्ष २७ को सुरेशकुमार बनियाँ-------------------१

जिल्ला बाँके, उदरापुर गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३६ को सफीउल्ला नाउँ----------१

तनहुँ जिल्ला, भानु गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३३ की सम्झना थापा---------------१

तनहुँ जिल्ला, वरभञ्ज्याङ्ग गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३६ की पुजा नेपाली-----------१

तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ बस्ने वर्ष ४० की राधा थापा मगर--------------१

तनहुँ जिल्ला, भिरकोट गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ४३ को मनकुमारी श्रेष्ठ----------१

तनहुँ जिल्ला, स्याम्घा गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३२ की कल्पना नागिला-----------१

तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ५३ को विष्णुप्रसाद भट्टराई-------१

तनहुँ जिल्ला, बन्दीपुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३६ की मदु अधिकारी------------१

कास्की जिल्ला, शिशुवा गा.वि.स., वडा नं. ६ घर भई हाल ले.न.पा. वडा नं. १३ बस्ने वर्ष ६४ को मनबहादुर विश्वकर्मा-----------------------------------------------१

गोरखा जिल्ला, धावा गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ५० की राधिका सिंखडा-----------१

कास्की जिल्ला, सर्दिखोला गा.वि.स., वडा नं. १ बस्ने वर्ष ३८ को प्रदिप आचार्य---------१

म्याग्दी जिल्ला, बावियाचौर गा.वि.स., वडा नं. ६ बस्ने वर्ष २८ को सुरेन्द्र खत्री---------१
बाग्लुङ्ग जिल्ला, पालाकोट गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३६ को मिनबहादुर थापा-------१
म्याग्दी जिल्ला, बावियाचौर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ५९ को नरसिंह बहादुर खत्री--१
म्याग्दी जिल्ला, पुलाचौर गा.वि.स., वडा नं. २ बस्ने वर्ष २१ को दुर्गाप्रसाद आचार्य-------१
काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं. १५ बस्ने वर्ष ४३ को देवबहादुर महर्जन-१
कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं. २ बस्ने वर्ष ५२ को कृष्णप्रसाद पराजुली---१
कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं. २ बस्ने वर्ष ६१ को अणनाथ बराल-------१
बाग्लुङ्ग जिल्ला, राङखानी गा.वि.स., वडा नं. ७ बस्ने विमलबहादुर क्षेत्री(के.सी)----------१
बाग्लुङ्ग जिल्ला, धम्जा गा.वि.स., वडा नं. ८ बस्ने वर्ष २७ की सावित्री खड्का-----------१
बाग्लुङ्ग जिल्ला, नरेठाटी गा.वि.स., वडा नं. १ बस्ने वर्ष ४३ की छमकुमारी बस्नेत-------१
बाग्लुङ्ग जिल्ला, बोवाङ गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४२ को हस्तिका पुन------------१
कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४७ की सिता बस्ताकोटी-----१
कास्की जिल्ला, कास्कीकोट गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४९ की माया गिरी----------१
कास्की जिल्ला, कास्कीकोट गा.वि.स., वडा नं. २ बस्ने वर्ष ६५ को सालिकराम पौडेल----१
पर्वत जिल्ला, खौला लाखुरी गा.वि.स., वडा नं. २ बस्ने वर्ष २८ को कल्पना सुवेदी-------१
पर्वत जिल्ला, चित्रे गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ४० की एकमाया शर्मा लामिछाने-----१
बाग्लुङ्ग जिल्ला, वोवाङ गा.वि.स., वडा नं. वडा नं. ८ बस्ने वर्ष ३६ की घनादेवी पुन-----१
बाग्लुङ जिल्ला, बुङगादोभान गा.वि.स., वडा नं. २ बस्ने वर्ष ४८ की देवीसरा सिउठानी--१
बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. ५ काभ्रे बस्ने वर्ष ५५ को बद्रीबहादुर के.सी.------१
बर्दिया जिल्ला, पशुपतिनगर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ५१ की रमकलीया थरूनी----१
बर्दिया जिल्ला, नेउलापुर गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ६६ को पूर्णबहादुर चौधरी-------१
बर्दिया जिल्ला, महमतपुर गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ४५ की लक्ष्मी खड्का---------१
बर्दिया जिल्ला, बनियाभार गा.वि.स., वडा नं. १ बस्ने वर्ष ४३ की देवीसरा खत्रीनी-------१
बर्दिया जिल्ला, बदालपुर गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ३४ की पुष्पा चौधरी-----------१
बर्दियाल जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. १ बस्ने वर्ष ५५ की रामकलीन थरूनी---१

बर्दिया जिल्ला, वगनाह गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४३ की पनिया थारू------------१
बर्दिया जिल्ला, नयाँ गाउँ गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३१ की रविना चौधरी----------१
बर्दिया जिल्ला, बदालपुर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ६० को हेमराज थारू-----------१
बर्दिया जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. १ बस्ने वर्ष ५५ को सुइनारायण थारू------१
बर्दिया जिल्ला, डेउढाकला गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ४८ को रामशरण थारू--------१
बर्दिया जिल्ला, राजापुर गा.वि.स., वडा नं. १ बस्ने वर्ष २८ को बाँधी चौधरी------------१
बर्दिया जिल्ला, मनाउ गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३८ की राजकुमारी थारू-----------१
बर्दिया जिल्ला, नेउलापुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ५८ की रून्ची थरूनी-----------१
बर्दिया जिल्ला, खैरी चन्दनपुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३२ की लोटनकुमारी चौधरी.१
कुकुअ थारूकी नातिनी ललितराम थारूकी छोरी प्रेमबहादुर थारूकी पत्नी वर्ष ३३ की प्रेमकुमारी थारू------------------------------------------------------------१
बर्दिया जिल्ला, सोरहवा गा.वि.स., वडा नं. २ बस्ने वर्ष ५६ की मुङती थारू------------१
बर्दिया जिल्ला, सुर्यपटुवा गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ३६ की लक्ष्मी स्वार-----------१
बर्दिया जिल्ला, खैरिचन्दनपुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष २४ को जितेन्द्रकुमार चौधरी-१
बर्दिया जिल्ला, पशुपतिनगर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ४१ की गौरी थरूनी--------१
बर्दिया जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ४८ की रामदुलारी थरूनी----१
बर्दिया जिल्ला, बगनाहा गा.वि.स., वडा नं. ३ नेउलापुर बस्ने वर्ष ५६ को धनीराम थारू--१
बर्दिया जिल्ला, नेउलापुर गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ७२ की जगतकुमारी बस्नेत----१
बर्दिया जिल्ला, नेउलापुर गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३३ की इन्द्राणी चौधरी---------१
बर्दिया जिल्ला, बनियाभार गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ५४ की सावित्री थापा--------१
बर्दिया जिल्ला, मैनापोखर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ३२ की अनिता थरूनी---------१
बर्दिया जिल्ला, मोतीपुर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष २४ की मन्दरानी थारू----------१
बाँके जिल्ला, टिटिहिरीया गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३३ की रामपियारी थरूनी------१
बर्दिया जिल्ला, ठाकुरद्वारा गा.वि.स., वडा नं. ४ बस्ने जानकी के.सी.------------------१
बर्दिया जिल्ला, राजापुर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३९ को हिरा थारू--------------१

बर्दिया जिल्ला, बेलवा गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ३८ को बेलरानी थरूनी----------१

बर्दिया जिल्ला, मनउ गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ५६ को जुम्ली थारू-------------१

बर्दिया जिल्ला, पाताभार गा.वि.स., वडा नं. ६ बस्ने वर्ष २३ को गौतमराज चौधरी-------१

बर्दिया जिल्ला, पाताभार गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ५९ को जंगली थारू-----------१

बर्दिया जिल्ला, नेउलापुर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४४ की भौना थारू-----------१

बर्दिया जिल्ला, नेउलापुर गा.वि.स., वडा नं. ३ बस्ने वर्ष ५४ की सपती थरूनी----------१

बर्दिया जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. १ बस्ने वर्ष २४ की बन्दना कुमारी मण्डल-१

बर्दिया जिल्ला, बनियाभार गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३८ की सुमतरानी थारू-------१

बर्दिया जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. ५ बस्ने वर्ष २३ को विष्णुप्रसाद थारू------१

बर्दिया जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३५ की फुलकुमारी थारू------१

बर्दिया जिल्ला, मगरागाडी गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ४२ की रामकुमारी थरूनी----१

बर्दिया जिल्ला, बदालपुर गा.वि.स., वडा नं. २ बस्ने वर्ष ५३ की जुगलाल थारू----------१

बर्दिया जिल्ला, पाताभार गा.वि.स., वडा नं. ६ बस्ने वर्ष २२ की विना चौधरी-----------१

बर्दिया जिल्ला, मानपुरटपरा गा.वि.स., वडा नं. ४ बस्ने मनकला कुमारी चौधरी---------१

बर्दिया खैरिचन्दनपुर गा.वि.स., वडा नं. ६ बस्ने वर्ष २५ को मायाराम चौधरी-----------१

बर्दिया जिल्ला, पशुपतिनगर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ३५ की शिवा थारू---------१

बर्दिया जिल्ला, मानपुरटपरा गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ४३ की जनकरानी थरूनी---१

बर्दिया जिल्ला, कालिका गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ४४ की जुनाकुमारी सापकोटा---१

बर्दिया जिल्ला, धधवार गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३४ को भागीराम चौधरी---------१

सिराहा जिल्ला, सितापुर गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ३२ को सोनितादेवी मोहरा------१

मोरङ्ग जिल्ला, राजघाट गा.वि.स., वडा नं. ५ बस्ने वर्ष २६ को डिल्लीराम लुइटेल--------१

झापा जिल्ला, लखनपुर गा.वि.स., वडा नं. १ बस्ने वर्ष २२ की पवित्रा खतिवडा---------१

मोरङ्ग जिल्ला, इन्द्रपुर गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४२ की चन्द्रवती श्रेष्ठ-----------१

मोरङ्ग जिल्ला, राजघाट गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ५९ को तुलसीप्रसाद आपगाई----१

मोरङ्ग जिल्ला, उर्लावारी गा.वि.स., वडा नं. ४ बस्ने वर्ष ६१ को भीमबहादुर राउत क्षेत्री--१

सिराहा जिल्ला, सेरठी आइन गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ३४ की समुन्द्रदेवी यादव---१

सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ६० को मेदनीप्रसाद तिम्सिना-१

सुनसरी जिल्ला, हाँसोपासो गा.वि.स., वडा नं. ६ बस्ने वर्ष ४६ की रिता गिरी-----------१

मोरङ्ग जिल्ला, राजघाट गा.वि.स., वडा नं. ८ बस्ने वर्ष २८ की कमलादेवी लुइटेल-------१

उदयपुर जिल्ला, त्रियुगा नगरपालिका वडा नं. ८ बस्ने वर्ष ३० की कल्पना ढकाल-------१

उदयपुर जिल्ला, रौता गा.वि.स., वडा नं. ३ बस्ने वर्ष २७ की दुर्गा कार्की---------------१

सिराहा जिल्ला, राधापुर गा.वि.स., वडा नं. ७ बस्ने वर्ष ४६ की धर्मशिला देवी----------१

मोरङ्ग जिल्ला, राजघाट गा.वि.स. बस्ने वर्ष ६८ का भीमबहादुर अधिकारी---------------१

सिरहा जिल्ला, मिर्चैया गा.वि.स., वडा नं. ९ बस्ने वर्ष ५३ को सुमित्रादेवी साह----------१

सुनसरी जिल्ला, डुम्राहा गा.वि.स., वडा नं. ५ बस्ने वर्ष ३६ को रूपेश साह-------------१

**विरूद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं-------१

नेपाल सरकार, मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौं-----------------------------------१

नेपाल सरकार, कानून न्याय संविधानसभा तथा संसदिय मामिला मन्त्रालय, सिंहदरबार---१

नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार, काठमाडौं----------------१ **विपक्षी**

व्यवस्थापिका संसद, सिंहदरबार, काठमाडौं----------------------------------------१

व्यवस्थापिका संसदको सचिवालय, सिंहदरबार, काठमाडौं-----------------------------१

सभामुख, व्यवस्थापिका संसद, सिंहदरबार, काठमाडौं--------------------------------१

महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं--------------------------------१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) र धारा १०७(२) बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

**रिट निवेदनको बेहोराः-**

हामी निवेदकहरू विगतको सशस्त्र द्वन्द्व (वि.सं. २०५२ साल फाल्गुण १ देखि २०६३ साल मंसिर ५ सम्मको अवधि) को क्रममा भएका मानवअधिकार तथा मानवीय कानून उल्लंघनका प्रत्यक्ष रूपमा प्रभावित पीडित तथा पीडित परिवारका सदस्यहरू हौ । व्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले बनाएको ***"बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन"*** सम्माननीय राष्ट्रपतिज्यूद्वारा प्रमाणिकरण भई सम्वत् २०७१ सालको ऐन नं. १ मा दरिई मिति २०७१ साल वैशाख २८ गतेको नेपाल राजपत्र, अतिरिक्ताङ्क २ मा प्रकाशित भएको छ । उक्त ऐनको प्रस्तावनामा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित भएका व्यक्तिलाई परिपुरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिश गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरिने उल्लेख छ । तर ऐनमा गरिएको कतिपय व्यवस्था अस्पष्ट एवं सबैखाले पीडितलाई नसमेट्ने खालका भएकोले सशन्त्र द्वन्द्वबाट पीडित तथा पीडित परिवारका सदस्य भएकोले प्रस्तुत ऐनमा प्रत्यक्ष सरोकार र चासो एवं सार्थक सम्बन्ध रहेको र दिगो शान्ति स्थापना गर्ने कुरा आफैंमा गम्भीर सार्वजनिक हित र सरोकारको विषयसमेत रहेको हुँदा प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैया निवेदकहरूमा रहेको छ ।

२०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताले तत्कालिन नेकपा ( माओवादी) ले २०५२ फाल्गुण १ गतेदेखि शुरू गरेको सशस्त्र द्वन्द्वको अन्त्य गर्दै विगत द्वन्द्वकालमा घटेका घटनाहरूलाई सम्बोधन गर्नको लागि सो सम्झौताको धारा ५.२.३ र ५.२.५ समेतका प्रावधानमा दण्डहीनताको अन्त्य, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन र

बेपत्ता पारिएका व्यक्तिको बारेमा छानविन गरी सत्यतथ्य पत्ता लगाउने लगायतका कार्यहरू गरी संक्रमणकालीन न्यायलाई प्रवर्द्धन गर्ने प्रतिवद्धता गरेको थियो । सो प्रतिवद्धतालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(थ) र (ध) मा बन्दोवस्त गरी यसलाई राज्यको दायित्वको विषय बनाइयो ।

उल्लिखित शान्ति सम्झौता तथा अन्तरिम संविधानको व्यवस्था समेतको कार्यान्वयन गर्ने प्रयोजनार्थ तत्कालिन सरकारले "व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०६६" र "सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक २०६६" मस्यौदा गरी संसदमा प्रस्तुत गरेतापनि मिति २०६९ साल जेष्ठ १४ गते संविधान सभा विघटन भएकाले व्यवस्थापिका संसद समेत स्वतः विघटन भयो र उक्त व्यवस्थापिका संसदमा विचाराधीन विधेयकहरू स्वतः निस्कृय हुन पुगे । तत्पश्चात सरकारले २०६९ साल भाद्र ११ गते "बेपत्ता भएका व्यक्ति छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश" मस्यौदा गरि राष्ट्रपतिको कार्यालयमा प्रस्तुत गरेकोमा मिति २०६९ साल चैत्र १ गते राजनीतिक सहमतिमा राष्ट्रपतिले सो अध्यादेशलाई प्रमाणीकरण गर्नु भएको थियो ।

उक्त अध्यादेशका उपर सम्मानीत सर्वोच्च अदालतमा जुरी नेपालको तर्फबाट अधिवक्ता माधव बस्नेत समेत रि.नं. ०६९-WS-००५७ तथा द्वन्द्व पीडितहरूको तर्फबाट निवेदक मध्येकै सुमन अधिकारीसमेतबाट रि.नं. ०६९-WS-००५८ को रिट दायर भई २०७० पौष १८ गते सवोच्च अदालतले अध्यादेशको दफा २३, २५ र २९ लगायतका समस्याग्रस्त प्रावधानहरूलाई असंवैधानिक घोषणा गर्दै उक्त अध्यादेशका कतिपय प्रावधानहरूलाई निष्प्रभावी तुल्याई यस विषयमा विषय विशेषज्ञ टोलीको सहयोग लिई अन्तर्राष्ट्रिय कानूनी मापदण्डहरू बमोजिम अध्यादेशमा परिमार्जन र संशोधन गर्न नेपाल सरकारको नाममा परमादेशको आदेश जारी गरेको थियो । उल्लिखित रिटको फैसला गर्दा निम्नलिखित आदेश जारी भएको थियो ।

*"....व्यक्ति बेपत्ता छानविन आयोगलाई विशुद्ध फौजदारी कार्यको रूपमा लिनुपर्नेमा सो अनुसार नगरेको र मेलमिलापको विषय बनाउन नहुनेमा समेत सो बनाई सत्य निरूपण एवं मेलमिलापको अंग बनाइएको देखिएकोले सो कानूनसंगत नभएकोले व्यक्ति बेपत्ता सम्बन्धी...*

अध्यादेशमा समावेश भएका जति व्यवस्थाहरू संविधान, कानून र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त प्रतिकुल देखिएकोले विपक्षीको नाउँमा उत्प्रेषणको आदेश जारी हुने भई उक्त व्यवस्था अमान्य भई अध्यादेशबाट हटाउनु पर्ने ठहर्छ र यथाअवस्थामा अध्यादेश कार्यान्वयन गर्न गराउन नमिल्ने ठहर्छ।"

"उपरोक्त अनुसार बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानविन गर्न र संविधान, कानून एवं यस अदालतबाट राजेन्द्र ढकालको मुद्दामा भएको निर्णय एवं प्रतिपादित कानूनी सिद्धान्त बमोजिम समेत छुट्टै छानविन आयोग गठन गर्न आवश्यक कानूनी व्यवस्था सहित अविलम्ब अर्को अध्यादेश जारी गर्ने वा जो चाहिने प्रबन्ध गर्नु भनी नेपाल सरकारका नाममा परमादेश जारी हुने ठहर्छ।"

"अध्यादेशका अन्य व्यवस्थाहरू...यथावस्थामा अध्यादेशको व्यवस्थाहरू संविधान र न्यायको सिद्धान्तसंगत नदेखिएकोले निम्नबमोजिम गर्नुपर्ने देखिएको हुँदा सो बमोजिम गरी गराई संशोधन र सुधारको व्यवस्था मिलाई मात्र अध्यादेश जारी गर्न वा जो चाहिने कानूनी व्यवस्था गरी लागु गर्न विपक्षी नेपाल सरकारको नाममा परमादेश जारी गरिदिएको छ।"

(क) "अध्यादेशको दफा २३ को क्षमादान माफी सम्बन्धी व्यवस्थाले अध्यादेशको दफा २(ञ) मा समावेश भएका कसूरहरूमा समेत समग्रमा क्षमादानको सिफारिस नगर्ने प्रत्याभूति दिएको नदेखिएको र माफीको प्रकृयाको विषय बनाएको एवं माफी प्रकृयामा पीडितको सहभागिता र सहमतिलाई अनिवार्य नबनाई गौण बनाएको देखिएकोले पीडितको न्याय सम्बन्धी मौलिक हक अन्तरगत, जीवन, स्वतन्त्रता, सूचनाको हक, यातना विरूद्धको हक लगायत एवं न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले सो व्यवस्थालाई पुनरावलोकन गरी उपरोक्त बमोजिम परिमार्जन र संशोधन गर्नुपर्ने।"

(ख) "दफा २५ र २९ को व्यवस्थाबाट मानवअधिकारको गम्भीर उल्लंघनको आरोपका दोषी देखिएका व्यक्ति उपरको फौजदारी अभियोजन निश्चित, सहज र निर्वाध नबनाई कार्यपालिकाको विवेकाधिन एवं अनिश्चित रूपमा राखिएको भई न्यायमा अवरोध पुग्ने प्रकृतिको देखिएकाले सो व्यवस्थालाई संविधान र कानूनसंगत बनाउनुपर्ने।"

(ग) *"आयोगले सिफारिस गरेको वा मन्त्रालयको पत्रानुसार महान्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने ठहर गरेपछि मुद्दा चलाउँदा मुद्दा चलाउने हदम्याद तोकिएको र हदम्याद ३५ दिन तोकिएको कारणबाट हदम्याद भित्र मुद्दा नचलाएमा न्यायमा पर्ने प्रभाव एवं सो सम्बन्धी उत्तरदायित्व समेत किटान गरेको नदेखिएको साथै त्यस्तो गम्भीर कसूरमा अल्प हदम्याद तोक्दा मानवअधिकार कानूनको उल्लंघनको घटनामा दण्डहीनताको अवस्था सिर्जना हुन सक्ने हुनाले समेत उक्त व्यवस्था संविधानको मौलिक हक एवं न्याय सम्बन्धी व्यवस्था र संविधानले अंगीकार गरेको न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले उपरोक्त बमोजिम संविधान र न्यायसंगत हुने गरी संशोधित र परिमार्जन गर्नुपर्ने ।"*

(घ) *"माथि उल्लिखित व्यवस्थाको अतिरिक्त सत्य निरूपण एवं मेलमिलापको बृहद व्यवस्थापनको लागि गम्भीर मानवअधिकार विरोधी फौजदारी कार्यको अपराधिकरणको लागि कानूनी व्यवस्था गर्न, मेलमिलापको भावना प्रवर्धन गर्न व्यापक अभियान सञ्चालन गर्न, पीडित एवं पीडितको परिवारको लागि यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्था सहित परिपूरणको व्यवस्था गर्न, सत्य निरूपण एवं मेलमिलाप आयोगको स्वायत्तता एवं निश्पक्षताको सुनिश्चितताको लागि द्वन्दकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रूपमा द्वन्दका पक्षरत वा सम्बन्धित भएका व्यक्तिहरू बाहेकका तथा मानव अधिकार उल्लंघनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित हुने गरी अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्ड समेतको आधारमा त्यस्तो आयोगको गठन गर्ने, पीडितहरूले आफ्नो सत्य भन्न सक्ने र प्रभावकारी ढंगले प्रतिरक्षा गर्न सक्ने प्रयोजनको लागि पीडित एवं साक्षी संरक्षण सम्बन्धी कार्यक्रम बनाई लागु गर्न र उनीहरूको व्यक्तिगत परिचयात्मक विवरणको संरक्षण गर्ने, आवश्यकता अनुसार बन्द इजलाशबाट सुनुवाई हुने वा श्रव्यदृष्यको माध्यमबाट दूर सुनुवाई लगायतको उपयुक्त व्यवस्थापन गर्ने गरी कानूनको परिमार्जन गर्ने र कार्यान्वयन चरणमा व्यवहारिक उपायहरू अपनाउने ।"*

(ङ) *"आयोगले माफी लगायतको विषयमा अपनाउनुपर्ने मापदण्डको लागि कानूनमा नै आधारभूत कुराको किटान गर्ने लगायतका व्यवस्था गर्न द्वन्द विशेषज्ञ, पीडित वा पीडितको हित प्रतिनिधित्व गर्ने संस्था, मानवअधिकार कानून विशेषज्ञ एवं सरोकारवाला पक्षहरू सम्मिलित भएको विषय विशेषज्ञ टोलीको सहयोग लिई उक्त अध्यादेश परिमार्जन गर्नु ।"*

संविधानको धारा १०२(४) ले संविधा र प्रचलित कानूनको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ । त्यसरी नै संविधानको धारा ११६ ले मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्दछ भन्ने व्यवस्था गरेको छ । तर, प्रस्तुत विवादमा सबै विपक्षीहरू उक्त संविधानद्वारा निरोपीत दायित्व बहन गर्ने कुरामा विचलित भै अदालतको आदेशको नै अवज्ञा हुने गरी सर्वोच्च अदालतले अमान्य र बदर घोषित गरेका साविकको अध्यादेशमा भएका समस्याग्रस्त असंवैधानिक प्रावधानहरूलाई नै जस्ताका तस्तै राखी विधेयक मस्यौदा प्रस्तुत, पारित तथा प्रमाणिकरण गर्ने काम गरियो ।

यो ऐन कानून निर्माणको स्थापित मान्यता र परम्परा विपरित पारित गरिएकोले दोषयुक्त विधायनको रूपमा अघि आएको छ । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन, २०७१" को दफा १३ को उपदफा (२), (३), (४) दफा १०, ११, १२ दफा २२(१), २४(१), दफा २५(३) र (४), दफा २६(१)(२)(५), दफा २९(१) र दफा ४४ को व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३, अन्तर्राष्ट्रिय मानवअधिकार एवं मानवीय कानून तथा सर्वोच्च अदालतबाट स्थापित गरेका कानूनी सिद्धान्त समेत प्रतिकुल रहेको छ । सर्वोच्च अदालतले २०७०।९।१८ मा गम्भीर अपराधमा क्षमादान अस्विकार्य हुने गरी अध्यादेशमा संशोधन गर्नको लागि जारी गरेको परमादेशको अवज्ञा गर्दै ऐनको दफा २६(२) गरिएको "......" व्यवस्थाले बलात्कार बाहेकका अन्य अपराधहरू जस्तैः हत्या, वेपत्ता, यातना, युद्ध अपराध तथा मानवता विरूद्धको अपराध जस्ता अन्तर्राष्ट्रिय कानून अन्तर्गत अनिवार्य फौजदारी जवाफदेहीता बहन गराउनुपर्ने वर्गका अपराधमा पनि आयोगले क्षमादानका लागि सिफारिस गर्न सक्ने गरी व्यवस्था गरेको छ । साविकको अध्यादेशको दफा २३ र हालको दफा २६ मा कुनै सारभूत

भिन्नता नभई हुवहु उस्तै प्रावधान राखिएकोले यो व्यवस्था अन्तरिम संविधानको धारा १२, १९, २०, २४(९) एवं धारा ३२ द्वारा प्रदत्त संवैधानिक उपचारको हकसँग सम्बन्धित संविधानको प्रावधानहरूसँग बाझिई बदरभागी छ ।

ऐनको दफा २६ अन्तर्गत आयोगलाई गम्भीर अपराधमा क्षमादान दिन सक्ने गरि प्रदान गरिएको क्षेत्राधिकार अन्तर्राष्ट्रिय कानूनी मान्यताहरूको प्रतिकुल छ । नेपाल नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र र यातनाविरूद्धको महासन्धि लगायत सबैजसो महत्वपूर्ण मानवअधिकार दस्तावेजहरूको पक्ष राष्ट्र हो । यसका अतिरिक्त अन्तर्राष्ट्रिय मानवीय कानून ( जेनेभा महासन्धिहरू) को पनि पक्ष राष्ट्र छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत अधिकार वा स्वतन्त्रताको उल्लङघनबाट पीडित व्यक्तिको प्रभावकारी कानूनी उपचार पाउने हक सुनिश्चित छ । यो अधिकार प्रमुख रूपमा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको धारा ८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धिको धारा १४, बालअधिकार सम्बन्धी महासन्धिको धारा ३९, जेनेभा महासन्धि १९४९ को अतिरिक्त सन्धिपत्रको धारा ९१ तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ६८ र ७५ लगायतका व्यवस्थाहरू अन्तर्गत संरक्षित छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६७ को धारा २(३)(क) मा प्रभावकारी उपचारको हक प्रदान गर्नु पर्ने भन्ने व्यवस्था गरेको छ । ऐनको दफा २६ को प्रावधानको आयोगले गम्भीर अपराधमा समेत क्षमादान दिन सक्ने व्यवस्था गरेकाले पीडितले प्रभावकारी उपचार प्राप्त गर्न नसक्ने अवस्था सृजना हुने पक्का पक्की छ । यो अधिकारको थप व्याख्या गर्दै मानव अधिकार समितिले आफ्नो संक्रमणकालका दौरानको न्यूनीकरणको सम्बन्धी जेनेरल कमेन्ट नं. २९ मार्फत् उपचारको अधिकार पुरै महासन्धि अन्तर्गतको एक सन्धिजनित दायित्व भएको र संक्रमणकालकै बेलामा पनि प्रभावकारी उपचार प्रदान गर्नुपर्ने महासन्धिको परिच्छेद ३, धारा २ अन्तर्गतको आधारभूत दायित्वको पक्ष राष्ट्रले परिपालना गर्नैपर्ने भन्ने कुरामा जोड दिएको छ । (संक्रमणकालका दौरानको न्यूनीकरण सम्बन्धी जेनेरल कमेन्ट नं. २९, ३१ अगष्ट २००१,

CCPR/C/21/Rev.1/Add.11, अनुच्छेद १४) । यस्तै संयुक्त राष्ट्रसंघिय मानव अधिकार आयोगले २५ अप्रिल २००२ र २५ अप्रिल २००३, २१ अप्रिल २००४, २१ अप्रिल २००७ मा एक सर्वसम्मतिको प्रस्ताव पारित गर्दै अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनका घटनाहरू क्षमादान दिन नमिल्ने विशेष प्रस्ताव पारित गरेको छ।

यसका अतिरिक्त संयुक्त राष्ट्र संघीय मानवअधिकार समितिले गत मार्च महिनाको १७ देखि १९ तारेख सम्म (यसको ११० औं बैठकमा) नेपाल सरकारद्वारा प्रस्तुत दोस्रो, तेस्रो र चौथो आवधिक प्रतिवेदन (पिरियोडिक रिपार्ट) को समिक्षा गर्दै नेपालले संक्रमणकालीनन्याय संरचना निर्माण गर्ने कानून तर्जुमा गर्दा गम्भीर अपराधमा क्षमादान दिन नमिल्ने र सर्वोच्च अदालतको पौष १८, २०७० को फैसला अनुकुल हुने गरि बन्दोवस्त गर्न सिफारिस गरेको थियो । उक्त सिफारिसका मुख्य अंश निम्नानुसार रहेका छन् ।

"(C) Create, as a matter of priority and without further dalay, a transitional justice mechanism in accordance with the Supreme Court writ of mandamus of 2 january 2014 and ensure its effective and independent functionaing in accordance with international law and standards, including by prohibiting amnesties for gross violations of international human rights law and serious violations of international humanitarian law;" (concluding observation on Nepal's 2nd, thoird and fourth periodic report by UNHRC)

गम्भीर अपराधका पीडकहरूलाई यो वा त्यो वहानामा फौजदारी जवाफदेहीताबाट उन्मुक्ति दिने कार्यले पीडितको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको पनि हनन गर्दछ। सशस्त्र द्वन्द्वको बेला भएका उल्लंघनका कारण पीडत भएकै कारण समान कानूनी तथा न्यायिक संरक्षणबाट बञ्चित गर्न मिल्दैन । द्वन्द्वकालिन अपराधका हामी पीडितलाई अन्य अवस्थाका अपराधहरूका पीडित भन्दा कम सुविधा तथा अधिकार प्रदान गर्दा संविधानको धारा १३ द्वारा प्रत्याभूत समानताको हक प्रतिकुल हुन जान्छ। अन्य नागरिक सरह हाम्रो लागि पनि संविधानले प्रत्याभूत गरेका मौलिक हकलाई अनुचित बन्देज लगाउने गरी गरिएको उक्त ऐनको दफा २२,

२५ र २६ संविधानका उक्त व्यवस्थासँग बाझिएकोले ऐनको उक्त दफाहरू संविधानको धारा १०७(१) बमोजिम बदरयोग्य छन् ।

ऐनको दफा २६(१) ले *"दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम छानविन गर्दा उपदफा (४), (५) र (६) मा उल्लिखित मापदण्ड एवं शर्तका आधारमा कुनै पीडकलाई क्षमादान गर्न उपयुक्त देखिएमा आयोगले त्यसको पर्याप्त आधार खुलाई नेपाल सरकारसमक्ष सिफारिश गर्न सक्नेछ"* भन्ने व्यवस्था गरेको छ । उपदफा ५ मा *"उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नुपर्नेछ"* भन्ने व्यवस्था गरेको छ । यसबाट क्षमादानको लागि पीडितको सहमतिलाई अनिवार्य नबनाई आयोगको स्वविवेका छाडिएको छ । यसअघि तत्कालिन अध्यादेशको यस्तै व्यवस्था विरूद्ध परेको रिट निवेदनमा यसै सम्मानित अदालतबाट क्षमादान हुन सक्ने अपराधमा पनि *"पीडितको सहभागिता र सहमतिलाई अनिवार्य"* बनाउनुपर्ने गरी नजिर स्थापित गरेको थियो । ऐनको उक्त व्यवस्था उक्त नजिर प्रतिकूल छ ।

त्यसरी नै ऐनको दफा २२ को व्यवस्थाले पिडक र पीडितलाई एक आपसमा मेलमिलाप गराउन सक्ने अधिकार आयोगलाई प्रदान गरेको छ । ऐनको दफा २२(१) मा *"पीडक वा पीडितले मेलमिलापको लागि आयोगसमक्ष निवेदन दिएमा आयोगले पीडक र पीडित बीच एक आपसमा मेलमिलाप गराउन सक्नेछ"* भनी गरेको व्यवस्थाले हामी पीडितलाई मेलमिलापको लागि अनुचित दवाव सृजना गर्ने र हाम्रो सहमति विना पनि आयोगले मेलमिलाप भएको घोषणा गर्न सक्ने अवस्था सृजना गर्दछ । सुसुचित सम्मती (Informed consent) र स्वतन्त्र सहमतिमा मात्रै मेलमिलाप हुनसक्ने स्थापित विधिशास्त्र तथा मान्यतालाई यसले लत्याएको छ । ऐनको दफा २२ मा गरिएको उक्त मेलमिलाप सम्बन्धी व्यवस्थालाई ऐनको दफा २५ मा गरिएको कारवाहीको सिफारिस गर्ने सम्बन्धी प्रावधानसँग जोडेर हेर्नुपर्ने हुन्छ । दफा २५ को २(क) ले दफा २२ बमोजिम मेलमिलाप भएको अवस्थामा कारवाहीको लागि सिफारिस गर्न नसक्ने गरि आयोगको क्षेत्राधिकारलाई सीमित गरेको छ । यसरी दफा २२ मा पीडितको सहमति विना

पनि मेलमिलाप हुन सक्ने र दफा २५ मा मेलमिलाप गराईएका विषयमा कारवाहीको लागि सिफारिस गर्न नमिल्ने व्यवस्था गरि मेलमिलापको नाउँमा पिडकहरूलाई फौजदारी दायित्वबाट अवान्छित तरिकाले उन्मुक्ति दिने उद्देश्य देखिन्छ । UN Basic Principles on Right to Remedy and Reparation को सिद्धान्त नं. १० ले पीडितहरू प्रति गरिने व्यवहारको बारेमा स्पष्ट उल्लेख गरेको छ । जस अन्तर्गत "पीडितहरूलाई मानवीयताका साथ व्यवहार गरिनुपर्दछ र उनीहरूको प्रतिष्ठा एवम् मावन अधिकारको सम्मान गर्नुपर्दछ र उनीहरूको सुरक्षा, शारीरिक तथा मानसिक तन्दुरूस्ती एवम् गोपनीयताको साथै उनीहरूको परिवारको लागि पनि यी कुराहरूको सुनिश्चितता गर्ने उपायहरू अवलम्बन गरिनुपर्दछ । राज्यले राष्ट्रिय कानूनमा सम्भावना रहने हदसम्म कुनै पनि हिंसा वा आघातबाट साताइएको पीडितलाई न्याय र परिपुरण उपलब्ध गराउने क्रममा संरचित कानूनी तथा प्रशासनिक कार्यविधिहरूका सिलसिलामा उसलाई पुनः आघात हुने अवस्थाबाट टाढा राख्न विशेष हेरविचार र ख्याल गरी त्यसबाट लाभान्वित हुन पाउने सुनिश्चितता दिलाउनु पर्दछ" भन्ने व्यवस्था गरेको छ । अतः अध्यादेशको दफा २२ को उक्त व्यवस्था बदर गरि पीडितको सहमति लिनुपर्ने व्यवस्था गरिनु आवश्यक छ ।

ऐनका केहि व्यवस्थाले अन्तरिम संविधानको धारा १०० अन्तर्गतका न्याय सम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायहरूद्वारा मात्र प्रयोग हुने भन्ने न्यायिक स्वतन्त्रताको सीमाहरूलाई पनि संकुचित र नियन्त्रित् गरेको छ । ऐनको दफा १३(२) ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा १३(३) मा कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा घटेको हो होइन भन्ने विवाद भएमा त्यसको निर्णय गर्न आयोग सशक्तिकृत गरिएको छ । यी व्यवस्थाहरू यथावत कार्यान्वयन हुने हो भने प्रचलित कानून बमोजिम छानविन तथा अनुसन्धान भएर नियमित अदालतमा न्याय निरूपणको प्रकृयामा रहेका मुद्दाहरू अदालतको अनुमति बेगर नै आयोगको क्षेत्राधिकार भित्र आउने अस्वभाविक तथा

असंगगितपूर्ण स्थिति सृजना हुन जान्छ । न्यायिक नियकालाई गैरन्यायिक निकायले प्रतिस्थापन गर्न पुग्दछ । अतः ऐनको उक्त व्यवस्था संविधानको धारा १०० सँग स्पष्ट ढंगले बाझिएको छ ।

ऐनको दफा १३(४) ले कुनै घटना द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने कुराको निरूपण गर्ने अधिकार आयोगलाई मात्र प्रदान गरेको छ । यस्तो विषय संविधान र कानूनको व्याख्याको आधारमा मात्रै निर्क्यौल हुने विषय भएकोले ऐनको दफा १३(४) ले त्यस्तो विवादित विषयको छिनोफोनो गर्ने अधिकार आयोगलाई मात्र दिएर न्यायपालिकाको क्षेत्राधिकारलाई कटौती गर्न पुगेको छ । अभियोजन भै नसकेको कुनै घटना द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने प्रश्नसम्म आयोगले हेर्न सक्ने भए पनि अदालतमा विचाराधीन विषयमा समेत आयोगले नै निर्णय गर्ने हो भने त्यसले गम्भीर कानूनको व्याख्याको प्रश्न खडा गर्न सक्दछ । त्यसरी नै प्रचलित कानूनले अनुसन्धान गर्ने वा अभियोजन गर्नुपर्ने कानूनी दायित्व तोकेका निकायमा विचाराधीन रहेका विभिन्न उजुरीहरूको सम्बन्धमा आयोगले छानविन गर्ने भन्ने ऐनको दफा १३(३) को व्यवस्थाले ति निकायको स्वायत्तता तथा मर्यादालाई कुण्ठित पार्ने निश्चित छ । कतिपय अवस्थामा प्रमाणको संरक्षण र जिम्मेवारीको विषयलाई पनि यसले प्रभावित पार्ने संवेदनशील अवस्था सृजना नहोला भन्न सकिँदैन । तसर्थ पनि उक्त दफा १३(३) को व्यवस्था पनि संविधान सम्मत छैन । यो व्यवस्थाले अन्तरिम संविधानद्वारा प्रत्याभूत न्यायिक स्वतन्त्रताका सीमाहरूलाई मिचेको छ ।

ऐनको दफा २९(१) अनुसार *"मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनु पर्नेछ"* भन्ने व्यवस्था रहेको छ । जसअनुसार आयोगको सिफारिसको आधारमा मन्त्रालयले महान्यायाधिवक्तासमक्ष लेखि पठाएमा मात्र महान्यायाधिवक्ता वा सरकारी वकिलले त्यस्तो पीडक उपर मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने व्यवस्थाले आयोगले कारवाहीको लागि सिफारिस गरेका मुद्दाहरूमा समेत राजनैतिक सहमतिमा कारवाहीको प्रकृया मन्त्रालयमा नै अड्किन सक्ने देखिन्छ । ऐनको उक्त दफा २९(१) बमोजिम आयोगले मुद्दा चलाउन पठाउने सिफारिश माथि

मन्त्रालयले थप चलखेल गर्न पाउने स्थिति र सोहि दफा बमोजिम महान्यायाधिवक्ताले मन्त्रालयबाट लेखि आएको अवस्थामा मात्र मुद्दा चल्ने वा नचलाउने सम्बन्धी निर्णय गर्ने प्रावधानले महान्यायाधिवक्ताको संविधानको धारा १३५ द्वारा प्रत्याभूत अधिकारलाई समेत संकुचित पार्ने स्पष्ट छ । अतः ऐनको दफा २९ को उक्त व्यवस्था संविधानको धारा १३५ विपरित भै बदरभागी छ ।

ऐनको दफा २४ मा कब्जा वा जफत गरेको सम्पत्ति फिर्ता गर्ने प्रावधान राखिएको छ । जसमा *"यस ऐन बमोजिम गरिएको छानविनबाट कसैले कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा आयोगले त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकार समक्ष सिफारिश गर्नेछ"* भन्ने व्यवस्था गरी द्वन्द्वका क्रममा कब्जा वा जफत गरिएको सम्पत्ति फिर्ता गर्न व्यक्तिलाई मात्र जवाफदेही बनाइएको देखिन्छ । पीडितको पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न अधिकारको सुनिश्चितताको लागि सम्पत्ति कब्जा वा जफत गर्ने द्वन्द्वरत पक्ष, व्यक्ति, संघसंस्था वा संगठन समेतलाई जवाफदेही बनाउने गरी उक्त व्यवस्थामा आवश्यक संशोधन वा न्यायिक व्याख्याको जरूरी छ । अन्यथा द्वन्द्वको क्रममा संलग्न समुह वा संस्थाहरूले गरेका ज्यादतीको सम्बोधन हुन सक्ने छैन ।

सर्वोच्च अदालतले यस अघि अध्यादेश सम्बन्धी मुद्दामा जवरजस्ती वेपत्ता पार्ने तथा यातना लगायतका गम्भीर अपराधलाई अपराधिकरण गर्ने कानून निर्माण गर्न समेत आदेश दिएको थियो । सर्वोच्च अदालतले त्यस्तो आदेश गर्दा जेनेभा महासन्धि कार्यान्वयनको लागि युद्ध अपराधलाई अपराधिकरण गर्ने कानून बनाउन, यातनालाई अपराधिकरण गर्ने गरि यातना विरूद्धको महासन्धि बमोजिम कानून निर्माण गर्न, तथा व्यक्ति बेपत्ताको कार्यलाई अपराधिकरण गरी पश्चातदर्शी रूपमा अभियोजन हुन सक्ने गरी कानून बनाउन क्रमश राजाराम ढकालसमेत विरूद्ध प्रधानमन्त्रीको कार्यालय समेत, राजेन्द्र घिमिरे विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत तथा राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरूद्ध नेपाल सरकार, गृहमन्त्रालय सिंहदरबारसमेतका मुद्दामा वर्षौ अगाडि जारी गरेका आदेशहरूको कार्यान्वयन हुन नसकेकोले यस अघि सर्वोच्च अदालतबाट संक्रमणकालीन न्याय संरचना निर्माण र सोसँग

सम्बन्धित अन्य आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि समय तालिका नै निर्माण गर्ने लगायतका उपयुक्त र आवश्यक आदेश समेत जारी गरिनुपर्ने अवस्था रहेको छ।

त्यसैगरी दफा १० मा भएको *"नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ"* भन्ने व्यवस्था दफा ११ को *"आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ। त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्न सक्नेछ"* भन्ने व्यवस्थाले आयोगको स्वतन्त्रतामा अंकुश लगाउने देखिन्छ। त्यसैगरी ऐनको दफा १२ मा *"आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य श्रोतको व्यवस्था मन्त्रालयले गर्नेछ"* भन्ने व्यवस्थाले आयोगको सम्पूर्ण आर्थिक गतिविधिमा मन्त्रालयको नियन्त्रण रही आयोगको स्वतन्त्रतामा प्रत्यक्ष अंकुश लगाउने अवस्था रहन्छ। त्यसैगरी दफा ४४ मा भएको *"यस ऐनको कार्यान्वयनको लागि आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्नेछ"* भन्ने व्यवस्थाले आयोग स्वतन्त्र हुन नसक्ने देखिन्छ। तसर्थ, आयोगको प्रमुख प्रशासकिय अधिकारीको रूपमा सचिव तथा आयोगलाई आवश्यक पर्ने कर्मचारीको नियुक्ति समेत सरकारले गर्ने, आयोगलाई आवश्यक रकम, भवन, साधन तथा अन्य श्रोतको व्यवस्था मन्त्रालयले गर्ने तथा आयोगको लागि आवश्यक नियम समेत नेपाल सरकारले नै बनाउने व्यवस्थाले "स्वतन्त्र, निष्पक्ष, सक्षम र जवाफदेही उच्चस्तरीय" आयोग बनाउने उद्देश्य नै परास्त भई आयोग पूर्णतः सरकारको नियन्त्रणमा रहन जान्छ। जसले गर्द आयोग स्वतन्त्र रूपमा काम गर्न असमर्थ हुन्छ।

विपक्षीहरूद्वारा जारी गरिएको उक्त ऐनका माथि प्रकरण प्रकरणहरूमा लेखिएका र विवेचना गरिएका दफाहरू विशेष गरि दफा १३, २२, २४, २५, २६ र दफा २९ का प्रावधानहरूका कारण हामी लगायतका विगत सशस्त्र द्वन्द्वबाट पीडित हुन पुगेका लाखौंका संख्याका पीडितहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, वैयक्तिक स्वतन्त्रता अपहरण विरूद्धको हक, धारा १३ द्वारा प्रत्याभूत समानताको हक, धारा १८ को रोजगारीको हक, धारा १९ को सम्पत्ति सम्बन्धी हक, धारा २० को महिलाको हक, धारा २४ मा न्याय सम्बन्धी हक, धारा २४(९) मा कुनै पनि व्यक्तिलाई

सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक, धारा २५ मा निवारक नजरबन्द विरूद्धको हक, धारा २६ मा यातना विरूद्धको हक लगायतका मौलिक हकहरूको उल्लंघन भएको छ ।

अतः माथि विभिन्न प्रकरणहरूमा उल्लेखित तथ्य, कानून, प्रमाण एवम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको अतिरिक्त नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १३(१), २४(९), ३२, ३३, १००, ११६, १३५ का आधारमा धारा १०७(१) र (२) अन्तर्गत निम्नलिखित आदेशहरू जारी गरी हामी पीडितको सत्य, न्याय र परिपुरणको अहरणिय अधिकारको व्यवहारिक प्रत्याभूति गराई पाउँ ।

क) ऐनको दफा २६ को उपदफा २ मा भएको *"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन"* भनी विवादित ऐनको दफा २६(२) मा राखिएको प्रावधानमा प्रयुक्त ***"आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका"*** भन्ने वाक्याँशलाई अमान्य तथा बदर घोषित गरी पाउँ । साथै संवैधानिक व्याख्याको माध्यमद्वारा यातना, बलपुर्वक बेपत्ता पार्ने कार्य, गैरन्यायिक हत्या, मानवता विरूद्धको अपराध, युद्ध अपराध तथा जातिहत्या लगायतका अक्षम्य अपराधहरूमा पनि क्षमादानको सिफारिश हुन नसक्ने कुरा सुनिश्चित गरी पाउँ तथा त्यस्ता अपराधहरू अक्षम्य हुने गरी ऐनमा स्पष्ट कानूनी व्यवस्था गर्न संसदमा संशोधन विधेयक प्रस्तुत गर्न विपक्षीको नाउँमा परमादेश जारी गरी पाऊँ ।

ख) विवादित ऐनको दफा १३(२) मा ***"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ"*** भन्ने र दफा १३(४) मा ***"कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ"*** भनी गरिएका व्यवस्थाहरूले

न्यायिक स्वतन्त्रतालाई कुण्ठित गर्ने तथा स्वतन्त्र र सक्षम न्यायिक निकायबाट प्रभावकारी न्यायिक उपचार प्राप्त गर्ने हकलाई कुण्ठित गरेकाले अमान्य र बदर घोषित गरी पाउँ । साथै न्यायिक स्वतन्त्रता तथा पीडितको प्रभावकारी कानूनी उपचारको हकको परिधि भित्र रहेर आयोग र न्यायपालिका बीचको सम्बन्धलाई पुनः परिभाषित तथा व्यवस्थित गर्न ऐन संशोधन गर्न विपक्षीको नाउँमा आदेश जारी गरी पाऊँ ।

ग) पीडितको सुसुचित सहमति विना मेलमिलाप हुन नसक्ने कुराको कानूनी प्रत्याभूति दिन तथा क्षमादानको लागि सिफारीस गर्न पीडितको सहमतिलाई अनिवार्य शर्तको रूपमा कानूनी मान्यता दिन, अभियोजनको लागि आयोगले सिधैं महान्यायाधिवक्तालाई सिफारिस गर्ने व्यवस्था गर्न, अभियुक्तले विभागीय कारवाहिका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति नपाउने व्यवस्था गर्न तथा कब्जा सम्पत्ति सम्बन्धित हकदारलाई फिर्ता गर्न संगठन समेतलाई जवाफदेही बनाउन विवादित ऐनका दफा २२(१), दफा २६(५), दफा २५(४), दफा २९(१), दफा २५(३) तथा दफा २४ का व्यवस्थाहरू यस सम्मानित अदालतका पूर्व आदेशहरू अनुसार स्थापित विधिशास्त्र समेतको आधारमा आवश्यक संशोधन गर्न विपक्षीहरूको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाऊँ ।

घ) नियन्त्रणमा लिई गरिएको हत्या, जबरजस्ती, बेपत्ता, यातना, आमनरसंहार, युद्ध अपराध, मानवता विरूद्धको अपराध, जबरजस्ती विस्थापन लगायतका मानव अधिकार उल्लंघनलाई अन्तराष्ट्रिय कानून तथा मापदण्ड अनुरूप अपराधिकरण गरी पीडकलाई सजायको व्यवस्था नगरिएसम्म संक्रमणकालीन न्यायको प्रत्याभूति हुन नसक्ने भएकाले यस सम्मानित अदालतबाट यस सन्दर्भमा यस अघि जारी गरिएका आदेशहरूलाई समेत कार्यान्वयन गर्न शीघ्र आवश्यक कानून निर्माण गर्नु भन्ने परमादेशको आदेश जारी गरिपाऊँ ।

ङ) नेपालको अन्तरिम संविधानको धारा १३५(३)(ख) अन्तर्गतको संवैधानिक दायित्व बमोजिम संक्रमणकालीन न्याय सुनिश्चित गर्ने सन्दर्भमा सर्वोच्च अदालतद्वारा जारी आदेश तथा प्रतिपादित कानूनी सिद्धान्तहरूको यथोचित परिपालना गर्न गराउन आवश्यक कार्ययोजना सहित प्रभावकारी अनुगमन गर्नु गराउनु र परिपालना भए नभएको सन्दर्भमा आवधिक

रूपमा सर्वोच्च अदालतलाई प्रतिवेदन दिनु भनी विपक्षी महान्यायाधिवक्ताको नाउँमा परमादेश जारी गरी पाऊँ ।

संक्रमणकालीनन्यायको दिगो र न्यायपूर्ण व्यवस्थापन सुनिश्चित गर्ने प्रयोजन परास्त नहोस भन्ने कुराको सुनिश्चितताको लागि मुद्दाको अन्तिम फैसला नहुँदासम्म दफा २२ को मेलमिलाप सम्बन्धी व्यवस्था, दफा २५(२) को मेलमिलाप भएका विषयमा कारवाहीको लागि सिफारिस गर्न नमिल्ने भन्ने व्यवस्था तथा दफा २६ अन्तर्गतको क्षमादानको लागि सिफारिस गर्ने सम्बन्धी व्यवस्थाहरूलाई मुद्दाको अन्तिम किनारा नहुँदासम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

**यस अदालतबाट भएको आदेशको बेहोराः-**

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाउनु साथै अन्तरिम आदेशको हकमा दुवै पक्षलाई छलफल गराई निष्कर्षमा पुग्न उचित देखिँदा छलफलको प्रयोजनार्थ मिति २०७१।२।२९ को छलफल पेशी तोकी नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०७१।२।२२ को आदेश ।

यसमा प्रस्तुत रिट निवेदनमा प्रत्यर्थीहरूका नाममा लिखित जवाफ पेश गर्न जारी भएको म्यादमा थाम्ने थमाउने अवधि भुक्तान भएपछि मिति २०७१।३।२६ गते पूर्ण सुनुवाईको निमित्त पेश गर्नु । प्रस्तुत रिट निवेदनको विषय संक्रमणकालीनन्यायसँग सम्बन्धित भई चाँडो किनारा हुन आवश्यक देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार प्रदान गरी दिएको छ । नियमानुसार गर्नू भन्ने यस अदालतको मिति २०७१।२।२९ को आदेश ।

**व्यवस्थापिका-संसद सचिवालयका हकमा ऐ.का सहसचिव डा. रवि शर्मा अर्यालबाट पेश भएको लिखित जवाफ बेहोराः-**

यी रिट निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेका विषयवस्तुहरूलाई हेर्दा यस सचिवालयलाई विपक्षी बनाउनु पर्ने कुनै आधार र कारण खुलाउन सक्नु भएको छैन । बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन निर्माण प्रक्रियामा यस सचिवालयको कुनै भूमिका रहँदैन । कानूनले निर्धारण गरेको प्रकृया अर्थात संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०७० ले तोकिएको कार्यविधि अनुरूपको काम मात्र यस सचिवालयले गरेको हो र सरकारको तर्फबाट निर्माण हुने कानूनमा रहेका कानूनी व्यवस्था के कस्ता परिस्थितिका कारण र कुन प्रयोजनका लागि राखिएका हुन सचिवालयलाई जानकारी हुने कुरा पनि होइन सचिवालयले यो वा त्यो कानूनी व्यवस्था राखिनु पर्ने वा राखिनु नपर्ने भनी भन्न सक्ने अवस्था पनि रहँदैन । सचिवालयले कुनै विधेयक तर्जुमा गर्ने पनि होइन र सचिवालयलाई विपक्षी बनाउनुपर्ने कारण नभएको हुँदा यस सचिवालयको हकमा कुनै आदेश जारी हुनुपर्ने होइन । सचिवालयको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको व्यवस्थापिका-संसद सचिवालयका तर्फबाट ऐका सहसचिव डा. रवि शर्मा अर्यालको लिखित जवाफ ।

**<u>व्यवस्थापिका-संसदको तर्फबाट ऐ. का सचिव डा. रवि शर्मा अर्यालबाट पेश भएको लिखित जवाफ बेहोराः</u>-**

व्यवस्थापिका संसदले प्रचलित कानूनी प्रकृया अवलम्बन गरी पारित गरेको अमुक कानूनका अमुक प्रावधानहरू संविधानसँग बाझिएकोले बदर गरी पाउँ वा संशोधनको लागि निर्देशनात्मक आदेश जारी गरी पाउँ भन्ने जस्ता दावी लिई व्यवस्थापिका संसदलाई प्रत्यर्थी बनाउनुपर्ने कुनै आवश्यकता छैन । व्यवस्थापिका संसदलाई अनावश्यक रूपमा प्रत्यर्थी बनाएको प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागि छ ।

प्रकरण ३ मा उल्लिखित जिकिरलाई प्रतिकूल असर नपर्ने गरी निवेदकको निवेदन दावीतर्फ दृष्टि दिने हो भने पनि राज्यका प्रमुख तीन अंगहरू मध्ये विधायिकाको कार्य राज्यको

आवश्यकता अनुसारको कानून निर्माण गर्नु नै हो । प्रस्तुत वेपत्ता पारिएका व्यक्तिहरूको छानवीन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को सन्दर्भमा पनि व्यवस्थापिका संसदले प्रचलित कानूनी प्रकृया अवलम्बन गरी सोहि भूमिका निर्वाह गरेको हो । सशस्त्र द्वन्द्वपश्चात् शान्ति सम्झौता हुँदै विभिन्न समयमा भएका अन्य सम्झौताहरू समेतलाई सम्बोधन गरी देशमा दिगो शान्ति स्थापनार्थ राजनीतिक सहमतिका आधारमा परिस्थितिको सार्न्दभिकता समेतलाई ध्यानमा राखी उल्लेखित विधेयक व्यवस्थापिका संसदबाट पारित गरिएको हो । कुनै एक राष्ट्रमा अपनाईएको विधि प्रक्रिया र सिद्धान्त अर्को राष्ट्रमा पनि जस्ताको त्यस्तै लागु हुनुपर्छ भन्ने जिकिर समय सापेक्ष र सार्न्दभिक छैन । हाम्रो मुलुकको परिप्रेक्षमा दिगो शान्ति ल्याउन र लामो समयसम्मको द्वन्द्वले उब्जाएका घाउहरू सहज तरिकाबाट मेटाई सामाजिक सद्‌भाव सामाजिक एवं राष्ट्रिय हित समेतलाई सकारात्मक दिशातिर लाने मनसायका साथ प्रस्तुत विधेयक सदनमा छलफल गरी पारित गरिएको हुँदा अन्तर्राष्ट्रिय मान्यता र अदालतको फैसला विरूद्ध ऐन जारी भएको भन्ने कुरा तथ्य संगत नरहेको र यथार्थ विषय वस्तुमा आधारित नभएको तथा संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०७० ले निर्दिष्ट गरेका सबै प्रकृया पुरा गरी व्यवस्थापिका संसदबाट पारित उल्लिखित विधेयक जनभावना अनुकुलकै भएको हुँदा रिट निवेदकको माग बमोजिम कुनै पनि आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको व्यवस्थापिका संसदको तर्फबाट ऐ. का सचिव डा. रवि शर्मा अर्यालको लिखित जवाफ ।

**व्यवस्थापिका संसद सभामुख सुवासचन्द्र नेम्बाङ्गको तर्फबाट पेश भएको लिखित जवाफ बेहोराः-**

यी रिट निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेका विषयवस्तुहरूलाई हेर्दा व्यवस्थापिका संसदको सभामुखलाई विपक्षी बनाउनु पर्ने कुनै आधार र कारण खुलाउन सक्नु भएको छैन । राज्यले आवश्यक महशुष गरे अनुसारको कानूनी व्यवस्थाका लागि सरकारद्वारा प्रस्तुत हुने विधेयक पारित गर्ने प्रकृया संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०७० ले स्पष्ट गरेकै छ । सोहि नियमावलीमा निर्दिष्ट अर्थात संविधानसभा (व्यवस्थापिका

संसदको कार्यसञ्चालन) नियमावली, २०७० ले तोकिएको कार्यविधि अनुरूपको काममात्र सभामुखले गर्ने हो र सरकारको तर्फबाट निर्माण हुने कानूनमा रहेका कानूनी व्यवस्था के कस्ता परिस्थितिका कारण र कुन प्रयोजनका लागि राखिएका हुन भन्ने कुरा सम्बन्धित कानूनमै स्पष्ट हुने हुँदा सभामुखले यो वा त्यो कानूनी व्यवस्था राखिनु पर्ने वा राखिनु नपर्ने भनी भन्न सक्ने अवस्था पनि रहँदैन । सभामुखको प्रत्यक्ष रूपमा कानून तर्जुमा गर्ने कार्यमा संलग्न हुनुपर्ने पनि होइन । सभामुखको प्रमुख जिम्मेवारी संसदको बैठक संचालन र नियमित गर्ने नै हो । संविधानसभा (व्यवस्थापिका संसदको कार्यसञ्चालन) नियमावली, २०७० बमोजिम व्यवस्थापिका संसदबाट सर्वसम्मत वा बहुमतको निर्णयद्वारा पारित भएको विधेयक मैले संविधानसभा ( व्यवथापिका संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम ८३ बमोजिम प्रमाणित गरी प्रमाणिकरणको लगि राष्ट्रपति समक्ष पेश गर्नु पर्ने कर्तव्यबाट विमुख हुन मिल्दैन । यसरी कानून बमोजिम गर्न नहुने कार्य नगरेको अवस्थालाई आधार बनाई विना आधार र कारण विपक्षी बनाउनु न्याय संगत हुँदैन । अतः कानूनी आधार र कारण विना विपक्षी बनाएको प्रस्तुत रिट निवेदन मेरो हकमा खारेज भागी छ । खारेज गरी पाउँ भन्ने समेत व्यहोराको व्यवस्थापिका संसद सभामुख सुवासचन्द्र नेम्बाङ्गको लिखित जवाफ ।

**<u>कानून, न्याय, संविधान तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट ऐका सचिव भेषराज शर्माबाट पेश भएको लिखित जवाफ बेहोराः-</u>**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को राज्यको दायित्व अन्तर्गत खण्ड (थ) मा रहेको व्यवस्था र संविधानको अनुसूची-४ मा रहेको विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.५ मा रहेको वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने सम्बन्धमा आवश्यक व्यवस्थाको लागि "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१" जारी भएको हो । रिट निवेदनमा दावी गरिए जस्तो एकतर्फी रूपमा अपराधीलाई छुट दिने उद्देश्यबाट प्रस्तुत ऐन जारी भएको नभई द्वन्द्वकालिन समयमा भएका मानव अधिकार उल्लंघनका गम्भीर घटना र मानवता विरूद्धका अपराधका सम्बन्धमा सत्य तथ्य छानविन गर्ने, समाजमा मेलमिलाप कायम गरी पारस्परिक

सदभाव र दिगो शान्ति कायम गर्ने तथा गम्भीर अपराधमा संलग्नलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने एवं वेपत्ता पारिएको व्यक्तिको छानविन गर्ने समेतको उद्देश्यबाट प्रस्तुत ऐन जारी भएको हो भन्ने तथ्य उक्त ऐनको प्रस्तावनाबाट प्रष्ट हुन्छ । प्रस्तुत उद्देश्यका लागि सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश अनुसार वेपत्ता पारिएको व्यक्तिको छानविनका लागि र सत्य निरूपण तथा मेलमिलापको लागि अधिकार सम्पन्न अलग अलग निष्पक्ष र स्वतन्त्र आयोगको गठन गरिने व्यवस्था प्रस्तुत ऐनमा गरिएको छ । उल्लिखित आयोगको गठन निष्पक्ष र स्वतन्त्र रूपमा गर्नको लागि पूर्व प्रधानन्यायाधीशको अध्यक्षतामा सिफारिस समिति गठन गर्ने व्यवस्था ऐनको दफा ३ मा गरिएको छ भने उक्त आयोगहरूले निष्पक्ष र स्वतन्त्र रूपमा आफ्नो जिम्मेवारी पूरा गर्न सक्ने विषयलाई सुनिश्चित गरेको छ । संवैधानिक दायित्व पूरा गर्ने सम्बन्धमा व्यवस्थापिका संसदबाट जारी भएको प्रस्तुत ऐनको विभिन्न प्रावधानहरू संविधान सम्मत नभएको भनी रिट निवेदन दायर गरिएको भए तापनि ऐनको कुन प्रावधान संविधानको कुन धारासँग बाझिएको वा के कति कारणले संविधानसम्मत नभएको भनी स्पष्ट रूपमा खुलाउनु सकेको नपाइदा हचुवाको भरमा पेश गरिएको प्रस्तुत रिट निवेदन निरर्थक भएकोले खारेज गरी पाउँ ।

रिट निवेदनमा सो ऐनको दफा २६ को उपदफा (२) मा प्रयुक्त “आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएको” भन्ने वाक्याँश अमान्य र बदर घोषित गर्न माग गरिएको देखिन्छ । प्रस्तुत ऐन जारी हुनुको मुख्य उद्देश्य नै सशस्त्र द्वन्द्वको सयमा घटेका घटनाहरूको छानविन गर्ने समेत रहेकोमा सोही प्रयोजनको लागि गठन भएको आयोगले त्यस्ता घटनाहरूको सम्बन्धमा छानविन गर्ने र उक्त छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर अपराधमा संलग्न पीडकलाई क्षमादानको सिफारिस गर्न नसक्ने व्यवस्था गरेको छ । सो व्यवस्थाले मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी अपराधमा संलग्न भएका व्यक्तिले क्षमादान नपाउने र निजहरू उपर ऐनको दफा २५ बमोजिम कारवाही हुने कुरालाई सुनिश्चित गरेकोले प्रस्तुत रिट निवेदनको उक्त माग पनि औचित्यहिन हुँदा खारेज गरी पाउँ ।

संक्रमणकालीन न्यायलाई व्यवस्थित गर्ने सन्दर्भमा प्रस्तुत ऐन जारी भएको र सो ऐनको दफा १३ को उपदफा (२) को व्यवस्था अनुसार आयोगको सशस्त्र द्वन्द्वका समयमा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा मुद्दा विचाराधीन रहेको अवस्थामा सो विषयमा सम्बन्धित अदालत तथा निकायको परामर्शमा छानविन गरी सिफारिस सम्म गर्ने भएकोले सोबाट सम्बन्धित अदालत वा निकायको न्यायिक स्वतन्त्रतामा आँच आउने देखिँदैन । त्यसैगरी सशस्त्र द्वन्द्वको अवस्थाका सम्बन्धमा प्रस्तुत ऐन बमोजिम आयोग गठन गरिने भएकोले सो आयोगले द्वन्द्वकालिन घटना हो होइन भनी निष्पक्ष रूपमा छानविन गर्न पाउने अधिकार दिइएको विषयलाई अन्यथा भन्न नमिल्ने भएकोले रिट खारेज गरी पाउँ ।

प्रस्तुत ऐनको दफा २२ मा रहेको व्यवस्था अनुसार पीडितको सहमति बेगर मेलमिलाप हुन सक्ने अवस्था नरहेको, दफा २६(५) मा रहेको आयोगले पीडितको सहमति/असहमति समेतलाई विचार गरी क्षमादानको लागि सिफारिस गर्ने व्यवस्थाले त्यस्तो घटनाको पीडितको भूमिकालाई महत्व दिएको दफा २५(३) र २५(४) मा भएको व्यवस्थाले मानव अधिकारको गम्भीर उल्लंघन गर्ने पीडकलाई कारवाहीको दायरमा ल्याउन सकिने अवस्था रहेको, दफा २९(१) मा रहेको व्यवस्थाले मानव अधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस गरिने र त्यस्तो सिफारिसको आधारमा मुद्दा चलाउन शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउने कुरालाई सुनिश्चित गरेको सन्दर्भमा पीडकहरूले उन्मुक्ति पाउने भन्ने समेतको अवस्था देखिँदैन । तसर्थ नेपालको अन्तरिम संविधान, २०६३ तथा विस्तृत शान्ति सम्झौताको मर्म र भावना अनुरूप समाजमा दिगो शान्ति कायम गर्ने उद्देश्यले जारी भएको प्रस्तुत ऐनका व्यवस्थाहरू प्रति विना आधार आशंका व्यक्त गरी बदरको दावी गरिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट ऐका सचिव भेषराज शर्माको लिखित जवाफ ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं मन्त्रिपरिषदको हकमा समेत नेपाल सरकारका मुख्य सचिव लिलामणि पौड्यालको तर्फबाट पेश भएको लिखित जवाफको बेहोराः-**

नेपालको अन्तरिम संविधान, २०६३ ले संक्रमणकालीन न्यायिक संयन्त्रको स्थापना गर्ने कुरालाई राज्यको दायित्वको रूपमा राखेको छ । संविधानको धारा ३३ को खण्ड (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरिय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था रहेको छ । यस्तै प्रकारको व्यवस्था विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा समेत रहेको देखिन्छ । उल्लिखित व्यवस्थाहरू एवं सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भिर उल्लंघन सम्बन्धी घटनालाई जतिसक्दो चाँडो सम्बोधन हुनुपर्ने आवश्यकता भएको हुँदा बेपत्ता पारिएको व्यक्तिको छानविन सत्यनिरूपण तथा मेलमिलाप आयोग विधेयक नेपाल सरकारबाट व्यवस्थापिका संसदमा पेश भई व्यवस्थापिका संसदमा भएको बहस र छलफलबाट पारित भई ऐनको रूपमा आएको हो ।

उक्त ऐनको दफा १३ को "उपदफा (२) मा "*प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएको घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायहरूको परामर्शमा आयोगले छानविन गर्नेछ"* भन्ने र दफा १३(४) र मा रहेको "*कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ*" भनी गरिएका व्यवस्थाहरू ऐनको दफा १३ को उपदफा (२), (३) र (४) व्यवस्थाहरू संविधानसँग बाझिएको हुँदा अमान्य र बदर घोषित गरी पाउँ भन्ने रिट निवेदकको दावीका सम्बन्धमा सशस्त्र द्वन्द्वकालमा द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लंघनसँग सम्बन्धित घटनाको फरक प्रकृति र जटिलता हुने भएकोले त्यस्ता घटनाहरूसँग सम्बन्धित विषयमा विशेष किसिमबाट छानविन गरी सत्यतथ्य पत्ता लगाउनको लागि संक्रमणकालीनन्यायिक संयन्त्र स्थापना गरिने अन्तर्राष्ट्रिय अभ्यास रहेको र संविधानले समेत यसलाई स्वीकार गरेको परिप्रेक्ष्यमा ती दफाका व्यवस्थाहरूलाई हेरिनुपर्ने हुन्छ । संक्रमणकालीनन्यायिक संयन्त्र स्थापना हुनु अघि राज्यका विभिन्न संयन्त्रहरूमा अनुसन्धानको क्रममा वा अन्य कुनै रोहमा विचाराधीन त्यस्ता घटनासँग सम्बन्धित मुद्दाहरू सम्बन्धित

अदालत वा निकायको परामर्शमा आयोगले छानविन गर्ने हुँदा यस्तो व्यवस्थाले विद्यमान व्यवस्था र संयन्त्रहरूलाई प्रतिस्थापन गर्न खोजेको वा त्यस्ता निकायको स्वतन्त्रता र सक्षमतामा हस्तक्षेप हुने भन्ने अवस्था रहँदैन । यसबाट पीडितको न्याय प्रतिको अधिकारमा आघात पर्ने स्थिति पनि रहँदैन ।

ऐनको दफा २२ को उपदफा (१) को व्यवस्थाले पीडितलाई मेलमिलापको लागि अनुचित दवाव सिर्जना गर्ने र पीडितको सहमति विना पनि आयोगले मेलमिलाप भएको घोषणा गर्न सक्ने अवस्था सिर्जना हुने भएकोले सो व्यवस्था बदर घोषित गरी पाउँ भन्ने रिट निवेदकको दावीका सम्बन्धमा पीडित सन्तुष्ट बनेको स्थितिको प्रकट मेलमिलापमा हुने हो । मेलमिलाप हुनको लागि दुवै पक्षको स्वतन्त्र सहमति चाहिनेमा कुनै विवाद हुन सक्तैन । पीडितको सहमति विना पनि आयोगले एकतर्फी रूपमा पीडक र पीडित बीच मेलमिलाप गराउने व्यवस्था ऐनको कुनै पनि दफाले गरेको छैन । स्वतन्त्र र सक्षम आयोगले मानव अधिकारको आधारभूत सिद्धान्त विपरित गएर पीडितलाई मेलमिलापको लागि दवाव सिर्जना गर्ने वा एकतर्फी रूपमा मेलमिलाप गराउने भन्ने रिट निवेदकको दावी यथार्थमा आधारित नभई पूर्ण काल्पनिक कुरा र शंका मात्र हो । कल्पना र शंकाको संभावना देखाई एनेको कुनै दफाको व्यवस्थालाई संविधानसँग बाझिएको भनी दावी गर्न मिल्ने देखिँदैन ।

ऐनको दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगलाई मावन अधिकारको गम्भीर उल्लंघनको घटनामा पीडकलाई कारवाहीको लागि सिधै महान्यायाधिवक्तालाई लेखि पठाउने अधिकार नदिएको हुँदा त्यस्तो व्यवस्था बदर घोषित गरी पाउँ भन्ने रिट निवेदकको अर्को माग दावीका सम्बन्धमा सो व्यवस्थाले आयोग नेपाल सरकारको निर्णयबाट गठन हुने भएकोले आयोगले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गर्नुपर्ने गरी व्यवस्थापकिय प्रकृयासम्म व्यवस्थित गरेको हो । आयोगको प्रतिवेदन प्राप्त भएपछि आयोगबाट मुद्दा चलाउनको लागि प्राप्त भएको सिफारिश कार्यान्वयन गर्न शान्ति तथा पुनः निर्माण मन्त्रालयले महान्यायाधिवक्तालाई लेखी पठाउन नसक्ने गरी सो मन्त्रालयलाई ऐनको कुनै दफाले पनि तजविजी अधिकार दिएको देखिँदैन । शान्ति तथा पुननिर्माण मन्त्रालयले त्यस्तो सिफारिस

अनिवार्य रूपमा महान्यायाधिवक्तालाई लेखी पठाउनुपर्ने व्यवस्था सो दफाले गरेको हुँदा सो व्यवस्थालाई रिट निवेदकको दावी बमोजिम बदर गर्नुपर्ने कुनै आधार र कारण रहेको छैन ।

ऐनको दफा २ को खण्ड (ञ) ले अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताहरूसँग अनुकुल हुने गरी मानव अधिकारको गम्भीर उल्लंघनको परिभाष गरी सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमूदाय विरूद्ध लक्षित गरी वा योजनावद्ध रूपमा गरिएको हत्या, अपहरण तथा शरिर बन्धक, व्यक्ति बेपत्ता पार्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, बलात्कार तथा यौन जन्य हिंसा, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी, घर जग्गाबाट जवरजस्ती निकाला वा अन्य कुनै किसिमको विस्थापन वा अन्तर्राष्ट्रिय मावन अधिकार वा मानवीय कानून विपरित गरिएको जुनसुकै किसिमको अमानवीय कार्य वा मानवता विरूद्धको अपराधलाई मावन अधिकारको गम्भीर उल्लंघन भनिएको छ ।

उल्लेखित परिभाषा हेर्दा अत्यन्त विस्तृत देखिन्छ । यो परिभाषाले एकातिर निःशस्त्र व्यक्ति वा जनसमुदाय विरूद्ध लक्षित गरी गरिएको उपखण्ड (१) देखि (९) सम्म गरिएको जुनसुकै कार्यलाई समेटेको देखिन्छ भन्ने अर्कोतिर जुनसुकै प्रकृतिको व्यक्ति वा जनसमुदायको विरूद्धमा याजनाबद्ध रूपमा गरिएको उपखण्ड (१) देखि (९) सम्मको जुनसुकै कार्य पनि मावन अधिकारको गम्भीर उल्लंघनको कार्य अन्तर्गत पर्ने देखिन्छ । यसका साथै उपखण्ड (९) को व्यवस्थाले मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी परिभाषालाई अझ व्यापक बनाई अन्तर्राष्ट्रि मानव अधिकार सम्बन्धी कानून, (Internationa Human Rights law) अन्तर्राष्ट्रिय मानवीय कानून (International Humanitarian law) विरूद्ध हुने गरी गरिएको जुनसुकै किसिमको अमानवीय काम वा मानवता विरूद्धको अन्य अपराध (Crime Against Humanity) लाई समेटी यस सम्बन्धी नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय सन्धि सम्झौताको व्यवस्थाका अतिरिक्त प्रथाजनित अन्तर्राष्ट्रिय कानून (Customary International Law) का सिद्धान्त र मापदण्डहरू समेत लागू हुने देखिन्छ ।

उक्त ऐनको दफा २६ को उपदफा (२) को व्यवस्थाले सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भिर प्रकृतिका अपराधमा समेत क्षमादान दिन सकिने भनी व्यवस्था गरेको भन्ने रिट

निवेदकको दावीका सम्बन्धमा हेर्दा कुनै ऐनलाई व्याख्या गर्दा उक्त ऐनको समुचा व्यवस्थालाई नै समष्टिगत रूपमा हेर्नु पर्दछ । प्रस्तावना पनि ऐनको अभिन्न भाग हो र कानूनको व्याख्या गर्दा प्रस्तावनालाई पनि आधार लिइन्छ । ऐन अनुसार गठन हुने आयोग उच्चस्तरीय हुने र सो आयोगमा रहने अध्यक्ष तथा सदस्यहरूको नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्न ऐनको दफा ३ को उपदफा (३) मा सिफारिस समितिको व्यवस्था भएको पाइन्छ । उक्त सिफारिस समितिमा पूर्व प्रधानन्यायाधीशहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति अध्यक्ष राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको कुनै सदस्य, सदस्य र मानव अधिकारवादी, मनोविज्ञानवेता, कानूनविद, विधिविज्ञानवेत्ता, द्वन्द्वविद् समाजशास्त्री महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेको एक जना महिला सहित तीन जना सदस्य हुने व्यवस्था रहेको देखिँदा निष्पक्ष र स्वतन्त्र व्यक्तिहरू सम्मिलित सिफारिस समितिले गरेको सिफारिसका आधारमा गठन हुने आयोगको स्वतन्त्रता, सक्षमता र विश्वसनीयता प्रति शंका गर्न सकिने बस्तुगत आधार रहेको छैन ।

दफा ४ को उपदफा (२) मा अध्यक्ष वा कुनै सदस्यलाई इमान्दारिपूर्वक पदीय कर्तव्य पालना नगरेको, निजमा कार्यक्षमताको अभाव रहेको वा निज खराब आचरणमा लागेको आरोपको छानविन गर्न नेपाल सरकारले पूर्व प्रधानन्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय छानविन समिति गठन गर्ने र छानविन समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्ने व्यवस्थाले आयोग नेपाल सरकार अन्तर्गतको निकाय नभई स्वतन्त्र र सक्षम निकायको रूपमा रहने कुरामा शंका गर्ने अवस्था छैन । यसका अतिरिक्त ऐनको दफा १३, १४, १५, १७, १८, १९, २० मा भएको व्यवस्था र दफा ३० को आयोगले दिएको प्रतिवेदनमा उल्लेखित सिफारिशहरू कार्यान्वयन भए नभएको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गर्न सक्ने व्यवस्था भएको देखिँदा स्वतन्त्र, सक्षम र निष्पक्ष आयोगले दण्डहिनतालाई प्रश्रय दिने गरी वा मानव अधिकार उल्लंघनको गम्भीर घटनामा समेत क्षमादान र फौजदारी जवाफदेहीताबाट उन्मुक्ति दिने गरी काम कारवाही गर्दछ भनी शंका र अनुमान गर्नु तर्कसंगत र न्यायोचित नहुने भएकोले रिट निवेदकको दावी काल्पनिक हो ।

ऐनको दफा २६ को उपदफा (१) र (२) को व्यवस्थालाई दफा २ को खण्ड (ञ) को व्यवस्थासँग एकैसाथ राखेर हेर्नुपर्ने हुन्छ । दफा २३ को उपदफा (१) र (२) ले मानव अधिकारको गम्भीर उल्लंघनका कार्यमा संलग्न व्यक्तिलाई निशर्त क्षमादान (Blanket Amnesty) दिन सकिने गरी व्यवस्था गरेको भन्नु ऐनको समग्र उद्देश्य र व्यवस्था विपरित हुने भएकोले त्यस्तो व्याख्या गर्न सकिँदैन । दफा २६ मा भएको व्यवस्थाको सम्बन्धमा जस्तोसुकै अपराधको घटनामा संलग्न व्यक्तिलाई पनि आयोगले क्षमादान गर्न सक्ने भन्ने होइन । मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा पीडकको निजले गरेको गलत काम प्रति पश्चाताप गरी पीडितसँग माफि मागि सो घटना पीडकलाई क्षमादान दिनुपर्ने पर्याप्त आधार र कारण रहेमा मात्र आयोगले क्षमादानको लागि नेपाल सरकारलाई सिफारिस गर्नसक्ने सम्मको अधिकार उक्त दफा २६ को उपदफा (२) ले दिएको हो । उल्लिखित अवस्थामा बाहेक मानव अधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको व्यक्ति उपर आयोगले क्षमादानको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने अधिकार ऐनको दफा २६ लगायत अन्य कुनै पनि दफाले आयोगलाई दिएको नदेखिने सो उपदफा (४) को वाक्याँशलाई बदर गर्नुपर्ने अवस्था छैन ।

ऐनको दफा २२ मा रहेको मेलमिलाप सम्बन्धी व्यवस्थालाई अध्ययन गर्दा पीडक र पीडित बीचको सहमति विना आयोगले एकतर्फिरूपमा पीडक र पीडित बीच मेलमिलाप गराउन सक्ने अवस्था देखिँदैन । सो दफा २२ को उपदफा (२) मा पीडक र पीडित बीच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनेछ भन्ने व्यवस्था रहेबाट पीडित सन्तुष्ट नरहेसम्म मेलमिलाप हुनसक्ने अवस्था देखिँदैन ।

जहाँसम्म आम नरसंहार, युद्धअपराध मानवता विरूद्धको अपराध, बेपत्ता र यातना लगायतका मानव अधिकारको उल्लंघनलाई अन्तराष्ट्रिय कानूनी दायित्व बमोजिम फौजदारी कसूर घोषित गरी कसूरको गाम्भिर्यता अनुसार दण्डको व्यवस्था गर्न आवश्यक कानून निर्माण गर्न परमादेश जारी गरी पाउँ भनी रिट निवेदकले माग गर्नु भएको छ, तत् सम्बन्धमा विचार गर्दा मानव अधिकारको गम्भीर उल्लंघन एवं मानवता विरूद्धको अपराधलाई दण्डनीय बनाई

पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चित गर्नुपर्ने दायित्व सरकारको रहेकोमा विवाद छैन । आम नरसंहार (Genocide) युद्ध अपराध (War crimes) मानवता विरूद्धको अपराध ( Crime Against Humanty) नियन्त्रण गर्ने सम्बन्धमा नेपाल जेनेभा महासन्धी, १९४९ को पक्ष राष्ट्र भैसकेको छ भने यातना विरूद्धको अन्तर्राष्ट्रिय महासन्धी, १९८४ को पनि नेपाल पक्ष मुलुक हो । जेनेभा महासन्धीलाई कार्यान्वयन गर्नको लागि विधेयक तर्जुमाको कार्य अन्तिम चरणमा पुगेको छ । यसैगरी जवरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्यलाई कसूरको रूपमा घोषणा गर्ने लगायतका विविध विषयहरूलाई समेटि तयार भएको फौजदारी अपराध संहिता, २०६८ को विधेयक समेत तत्कालिन व्यवस्थापिका संसदमा प्रस्तुत भएको थियो । निश्चित प्रक्रिया पुरा गरी सो विधेयकहरू नेपाल सरकारले व्यवस्थापिका संसदमा पेश गर्न प्रतिबद्ध छ ।

तसर्थ मावन अधिकारको गम्भीर उल्लंघन र मानवता विरूद्धको अपराधको कसूरमा निरपेक्ष रूपमा आम क्षमादान दिने विषय ऐनमा समावेश भएको नदेखिने, ऐन बमोजिम गठन हुने आयोगको स्वतन्त्रता, सक्षमता र स्वायत्ततालाई ऐनले प्रत्याभूत गरेको देखिएको ऐनको कुनै दफा वा उपदफामा प्रयोग भएको कुनै वाक्याँशको व्याख्या गर्दा ऐनलाई समुचा रूपमा हेरी ऐनको उद्देश्य बमोजिम व्याख्या गर्नुपर्ने, मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा आयोगले पीडकलाई निरपेक्ष क्षमादानको लागि नेपाल सरकारलाई सिफारिस गर्नसक्ने अधिकार ऐनले नदिएको, पीडकलाई क्षमादानको सिफारिस गर्नु अघि पीडकको पीडितलाई चित्त बुझ्दो ढंगले पश्चाताप गरी माफी माग्नुपर्ने व्यवस्था भएको, मानव अधिकारको गम्भीर उल्लंघन एवं मानवता विरूद्धको कसूरमा संलग्न व्यक्तिलाई दण्ड दिने गरी राज्यले कानून बनाउन सक्ने अधिकारलाई ऐनको नियन्त्रित नगरेको र गर्न पनि नसक्ने हुँदा मनगढन्ते अनुमान र शंकाको भरमा आफूखुशी ऐनको अर्थ गरी ऐनले परिकल्पना नै नगरेको विषयलाई लिएर रिट निवेदकहरूले दायर गर्नु भएको रिट निवेदकको आधारमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने आधार र कारण नरहेको र निवेदकको चिन्ता वा सरोकारलाई ऐनले सम्बोधन गरेको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय एवं मनित्रपरिषदको हकमा नेपाल सरकारका मुख्य सचिव लिलामणि पौड्यालको लिखित जवाफ ।

**<u>महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट ऐ. का नायब महान्यायाधिवक्ता दुर्गाबन्धु पोखरेलको लिखित जवाफको बेहोराः-</u>**

महान्यायाधिवक्ताको कार्यालयको के कस्तो काम कारवाहीबाट रिट निवेदकहरूको हक अधिकारमा असर परेको हो सो सम्बन्धमा रिट निवेदनमा कुनै जिकिर नलिएको र यस कार्यालयले पालना गर्नुपर्ने कुन संवैधानिक कर्तव्य पालना नगरेको हो भन्ने समेत जिकिर लिएको नदेखिँदा रिट निवेदन जिकिर बमोजिम परमादेशको आदेश जारी हुनुपर्ने अवस्था देखिँदैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ख) अनुसार मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने दायित्व महान्यायाधिवक्तामा रहेको र सो अनुसारको संवैधानिक जिम्मेवारी यस कार्यालयबाट भई रहेको छ । रिट निवेदकले कुनै मुद्दा विशेषमा प्रतिपादित सिद्धान्तको अनुगमन गर्ने गराउने कार्य महान्यायाधिवक्ताले नगरेको वा सो संवैधानिक दायित्व पालना नगरेको भनी रिट निवेदनमा जिकिर लिनु भएको पाइदैंन । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को सन्दर्भमा यस कार्यालयलाई प्रत्यर्थी बनाई परमादेश जारी गरी पाउन निवेदन गरेको समग्र रिट निवेदनको व्यहोराबाट देखिन्छ । उक्त ऐन २०७१।१।२८ मा जारी भै कार्यान्वयनको क्रममा रहेको र सो ऐनले दिएको काम, कर्तव्य र जिम्मेवारी निर्वाह गर्नुपर्ने कुरा महान्यायाधिवक्ताको कार्यालयको दायित्व अन्तर्गत रहेको र सो दायित्व पुरा नगरेको भन्ने निवेदन जिकिर नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँन सादर अनुरोध छ भन्ने समेत व्यहोराको महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट ऐ.का नायब महान्यायाधिवक्ता दुर्गाबन्धु पोखरेलको लिखित जवाफ ।

**<u>शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तर्फबाट ऐका सचिव धनबहादुर तामाङ्गबाट पेश भएको लिखित जवाफको बेहोराः-</u>**

राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत गरिएका मानव अधिकार र मौलिक स्वतन्त्रता मध्ये कतिपय हक अधिकारहरू जस्तोसुकै अवस्थामा समेत अहरणीय हुन्छन् । सशस्त्र द्वन्द्वका बेलामा घटेका मानव अधिकार सम्बन्धी घटनाहरूको विशेष प्रकृति र आयाम हुने भएको हुँदा त्यस्ता घटनाहरूका सम्बन्धमा छानविन र अन्वेषण गरी सत्य तथ्य पत्ता लगाई पीडितको न्यायको अधिकारलाई संरक्षण गर्न द्वन्द्वोत्तर मुलुकमा नियमित फौज्दारी कानून (Regular Criminal Justice) परिपुरकको रूपमा संक्रमणकालीनन्यायिक संयन्त्र स्थापना गरी न्याय र दिगो शान्तिको प्रबर्द्धन गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहिआएको सन्दर्भमा विगतको करिब एक दशक लामो सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै नेपाल सरकार र तत्कालिन सशस्त्र विद्रोही पक्ष बीच शान्ति सम्झौता सम्पन्न भई जारी भएको संविधानमा संक्रमणकालीन न्यायिक संयन्त्रको स्थापना गर्ने व्यवस्था रहेको छ साथै विस्तृत शान्ति सम्झौतामा समेत सो सम्बन्धी व्यवस्था रहेको छ । उल्लिखित व्यवस्थाहरू संक्रमणकालीनन्यायको लागि सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी लगायतका घटनालाई जतिसक्दो चाँडो सम्बोधन गर्न आवश्यक भएको हुँदा उक्त ऐन जारी भएको हो ।

ऐनको दफा १३ को उपदफा (२), (३) र (४) का व्यवस्थाहरू संविधानसँग बाझिएको हुँदा अमान्य र बदर घोषित गरी पाउँ भन्ने रिट निवेदकको दावीका सम्बन्धमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लंघनसँग सम्बन्धित घटनाको फरक प्रकृति र जटिलता हुने भएकोले त्यस्ता घटनाहरूसँग सम्बन्धित विषयमा विशेष किसिमबाट छानविन गरी सत्य तथ्य पत्ता लगाउन संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना गरिने अन्तर्राष्ट्रिय अभ्यास रहेको र संविधानले समेत यसलाई स्वीकार गरेको परिप्रेक्ष्यमा ती दफाका व्यवस्थाहरूलाई हेर्नुपर्ने हुन्छ । संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना हुनुअघि राज्यका विभिन्न संयन्त्रहरूमा अनुसन्धानको क्रममा वा अन्य कुनै रोहमा विचाराधीन त्यस्ता घटनासँग सम्बन्धित मुद्दाहरू सम्बन्धित

अदालत वा निकायको परामर्शमा आयोगले छानविन गर्ने हुँदा यस्तो व्यवस्थाले विद्यमान व्यवस्था र संयन्त्रहरूलाई प्रतिस्पाथन गर्न खोजेको वा त्यस्ता निकायको स्वतन्त्रता र सक्षमतामा हस्तक्षेप हुने भन्ने अवस्था रहँदैन । यसबाट पीडितको न्यायप्रतिको अधिकारमा आघात पर्ने कुनै स्थिति रहँदैन ।

ऐनको दफा २२ को उपदफा (१) को व्यवस्थाले पीडितलाई मेलमिलापको लागि अनुचित दवाव सिर्जना गर्ने र पीडितको सहमति विना पनि आयोगले मेलमिलाप भएको घोषणा गर्न सक्ने अवस्था सिर्जना हुने भएकोले सो व्यवस्था बदर घोषित गरी पाउँ भन्ने रिट निवेदकको दावीका सम्बन्धमा पीडितको सहमति विना आयोगले एकतर्फी रूपमा पीडक र पीडित बीच मेलमिलाप गराउने व्यवस्था ऐनको कुनै पनि दफाले गरेको छैन । स्वतन्त्र र सक्षम आयोगले मानव अधिकारको आधारभूत सिद्धान्त विपरित गएर पीडितलाई मेलमिलापको दवाव सिर्जना गर्ने वा एकतर्फी रूपमा मेलमिलाप गराउने भन्ने रिट निवेदकको दावी यथार्थमा आधारित नभई काल्पनिक कुरा मात्र हो । कल्पना र शंकाको संभावना देखाई ऐनको कुनै दफाको व्यवस्थालाई संविधानसँग बाझिएको भनी दावी गर्न मिल्ने सकिँदैन ।

ऐनको दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगलाई मानव अधिकारको गम्भीर उल्लंघनको घटनामा पीडकलाई कारवाहीको लागि सिधै महान्यायाधिवक्तालाई लेखी पठाउने अधिकार नदिएको हुँदा त्यस्तो व्यवस्था बदर घोषित गरी पाउँ भन्ने रिट निवेदकको अर्को माग दावीका सम्बन्धमा आयोगले ऐन बमोजिम छानविन गरेका कुराहरूसहितको आफ्नो प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गर्दा शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत सिफारिस कार्यान्वयन गर्न महान्यायाधिवक्तालाई लेखी पठाउने व्यवस्था भएकोमा ऐनको कुनै दफाले पनि उक्त प्रक्रियामा बाधा उत्पन्न गर्ने गरी मन्त्रालयलाई तजविजी अधिकार दिएको नहुँदा रिट निवेदकको दावी बमोजिम बदर गर्नुपर्ने कुनै आधार र कारण छैन ।

उक्त ऐनको दफा २ को खण्ड (ञ) ले गरेको "मानव अधिकारको गम्भीर उल्लंघन" परिभाषाले मानव अधिकारको गम्भीर उल्लंघनका विषयलाई पर्याप्त रूपमा समेटेको छ जुन परिभाषाले अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताहरूलाई पूर्ण रूपमा आत्मसात गरेको हुँदा निवेदकले

जिकिर गर्नु भएको जस्तो अवस्था छैन । ऐनको दफा २६ को उपदफा (२) को व्यवस्थाले सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर प्रकृतिका अपराधमा समेत क्षमादान दिन सकिने व्यवस्था गरेको भन्ने रिट निवेदकहरूको दावीका सम्बन्धमा कुनै ऐनलाई व्याख्या गर्दा ऐनको समुच्चा व्यवस्थालाई नै समष्टिगत रूपमा हेर्नुपर्दछ । स्वतन्त्र, सक्षम र निष्पक्ष आयोगले दण्डहिनतालाई प्रश्रय दिने गरी वा मानव अधिकार उल्लंघनको गम्भीर घटनामा समेत क्षमादान र फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिने गरी काम कारवाही गर्दछ भनी शंका र अनुमान गर्नु तर्कसंगत र न्यायोचित नहुने भएको एवं ऐनको दफा ३० मा आयोगले दिएको प्रतिवेदनमा उल्लिखित सिफारिसहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गर्न सक्ने व्यवस्था समेत भएको हुँदा रिट निवेदकको दावी निरर्थक छ ।

ऐनको दफा २६ को उपदफा (१) र (२) को व्यवस्थालाई दफा २ को खण्ड (ञ) को व्यवस्थासँग एकैसाथ राखेर हेर्नुपर्ने हुन्छ । दफा २६ को उपदफा (१) र (२) ले मानव अधिकारको गम्भीर उल्लंघनका कार्यमा संलग्न व्यक्तिलाई निशर्त क्षमादान (Blanket Amnesty) दिने सकिने गरी व्यवस्था गरेको भन्नु ऐनको समग्र उद्देश्य र व्यवस्था विपरित हुने भएकोले त्यसरी अर्थ गर्न सकिँदैन । दफा २६ मा भएको व्यवस्थाको सम्बन्धमा जस्तोसुकै अपराधको घटनामा संलग्न व्यक्तिलाई पनि आयोगले क्षमादान गर्न सक्ने भन्ने होइन । मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरूमा दफा २६ को उपदफा (४) मा उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले देहायका प्रतिवद्धता प्रकट गरेको कुरा उल्लेख गर्नुपर्नेछ- सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको कुरा स्वीकार गरेको, त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको स्वीकार गरी आयोग समक्ष पीडितसँग चित्त बुझ्दो ढङ्गले क्षमायाचना गर्न मञ्जुर गरेको, भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको अवस्थामा पीडकले आफुबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको स्वीकार गरी सो सम्बन्धमा पीडितसँग माफी नमागेसम्म आयोगले पीडकलाई क्षमादान दिन सक्ने अधिकार ऐनको कुनै पनि दफाले दिएको छैन ।

ऐनको दफा २२ मा रहेको मेलमिलाप सम्बन्धी व्यवस्थालाई अध्ययन गर्दा पीडक र पीडित बीचको सहमति विना आयोगले एकतर्फी रूपमा पीडक र पीडित बीच मेलमिलाप गराउन सक्ने अवस्था देखिँदैन । सो दफा २२ को उपदफा (२) मा पीडक र पीडित बीच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनेछ भन्ने व्यवस्था रहेबाट पीडित सन्तुष्ट नरहेसम्म मेलमिलाप हुनसक्ने अवस्था देखिँदैन । यसका साथै दफा २६ को क्षमादान सम्बन्धी व्यवस्थालाई दफा २२ को मेलमिलाप सम्बन्धी व्यवस्थासँग एकसाथ राखेर हेर्नुपर्ने हुन्छ । पीडक र पीडित बीच सहमति भई पीडकले पीडितसँग माफी मागी पश्चताप नगरेसम्म पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस दिन सक्ने अवस्था नदेखिँदा रिट निवेदकको जिकिर तथ्यपरक छैन ।

तसर्थ, मानव अधिकारको गम्भीर उल्लंघन र मानवता विरूद्धको अपराधको कसूरमा निरपेक्ष रूपमा क्षमादान दिने विषय ऐनमा समावेश भएको छैन, ऐन बमोजिम गठन हुने आयोगको स्वतन्त्रता, सक्षमता र स्वायत्ततालाई ऐनले प्रत्याभूत गरेको छ, ऐनको कुनै दफा वा उपदफामा प्रयोग भएको कुनै वाक्यांँशको व्याख्या गर्दा ऐनको समुच्च व्यवस्था हेरी ऐनको उद्देश्य बमोजिम व्याख्या गर्नुपर्ने, मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा आयोगले पीडकलाई निरपेक्ष क्षमादानको लागि नेपाल सरकारलाई सिफारिस गर्न सक्ने अधिकार ऐनले नदिएको, पीडकलाई क्षमादानको सिफारिस गर्नु अघि पीडकले पीडितलाई चित्तबुझ्दो ढंगले पश्चाताम गरी माफी माग्नुपर्ने व्यवस्था भएको, मानव अधिकारको गम्भीर उल्लंघन एवं मानवता विरूद्धको कसूरमा संलग्न व्यक्तिलाई दण्ड दिने गरी राज्यले कानून बनाउन सक्ने अधिकारलाई ऐनले नियन्त्रित नगरेको हुँदा अनुमान र शंकाको भरमा आफुखुशी ऐनको अर्थ गरी ऐनले परिकल्पना नै नगरेको विषयलाई लिएर रिट निवेदकहरूले दायर गर्नु भएको रिट निवेदनको आधारमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने आधार र कारण नरहेको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तर्फबाट ऐका सचिव धनबहादुर तामाङ्गको लिखित जवाफ ।

**<u>निवेदकहरूका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री सपना प्रधान मल्ल, विद्वान अधिवक्ताहरू श्री वावुराम गिरी, श्री गोविन्दप्रसाद शर्मा बन्दी, श्री हरि फुयाल, श्री राजुप्रसाद चापागाई, श्री ओमप्रकाश अर्याल, डा.चन्द्रकान्त ज्ञवाली, श्री दिनेश त्रिपाठी, श्री ज्ञानेन्द्र राज आरण, श्री लक्ष्मी पोखरेल र श्री आशिक राम कार्कीले गर्नु भएको बहस बेहोराः-</u>**

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना हेर्दा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउनु, समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्नु, सो घटनाबाट पीडितलाई परिपुरण र गम्भीर अपराधमा संलग्न पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याउनु ऐनको मुख्य उद्देश्य रहेको छ । तर ऐनमा गरिएको कतिपय व्यवस्था अस्पष्ट एवं सबैखाले पीडितलाई नसमेट्ने खालको हुनुका साथै व्यक्ति बेपत्ता पार्ने, नियन्त्रणमा लिएर गरिएको हत्या, यातना तथा बलात्कार लगायत मानवता विरूद्धको गम्भीर अपराधमा संलग्न कसुरदारहरूले समेत अपराधबाट उन्मुक्ति पाउने अवस्था रहेको छ । यसअघि नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा जारी भएको *बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९* उपर सम्मानित अदालतमा निवेदक जुरी नेपालको तर्फबाट अधिवक्ता माधवकुमार बस्नेत समेत रि.नं. ०६९-WS-००५७ तथा द्वन्द्व पीडितहरूको तर्फबाट निवेदक सुमन अधिकारीसमेत रि.नं. ०६९-WS-००५८ को रिट दायर भएको थियो । सम्मानीत सर्वोच्च अदालतले उक्त रिटहरूमा मिति २०७० पौष १८ गते सो अध्यादेशको दफा २३, २५ र २९ लगायतका प्रावधानहरूलाई असंवैधानिक घोषणा गर्दै उक्त अध्यादेशका कतिपय प्रावधानहरूलाई निष्प्रभावी तुल्याई यस विषयमा विषय विशेषज्ञ टोलीको सहयोग लिई अन्तर्राष्ट्रिय कानूनी मापदण्डहरू बमोजिम अध्यादेशमा परिमार्जन र संशोधन गर्न नेपाल सरकारको नाममा परमादेशको आदेश जारी गरेको थियो । सो आदेशबमोजिम विशेषज्ञ टोलीले नेपाल सरकार समक्ष प्रतिवेदन दिएको तर प्रतिवेदनका सुझावहरूलाई ऐनमा कुनै स्थान दिइएन ।

व्यक्ति बेपत्ता पार्ने, नियन्त्रणमा लिएर गरिएको हत्या, यातना तथा बलात्कार लगायत मानवता विरूद्धका गम्भीर अपराधहरूमा क्षमादान तथा माफी गरी दण्डहिनताबाट उन्मुक्ति दिन मिल्दैन । तर प्रस्तुत ऐनको दफा २६ को उपदफा (२) मा भएको *"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन"* भनी राखिएको प्रावधानमा प्रयुक्त ***"आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका"*** भन्ने वाक्याँशले मानवता विरूद्धका गम्भीर अपराधका पीडकलाई पनि पर्याप्त आधार र कारण देखिएको भनी आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने तजविजी अधिकार प्रदान गरेको छ । त्यस्तै ऐनको दफा २९ को उपदफा (१) मा भएको *"मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनु पर्नेछ"* भन्ने व्यवस्थाले आयोगले मुद्दा चलाउन पठाउने सिफारिस माथि मन्त्रालयले अंकुश लगाउने स्थिति रहि महान्यायाधिवक्ताले मन्त्रालयबाट लेखि आएको अवस्थामा मात्र मुद्दा चल्ने वा नचलाउने सम्बन्धी निर्णय गर्न सक्ने हुँदा संविधानको धारा १३५ द्वारा प्रत्याभूत महान्यायाधिवक्ताको अधिकारलाई समेत संकुचित पारेको छ ।

ऐनको दफा १३(२) ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्ने व्यवस्था गरेको छ । न्यायिक निकायलाई गैरन्यायिक निकायले प्रतिस्थापन गर्न सक्दैन । तर ऐनको दफा १३ को उपदफा (२), (३) र (४) का व्यवस्थाहरूले न्याय सम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायहरूद्वारा मात्र प्रयोग हुने भन्ने न्यायिक स्वतन्त्रताको सीमालाई पनि संकुचित र नियन्त्रित् गरेको छ । त्यसरी नै ऐनको दफा २२(१) मा *"पीडक वा पीडितले मेलमिलापको लागि आयोगसमक्ष निवेदन दिएमा आयोगले पीडक र पीडित बीच एक आपसमा*

*मेलमिलाप गराउन सक्नेछ"* भनी गरेको व्यवस्थाले पीडितको सुसुचित सम्मती (Informed consent) र स्वतन्त्र सहमतिमा मात्रै मेलमिलाप हुनसक्ने स्थापित विधिशास्त्र तथा मान्यतालाई लत्याएको छ । दफा २२ मा पीडितको सहमति विना पनि मेलमिलाप हुन सक्ने र दफा २५ मा मेलमिलाप गराईएका विषयमा कारवाहीको लागि सिफारिस गर्न नमिल्ने व्यवस्था गरि मेलमिलापको नाउँमा पिडकहरूलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिने अवस्था रहेको छ ।

ऐनको दफा २४ मा भएको *"यस ऐन बमोजिम गरिएको छानविनबाट कसैले कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा आयोगले त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकार समक्ष सिफारिश गर्नेछ"* भन्ने व्यवस्थाले व्यक्तिलाई मात्र जवाफदेही बनाइएको देखिन्छ । सम्पत्ति कब्जा वा जफत गर्ने द्वन्द्वरत पक्ष, व्यक्ति, संघसंस्था वा संगठन समेतलाई जवाफदेही बनाउने गरी उक्त व्यवस्थामा आवश्यक संशोधन वा न्यायिक व्याख्याको जरूरी छ । त्यसैगरी दफा १० मा भएको *"नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ"* भन्ने व्यवस्था, दफा ११ को *"आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ । त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्न सक्नेछ"* भन्ने व्यवस्थाले आयोगको स्वतन्त्रतामा अंकुश लगाएको छ । ऐनको दफा १२ मा *"आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य श्रोतको व्यवस्था मन्त्रालयले गर्नेछ"* भन्ने व्यवस्था र दफा ४४ मा भएको *"यस ऐनको कार्यान्वयनको लागि आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्नेछ"* भन्ने व्यवस्थाले आयोग स्वतन्त्र हुन सक्दैन । तसर्थ, स्वतन्त्र, निष्पक्ष, सक्षम र जवाफदेही बनाउन आयोगलाई स्रोत साधन सम्पन्न, आर्थिक स्वायत्तता, नियम वनाउने र कर्मचारीको प्रवन्ध गर्नसक्ने अधिकार आयोगमा नै निहित रहनु पर्दछ ।

तसर्थ, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १३(१) र २४(९) का साथै जुरी नेपालको तर्फबाट अधिवक्ता माधवकुमार बस्नेत समेत रि.नं. ०६९-WS-००५७ तथा द्वन्द्व पीडितहरूको तर्फबाट निवेदक सुमन अधिकारीसमेतले दायर गरेको रि.नं. ०६९-WS-००५८ मा सम्मानीत अदालतबाट मिति २०७० पौष १८ गते भएको आदेशको पालना नगरी

संक्रमणकालीन न्यायको मान्यता प्रतिकूल बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको हुँदा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्दछ भनी गर्नु भएको बहस सुनियो ।

**विपक्षी नेपाल सरकारका तर्फबाट विद्वान सह-न्यायाधिवक्ता द्वय श्री संजीव रेग्मी र श्री किरणप्रसाद पौडेलले गर्नु भएको बहस बेहोराः-**

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने, सो घटनाबाट पीडितलाई परिपुरण र गम्भीर अपराधमा संलग्न पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याउने जस्ता पवित्र उद्देश्यले आएको हो । प्रस्तुत ऐनमा सम्मानीत अदालतको मिति २०७०।९।१८ को आदेश अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोग र व्यक्ति बेपत्ता सम्बन्धी छानवीन आयोग छुट्टा छुट्टै रूपमा गठन हुने व्यवस्था रहेको छ । ऐनको दफा १३ को उपदफा (२), (३) र (४) व्यवस्थाहरू निवेदकहरूको दावी अनुसार संविधानसँग बाझिएको छैन । संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना हुनु अघि त्यस्ता घटनासँग सम्बन्धित अनुसन्धानको क्रममा वा विचाराधीन रहेका मुद्दाहरूको तथ्यका सम्बन्धमा सम्बन्धित अदालत तथा निकायको परामर्शमा मात्र आयोगले छानविन गर्ने हुँदा यस्तो व्यवस्थाले न्यायिक संयन्त्रहरूलाई प्रतिस्थापन गर्ने वा हस्तक्षेप हुने अवस्था रहँदैन । ऐनको दफा २६ मा भएको व्यवस्था जस्तोसुकै अपराधको घटनामा संलग्न व्यक्तिलाई पनि आयोगले क्षमादान गर्न सक्ने भन्ने होइन । दफा २६ को उपदफा (१) र (२) को व्यवस्थालाई दफा २ को खण्ड (ञ) को व्यवस्थासँग एकैसाथ राखेर हेर्नुपर्ने हुन्छ । दफा २६(२) को व्यवस्थाले गम्भीर अपराधका पीडकलाई क्षमादान नहुने स्पष्ट गरेको छ । तसर्थ निवेदन माग बमोजिम उक्त दफा संविधान संग बाझिएको छैन । दफा २३ को उपदफा (१) र (२) ले मानव अधिकारको गम्भीर उल्लंघनका

कार्यमा संलग्न व्यक्तिलाई निशर्त क्षमादान (Blanket Amnesty) दिन सकिने गरी व्यवस्था गरेको होइन ।

ऐनको दफा २२ को उपदफा (१) को व्यवस्थाले पीडितलाई मेलमिलापको लागि अनुचित दवाव सिर्जना गर्ने र पीडितको सहमति विना पनि आयोगले मेलमिलाप भएको घोषणा गर्न सक्ने अवस्था हुँदैन । सो दफा २२ को उपदफा (२) मा पीडक र पीडित बीच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनेछ भन्ने व्यवस्था रहेबाट पीडित सन्तुष्ट नरहेसम्म मेलमिलाप हुनसक्ने अवस्था देखिँदैन । स्वतन्त्र र सक्षम आयोगले मानव अधिकारको आधारभूत सिद्धान्त विपरित गएर पीडितलाई मेलमिलापको लागि दवाव सिर्जना गर्ने वा एकतर्फी रूपमा मेलमिलाप गराउने भन्ने रिट निवेदकको दावी यथार्थमा आधारित नभई पूर्ण काल्पनिक कुरा र शंका मात्र हो । ऐनको दफा २९ को उपदफा (१) मा आयोग नेपाल सरकारको निर्णयबाट गठन हुने भएकोले आयोगले आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गर्नुपर्ने गरी व्यवस्थापकिय प्रकृयासम्म व्यवस्थित गरेको हो । शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले आयोगको सिफारिस अनिवार्य रूपमा महान्यायाधिवक्तालाई लेखी पठाउनुपर्ने व्यवस्था सो दफाले गरेको छ ।

ऐनको दफा २४ मा भएको कब्जा वा जफत गरेको सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने व्यवस्था, दफा १० मा भएको आयोगको सचिव सम्बन्धी व्यवस्था, दफा ११ मा भएको आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउने व्यवस्था, दफा १२ मा आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य श्रोतको व्यवस्था मन्त्रालयले गर्ने भन्ने व्यवस्था र दफा ४४ मा भएको यस ऐनको कार्यान्वयनको लागि आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्नेछ भन्ने व्यवस्थाले आयोगलाई आवश्यक पर्ने स्रोत र साधनका सम्बन्धमा आयोगको परामर्श अनुसार सरकारको तर्फबाट मन्त्रालयले पुऱ्याउने व्यवस्थापकिय प्रवन्ध मात्र हो । आयोगको परामर्शमा पुऱ्याउने व्यवस्थापकिय प्रवन्धले आयोगको स्वतन्त्रता, निष्पक्षता र सक्षमतामा अषर

पर्न सक्दैन । तसर्थ, रिट निवेदन माग दावी अनुसारको आदेश जारी हुने अवस्थाको विद्यमानता छैन भनी गर्नु भएको बहस समेत सुनियो ।

नियमबमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिटमा निवेदकहरू एवं विपक्षका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरू तथा विद्वान सहन्यायाधिवक्ताहरूको उल्लिखित बहस समेत सुनी निर्णय सुनाउनका लागि आजको पेशी तारिख तोकिएको प्रस्तुत रिट निवेदनमा रिट निवेदन एवं लिखित जवाफ सहितका मिसिल संलग्न कागजात समेत अध्ययन गरियो ।

**<u>रिट निवेदनमा लिईएको मुख्य निवेदन दावीः-</u>**

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गरिएको कतिपय व्यवस्था अस्पष्ट हुनुका साथै व्यक्ति बेपत्ता पार्ने, नियन्त्रणमा लिएर गरिएको हत्या, यातना तथा बलात्कार लगायत मानवता विरूद्धको गम्भीर अपराधमा संलग्न कसूरदारहरूले समेत अपराधबाट उन्मुक्ति पाउने अवस्था रहेको छ । यसअघि नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा जारी भएको बेपत्ता भएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ उपर सम्मानित अदालतमा जुरी नेपालको तर्फबाट अधिवक्ता माधवकुमार बस्नेत समेत रि.नं. ०६९-WS-००५७ तथा द्वन्द्व पीडितहरूको तर्फबाट निवेदक सुमन अधिकारी समेतबाट रि.नं. ०६९-WS-००५८ को रिट दायर भएको थियो । सम्मानीत सर्वोच्च अदालतले उक्त रिटहरूमा मिति २०७० पौष १८ गते सो अध्यादेशको दफा २३, २५ र २९ लगायतका प्रावधानहरूलाई असंवैधानिक घोषणा गर्दै गम्भीर प्रकृतिका कसूरहरूमा क्षमादानको सिफारिस नगर्ने प्रत्याभूति हुनुपर्ने, माफी प्रकृयामा पीडितको सहभागिता र सहमतिलाई अनिवार्य बनाउनु पर्ने । मानवअधिकारको गम्भीर उल्लंघनको आरोपका दोषी देखिएका व्यक्ति उपरको फौजदारी अभियोजन निश्चित, सहज र निर्बाध नबनाई कार्यपालिकाको विवेकाधिन एवं अनिश्चित रूपमा राखिएको भई न्यायमा अवरोध पुग्ने प्रकृतिको देखिएकाले सो व्यवस्थालाई संविधान र कानूनसंगत बनाउनुपर्ने । गम्भीर कसूरमा अल्प हदम्याद तोक्दा मानवअधिकार कानूनको उल्लंघनको घटनामा दण्डहीनताको अवस्था

सिर्जना हुन सक्ने हुनाले संविधान र न्यायसंगत हुने गरी संशोधित र परिमार्जन गर्नुपर्ने भन्ने समेतको आदेश जारी भएको थियो ।

हाल जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ को उपधारा (२) मा राखिएको प्रावधानमा प्रयुक्त *"..आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका.."* भन्ने वाक्याँशलाई एवं दफा १३ को उपधारा (२) मा रहेको *"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ"* भन्ने र दफा १३ को उपधारा (४) मा रहेको *"कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ"* भन्ने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को प्रतिकूल हुँदा अमान्य तथा बदर घोषित गरी पाउँ । न्यायिक स्वतन्त्रता तथा पीडितको प्रभावकारी कानूनी उपचारको हकको परिधि भित्र रहेर आयोग र न्यायपालिका बीचको सम्बन्धलाई पुनः परिभाषित तथा व्यवस्थित गर्न ऐन संशोधन गर्न विपक्षीको नाउँमा आदेश जारी गरी पाऊँ ।

पीडितको सुसुचित सहमति विना मेलमिलाप हुन नसक्ने कुराको कानूनी प्रत्याभूति दिन तथा क्षमादानको लागि सिफारीस गर्न पीडितको सहमतिलाई अनिवार्य शर्तको रूपमा कानूनी मान्यता दिन, अभियोजनको लागि आयोगले सिधैं महान्यायाधिवक्तालाई सिफारिस गर्ने व्यवस्था गर्न र अभियुक्तले विभागीय कारवाहिका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति नपाउने व्यवस्था गर्न तथा कब्जा सम्पत्ति सम्बन्धित हकदारलाई फिर्ता गर्न संगठन समेतलाई जवाफदेही बनाउन विवादित ऐनका दफा २२(१), दफा २४, दफा २५(३) (४), दफा २६(५), दफा २९(१) का व्यवस्थाहरू यस सम्मानित अदालतका पूर्व आदेशहरू अनुसार स्थापित विधिशास्त्र समेतको आधारमा आवश्यक संशोधन गर्न विपक्षीहरूको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाऊँ । नियन्त्रणमा लिई गरिएको हत्या, बलात्कार, बेपत्ता, यातना, आमनरसंहार, युद्ध अपराध, मानवता विरूद्धको अपराध, जबरजस्ती विस्थापन लगायतका मानव अधिकार

उल्लंघनलाई अन्तराष्ट्रिय कानून तथा मापदण्ड अनुरूप अपराधिकरण गरी पीडकलाई सजायको व्यवस्था नगरिएसम्म संक्रमणकालीन न्यायको प्रत्याभूति हुन नसक्ने भएकाले यस सम्मानित अदालतबाट यस सन्दर्भमा यस अघि जारी गरिएका आदेशहरूलाई समेत कार्यान्वयन गर्न शीघ्र आवश्यक कानून निर्माण गर्नु भन्ने परमादेशको आदेश जारी गरिपाऊँ ।

नेपालको अन्तरिम संविधानको धारा १३५(३)(ख) अन्तर्गतको संवैधानिक दायित्व बमोजिम संक्रमणकालीन न्याय सुनिश्चित गर्ने सन्दर्भमा सर्वोच्च अदालतद्वारा जारी आदेश तथा प्रतिपादित कानूनी सिद्धान्तहरूको यथोचित परिपालना गर्न गराउन आवश्यक कार्ययोजना सहित प्रभावकारी अनुगमन गर्नु गराउनु र परिपालना भए नभएको सन्दर्भमा आवधिक रूपमा सर्वोच्च अदालतलाई प्रतिवेदन दिनु भनी विपक्षी महान्यायाधिवक्ताको नाउँमा परमादेश जारी गरी पाऊँ ।

**विपक्षी तर्फबाट प्रतिवाद गरिएको लिखित जवाफको मुख्य अंशः-**

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को दफा १३ को उपदफा (२) र (४) का व्यवस्थाहरू संविधानसँग बाझिएको अवस्था छैन । सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लंघनसँग सम्बन्धित घटनाको फरक प्रकृति र जटिलता हुने भएकोले त्यस्ता घटनाहरूसँग सम्बन्धित विषयमा विषेश किसिमबाट छानविन गरी सत्य तथ्य पत्ता लगाउन संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना गरिने अन्तर्राष्ट्रिय अभ्यास रहेको र संविधानले समेत यसलाई स्वीकार गरेको छ । संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना हुनुअघि राज्यका विभिन्न संयन्त्रहरूमा अनुसन्धानको क्रममा वा अन्य कुनै रोहमा विचाराधीन त्यस्ता घटनासँग सम्बन्धित मुद्दाहरू सम्बन्धित अदालत वा निकायको परामर्शमा आयोगले छानविन गर्ने हुँदा यस्तो व्यवस्थाले विद्यमान व्यवस्था र संयन्त्रहरूलाई प्रतिस्पाथन गर्न खोजेको वा त्यस्ता निकायको स्वतन्त्रता र सक्षमतामा हस्तक्षेप हुने भन्ने अवस्था रहँदैन ।

ऐनको दफा २ को खण्ड (ञ) मा गरिएको परिभाषले मानव अधिकारको गम्भीर उल्लंघनका सबै विषयलाई पर्याप्त रूपमा समेटेको छ । उक्त परिभाषाले अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताहरूलाई पूर्ण रूपमा आत्मसात गरेको छ । ऐनको दफा २६ को उपदफा (१) र (२) को

व्यवस्थालाई दफा २ को खण्ड (ञ) को व्यवस्थासँग एकैसाथ राखेर हेर्नुपर्ने हुन्छ । दफा २६ को उपदफा (१) र (२) ले मानव अधिकारको गम्भीर उल्लंघनका कार्यमा संलग्न व्यक्तिलाई निशर्त क्षमादान (Blanket Amnesty) दिने सकिने गरी व्यवस्था गरेको भन्नु ऐनको समग्र उद्देश्य र व्यवस्था विपरित हुने भएकोले त्यसरी अर्थ गर्न सकिँदैन । मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरूमा दफा २६ को उपदफा (४) मा उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको कुरा स्वीकार गरेको, त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको स्वीकार गरी आयोग समक्ष पीडितसँग चित्त बुझ्दो ढङ्गले क्षमायाचना गर्न मञ्जुर गरेको, भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको हुनुपर्ने र पीडकले आफुबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको स्वीकार गरी सो सम्बन्धमा पीडितसँग माफी नमागेसम्म आयोगले पीडकलाई क्षमादान दिन सक्ने अधिकार ऐनको कुनै पनि दफाले आयोगलाई दिएको छैन ।

ऐनको दफा २२ ले पीडितको सहमति विना आयोगले एकतर्फी रूपमा पीडक र पीडित बीच मेलमिलाप गराउने व्यवस्था गरेको छैन । स्वतन्त्र र सक्षम आयोगले मानव अधिकारको आधारभूत सिद्धान्त विपरित गएर पीडितलाई मेलमिलापको दवाव सिर्जना गर्ने वा एकतर्फी रूपमा मेलमिलाप गराउने भन्ने रिट निवेदकको दावी यथार्थमा आधारित नभई काल्पनिक कुरा मात्र हो । ऐनको दफा २९ को उपदफा (१) को व्यवस्थाले आयोगले ऐन बमोजिम छानविन गरेका कुराहरूसहितको आफ्नो प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गर्दा शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत सिफारिस कार्यान्वयन गर्न महान्यायाधिवक्तालाई लेखी पठाउने व्यवस्था भएकोमा ऐनको कुनै दफाले पनि उक्त प्रक्रियामा बाधा उत्पन्न गर्ने गरी मन्त्रालयलाई तजविजी अधिकार दिएको नहुँदा रिट निवेदकको दावी बमोजिम बदर गर्नुपर्ने कुनै आधार र कारण छैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुनु पर्दछ ।

उपरोक्त बहस जिकीर मनन् गरी, पेश भएको लिखित बहसनोट, रिट निवेदन तथा लिखित जवाफ सहितको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनको रोहबाट मुख्यतः देहायका विषयहरुमा केन्द्रीत रही निर्णय दिनुपर्ने हुन आएको छ :

**१. संक्रमणकालीन न्यायको व्यवस्थापन सम्बन्धमा अन्तर्राष्ट्रिय मानबअधिकार कानून, मानवीय कानून, नेपालको अन्तरिम संविधान, बिस्तृत शान्ति संझौता र यस अदालतबाट संस्थापित विधिशास्त्रीय मान्यताहरु के कस्ता रहेका छन् ?**

**२. निवेदकहरुले चुनौति दिएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र यसका प्रावधानहरुले उपरोक्त विधिशास्त्रीय मूल्य मान्यतालाई आत्मसात गर्न सकेको देखिन्छ वा देखिँदैन ? नेपालको अन्तरिम संविधानको धारा १२, १३, २४ र यस अदालतबाट प्रतिपादित सिद्धान्त एवं नेपालको संवैधानिक कानून अनुकूल छन् वा छैनन् ?**

**३. निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन ?**

निर्णय निरुपणको निमित्त तय गरिएका उपरोक्त प्रश्नहरुका सम्बन्धमा विचार गर्नुपूर्व प्रस्तुत रिट निवेदनमा माग गरिएको विषयवस्तु र त्यसको पृष्ठभूमिको संक्षिप्त सिँहाबलोकन गर्नु वाञ्छनीय हुन आएको छ ।

निवेदकले मुख्यतः व्यवस्थापिका संसदबाट पारीत भई लागू भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना, दफा ३, १३, २२, २४, २५, २६ र २९ समेतका प्रावधानहरुले सत्यको वस्तुपरक उत्खनन् गरी द्वन्द्वको क्रममा मानब अधिकारको गम्भीर उल्लंघन गर्ने दोषिहरुलाई न्यायको दायरामा ल्याउनु पर्ने राज्यको दायित्व बहन गराउनुको सट्टा मेलमिलाप र क्षमादानको बहानामा उम्काउने, पीडितहरुको न्याय प्राप्त गर्ने मौलिक हक कुण्ठित पार्ने, संविधान प्रदत्त न्यायपालिकाको अधिकारक्षेत्रमा संकूचन र हस्तक्षेप आमन्त्रण गर्ने र महान्यायाधिवक्ताको अभियोजनको संवैधानिक अधिकारलाई नै चुनौति दिनुका साथै नेपालको अन्तरिम संविधान, २०६३, बिस्तृत शान्ति संझौता, २०६३, नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानब अधिकार कानून र मानवीय कानून एवम् यस अदालतबाट विभिन्न रिट निवेदनमा यसअघि नेपाल सरकार समेतका विरुद्ध जारी भएका उत्प्रेषण, परमादेश र निर्देशानात्मक आदेश समेतको प्रतिकूल हुँदा अमान्य र बदर घोषित गर्नुका साथै मानव अधिकारका विश्वव्यापी मूल्य र मान्यता अनुकूल हुने गरी संशोधन गर्नू गराउनू भनी परमादेश तथा निर्देशनात्मक आदेश समेतको माग गरेको देखिन्छ ।

प्रत्यर्थी नेपाल सरकार तथा व्यवस्थापिका संसदको हैसियतमा सो कानून निर्माण गर्ने संविधानसभा समेतको लिखित जवाफ अध्ययन गरि हेर्दा अन्य कुराका अतिरिक्त नेपालमा विगतमा चलेको द्वन्द्वको व्यवस्थापन गरी समाजमा मेलमिलाप र सौहार्द सम्बन्ध कायम गरी दीगो शान्ति र स्थायित्वका लागि संविधान, बिस्तृत शान्ति संझौता, अन्तर्राष्ट्रिय मानब अधिकार कानून र मानवीय कानून तथा यस अदालतबाट भएका आदेशसमेतलाई दृष्टिगत गरी उक्त कानून बनाइएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नरहेको भन्ने समेत जिकीर लिइएको पाइन्छ ।

**निवेदन दावी तथा लिखित जवाफ जिकीरको उपरोक्त सन्दर्भमा प्रथतः निर्णय निरुपणका निमित्त तय गरिएको पहिलो प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ ।** यस क्रममा मुख्यतः द्वन्द्वका समयमा घटाइएका मानब अधिकारको गम्भीर उल्लंघनका घटनालाई सम्बोधन गर्ने द्वन्द्वोत्तर न्यायिक, अर्द्धन्यायिक र सामाजिक प्रणाली के कस्तो हुनुपर्ने हो, संक्रमणकालीन न्याय प्रणालीका अवयवहरुको सन्तुलित विधिशास्त्रीय आधारस्तम्भ कसरी निर्माण गर्न सकिन्छ, पीडकलाई निजहरुले गरेको कसूर प्रति न्यायिक र समाजिकरुपमा जिम्मेवार र जवाफदेही बनाउँदै पीडितका चहऱ्याइरहेका पीडाहरुमा न्यायोचित समाधानद्वारा खाटा बसाउने कार्य कुन ढंगबाट हुनु आबश्यक छ भन्ने पृष्ठभूमिको आलोकमा ध्यान जानु अपरिहार्य हुन्छ ।

वस्तुतः मानब अधिकारहरु मानिसमात्रका त्यस्ता अपरिहार्य स्वार्थ, चाहना र आबश्यकता हुन् जसले मानिसलाई अन्य प्राणीहरुभन्दा भिन्न राख्न सकेको छ । प्राकृतिक प्राणी भएको नाताले मानिससँग अन्योन्याश्रित भएका र अपहरण गर्नै नसकिने यस्ता अधिकारहरुको दायराभित्र गैरकानूनी तवरले प्रवेश गर्ने वा अतिक्रमण गर्ने वा उल्लंघन गर्ने छुट राज्य वा अमुक संगठन वा कुनै व्यक्ति कसैलाई पनि छैन । त्यस्तै मानवीय सम्बेदनाका कतिपय विषयहरु संकटकालीन अवस्था वा युद्धका बेला समेत अनतिक्रम्य र संरक्षित रहनु पर्दछ ।

यद्यपि विभिन्न काल खण्डहरुमा यो वा त्यो अनेक बहानामा युद्ध वा सशस्त्र द्वन्द्वको विभिषिकाबाट मानब समुदाय प्रताडित बनिरहनु परेको कटु यथार्थलाई विर्सन सकिँदैन । कतिपय अवस्थामा सशस्त्र द्वन्द्वलाई अपरिहार्य आबश्यकताको कोणबाट ग्रहण गर्ने वा अर्थ्याउने प्रयासहरु समेत भएका पाइन्छन् । पूर्विय दर्शनमा सत्य, द्वापर र त्रेता युगमा समेत डरलाग्दा सशस्त्र द्वन्द्वहरु

भएको दृष्टान्त पाइन्छ । शुर र असुर, देब र दानब, सत्य र असत्य, धर्म र अधर्मका नाममा गरिएका भनिएका त्यस्ता द्वन्द्वमा देवता वा सत्यको जित भएको आख्यान हाम्रा लागि नौलो छैन । रामायण, महाभारत र गीता जस्ता हिन्दू धर्म ग्रन्थहरु द्वन्द्वकै घटनामा आधारित भएर रचना गरिएको पाइन्छ । तर आश्चर्यको कुरा त्यसबखत भएका भनिएका सशस्त्र द्वन्द्व पनि स्वच्छन्द नभई युद्धको नियममा आधारित हुने गरेको पाइन्छ । सूर्योदय देखि सूर्यास्तसम्म मात्र लडाई गर्न पाइने, आक्रमण गर्नुअघि संखनाद् गरेर विपक्षीलाई सतर्क रहन संकेत दिइने, पछाडिबाट वा झुक्याएर प्रहार नगर्ने, महिला र बालबालिकाहरुलाई आक्रमण नगर्ने तथा घाईते एवम् आत्मसमर्पण गर्ने योद्धाहरुलाई नमार्ने, संरक्षण प्रदान गर्ने, धार्मिक युद्धका नियमहरु मानवअधिकार मैत्री र मानवसंवेदी देखिन्छन् । साथै द्वन्द्व पछिको अवस्थामा युद्धको नियम उल्लंघन गर्ने दोषिलाई दण्डित गर्दै पुनर्निमाण, विकास र सामाजिक सहअस्तित्व तथा मेलमिलाप कायम गरिएका दृष्टान्तहरु समेत यस्ता आख्यानहरुमा प्रचुर मात्रामा भेटिन्छन् ।

आधुनिक मानव विकासको इतिहाँस पनि सशस्त्र द्वन्द्वकै मार्गबाट गुज्रिएको पाइन्छ । एशिया, अफ्रिका मात्र होइन आधुनिक सभ्यताको परिचायक ठान्ने यूरोप र अमेरिकी महाद्विपहरुको सभ्यता निर्माण समेत द्वन्द्वकै जगमा खडा भएको भन्ने देखिन्छ । यस दृष्टिकोणबाट हेर्दा विश्वभरिका राज्यहरुको वर्तमान राजनीतिक सीमा रेखा कुनै न कुनै रुपमा द्वन्द्वकै असर र प्रभावबाट कोरिएको अवस्थालाई हेक्का राख्नै पर्ने हुन्छ ।

अन्ततोगत्वा युद्धको पीडाबाट हार खाएर मानिसले आफ्नै हृदयको स्पन्दनको साझा विवेकबाट जागरुक भई यसलाई रोक्ने वा द्वन्द्व श्रृजित असर वा पीडालाई कम जोखिमयुक्त बनाउने प्रयासको थालनी गरेको पनि शताब्दीयौं नाघिसकेको देखिन्छ । प्रथम विश्वयुद्धअघि युरोपमा यस्ता कैयौं प्रयासहरु भएका पाइन्छन् । लिग अफ नेशनको स्थापना युद्धकै अन्त्यको खोजिस्वरुप भए पनि यसले दोस्रो विश्वयुद्धको त्रासदिपूर्ण नरसंहार र पीडाबाट मानब समुदायलाई जोगाउन सकेन । यसका दुस्प्रभावहरुले अझैसम्म पनि मानव सभ्यतामाथि औला ठड्याइरहेको अवस्था छ । दोस्रो विश्वयुद्धको समाप्तिसँगै तेस्रो विश्वयुद्धको पुनराबृत्ति हुन नदिन संयुक्त राष्ट्रसंघको स्थापना गरिएको र यसको स्थापना सँगसँगै द्वन्द्व रोकथाम र व्यवस्थापनका अन्तर्राष्ट्रिय पहलहरुले ठोस आकार लिन थालेको वस्तुतथ्य सबैलाई विदितै भएको कुरा हो ।

त्यसलाई पुनाराबृत्ति गर्न यहाँ संभव र आबश्यक छैन । आबश्यकता केवल स्मरण मात्रको छ । संयुक्त राष्ट्रसंघको स्थापना पछिको सात दशक पारगर्दासम्मको आजको दिनसम्म आइपुग्दा तेस्रो विश्वयुद्धको खतरा त टरेकै छ तर राज्य राज्य बीच द्विपक्षीय, त्रिपक्षीय तथा राज्यभित्रै आन्तरिकरुपमा विभिन्न वर्ग, समूदाय वा त्यस्ता समूदाय र राज्य बीच कुनै न कुनै कारणबाट द्वन्द्वहरु भइनै रहेको देखिन्छ ।

इतिहाँसबाट पाठ सिक्दै विश्वजनमतले यो कुरामा मत्यैक्यता कायम गरेको छ की अब जुनसुकै उद्देश्य वा प्रयोजनबाट गरिने द्वन्द्व हुन् तिन्को आडमा मानव अधिकार र मानवीय संवेदनालाई उल्लंघन गर्ने छुट कसैलाई छैन । त्यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको निगरानी, नियमन र उपस्थिति हरेक आन्तरिक वा बाह्य सशस्त्र द्वन्द्वका घटनाहरु उपर रहिरहेकै हुन्छ । राष्ट्रिय कानूनका अतिरिक्त अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून विपरीत हुने मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरु अक्षम्य छन् र दण्डनीय छन् । त्यस प्रकारको दोषबाट उन्मुक्ति लिन अब सम्भव छैन । सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघनको विषय कुनै मुलुक विषेशको मात्र चासो र स्वार्थको विषय नभई समग्र विश्वको साझा सरोकार निहित रहेको अर्थात विश्वव्यापीकरणको अविभाज्य र अक्ष्क्षुण एजेण्डा बन्न पुगेको छ । त्यसैले यस्ता विषयहरुलाई न्यायको दायरामै नल्याउने वा ल्याएर पनि सामसुम पार्नखोज्ने प्रवृत्तिले बैधता नपाउने निश्चित छ ।

सशस्त्र द्वन्द्वको क्रममा लागू हुने अन्तर्राष्ट्रिय कानूनका दुई प्रणालीभित्र अन्तर्राष्ट्रिय मानव अधिकार कानून र अन्तराष्ट्रिय मानवीय कानून पर्दछन् । यी दुबै एक अर्काका प्रतिस्पर्धी नभई परिपूरक हुन् । मानब अधिकार कानून द्वन्द्व र शान्ति जुनसुकै अवस्थामा पनि लागू हुन्छ भने मानवीय कानून युद्धको समयमा लागू हुन्छ । तर यी दुबैको उद्देश्य मानव मर्यादाको रक्षा वा संरक्षण गर्नु नै हो । पक्ष राष्ट्रहरुले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि तथा प्रथाजनित अन्तर्राष्ट्रिय कानूनबाट उपरोक्त कानून प्रणालीको समग्र स्वरुप निर्माण भएको छ । मुख्यतः अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले पक्ष राष्ट्रउपर दायित्व तोकेको देखिन्छ भने मानवीय कानून द्वन्द्वरत सबैपक्षलाई समानरुपमा लागू हुन्छ । उक्त कानूनहरुले मुख्यतः मानवता विरुद्धको अपराध, आम नरसंहार, जाति हत्या, बलपूर्वक बेपत्ता पार्ने, मानब बेचविखन र बलात्कार, क्रुर अमानवीय

व्यवहार, यातना र गैरकानूनी हत्या जस्ता अपराधहरुलाई मानवअधिकार उल्लंघनका गम्भीर घटनाको रुपमा लिएको पाइन्छ ।

जेनेभा महासन्धि, १९४९ र यससँग सम्बद्ध साझा महासन्धिहरु अन्तर्राष्ट्रिय मानवीय कानूनका लिखित श्रोत हुन् । यीमध्येका चार वटा महासन्धिलाई नेपालले मिति २०२०।१०।२४ मा अनुमोदन गरिसकेको हुँदा विगतको द्वन्द्वको क्रममा यिनका प्रावधानहरु स्वतः आकर्षित हुन्छन् । त्यस्तै प्रथाजनित अन्तराष्ट्रिय मानवीय कानूनहरु पनि अन्योन्याश्रितरुपमा सँगसँगै लागू हुन्छन् ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनका रुपमा पर्नेमध्ये जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ र ऐजनको पहिलो र दोस्रो स्वेच्छिक प्रोटोकल, आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र यसको अनुबन्ध, महिला विरुद्ध सबै प्रकारका विभेदको उन्मूलनसम्बन्धी महासन्धि, १९७९ र ऐजनको स्वेच्छिका प्रोटोकल, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धि, १९८४, बालअधिकार महासन्धि, १९८९ र यसका दुई वटा स्वेच्छिक प्रोटोकल समेतले नेपालले विगतको द्वन्द्व अगाबै अनुमोदन गरिसकेको अवस्था हुँदा तिन्को उपेक्षाबाट गरिने द्वन्दोत्तर व्यवस्थापन विश्व समुदायलाई स्वीकार्य हुन सक्दैन । नेपाल सन्धि ऐन, २०४७ को धारा ९ ले त्यस्ता संन्धिसँग बाझिएका नेपाल कानून अमान्य भई सन्धिकै प्रावधान क्रियाशील हुने घोषणात्मक व्यवस्था गरेको कुरा स्मरणीय छ ।

मानब अधिकारको चर्चा गर्दा विर्सनै नसकिने अपरिहार्य विषय मानिसको सम्मानपूर्वक बाँच्न पाउने अर्थात जीवनको अधिकार अन्य अधिकार भन्दा उपल्लो कोटीमा पर्दछ । जस्तै संकट वा विपत् आइपरेको अवस्थामा समेत नागरिकको जीवनको अधिकार अपहरित वा कुण्ठीत हुन सक्दैन । नेपालले अनुमोदन गरेको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४(२) ले धारा ६, ७, ८ (प्रकरण १ र २), ११, १५, १६ र १८ प्रदत्त देहायका मानव अधिकारहरुलाई संकटकालमा समेत हरण गर्न नमिल्ने (non deroable Rights) अधिकारको रूपमा राखेको देखिन्छ :-

- जीवनको अधिकार -धारा ६,
- यातना, क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्ध संरक्षण - धारा ७,

- दासत्व, दास व्यापार र चाकरीबाट उन्मुक्ति - धारा ८(१) र (२),
- करारीय दायित्व पूरा गर्न नसकेबापत थुनामा बस्न नपर्ने - धारा ११,
- फौजदारी कानूनको भूतलक्षी प्रयोग गर्न नहुने - धारा १५,
- कानूनको अगाडि व्यक्तिको मान्यता पाउने अधिकार - धारा १६,
- विचार, विवेक र धार्मिक स्वतन्त्रता - धारा १८ ।

यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४३ को उपधारा (७) को प्रतिबन्धात्मक बाक्यांशअनुसार देहायका मौलिक हकहरू संकटकालमा समेत निलम्बन गर्न नमिल्ने देखिन्छ :-

- जीवनको अधिकार, वैयक्तिक स्वतन्त्रता, राजनैतिक दल र संघसंस्था खोल्ने समेत स्वतन्त्रता - धारा १२(१), (२) र (३) को खण्ड (ग) र (घ),
- समानताको हक - धारा १३,
- छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक - धारा १४,
- कुनै समाचार प्रकासन, प्रसारण गरेबापत विद्युतीय वा छापा माध्यम बन्द, जफत र दर्ता खारेज नहुने - धारा १५ को उपधारा (३) र (४),
- वातावरण तथा स्वास्थ्यसम्बन्धी हक - धारा १६,
- शिक्षा तथा संस्कृति सम्बन्धी हक - धारा १७,
- रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक - धारा १८,
- महिलाको हक - धारा २०,
- सामाजिक न्यायको हक - धारा २१,
- बालबालिकाको हक - धारा २२,
- धर्म सम्बन्धी हक - धारा २३,
- न्याय सम्बन्धी हक - धारा २४,
- यातना विरूद्धको हक - धारा २६,

- शोषण विरूद्धको हक - धारा २९,
- श्रम सम्बन्धी हक - धारा ३०,
- देश निकाला विरूद्धको हक - धारा ३१,
- उल्लिखित अधिकार र स्वतन्त्रता अतिक्रमण भएमा अलबलम्बन गर्न सकिने संवैधानिक उपचारको हक र बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक - धारा ३२ ।

तुलनात्मक अध्ययनबाट रुपमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ४(२) ले अनुल्लंघनीय बनाएका प्रायः सबैजसो मानवअधिकारहरूलाई वर्तमान अन्तरिम संविधानको धारा १४३(७) को प्रतिबन्धात्मक बाक्यांशले पनि अहरणीय मौलिक हककै कोटीमा राखेको देखिन्छ । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रले निलम्बलन गर्न नमिल्ने अधिकारको सूचीमा राखेको आधिकारका अतिरिक्त नेपालको अन्तरिम संविधानले समानताको हक, छुवाछुत विरूद्धको हक, संचारमाध्याम र पत्रपत्रिका, वातावरण तथा स्वास्थ्य, शिक्षा तथा संस्कृति, सामाजिक न्याय, महिला, बालबालिका, धर्म, न्याय, यातना विरूद्धको, श्रम सम्बन्धी, देश निकाला विरूद्धका हक अधिकारहरू निलम्बन नहुने कोटीमा राखेको देखिन्छ । अन्तरिम संविधानको यो व्यवस्था नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको व्यवस्थाभन्दा पनि उदार र फराकिलो देखिन्छ ।

संक्रमणकालीन न्याय समाजसँग अन्योन्याश्रित प्रक्रिया वा संयन्त्र हो । यसमा मूलतः पीडित र पीडक सम्मूख हुन्छन् । त्यस्तै यसका मुख्यतः दुइवटा आयाम हुन्छन् । पहिलो विगतमा घटाइएका गम्भीर प्रकृतिका आपराधिक घटनाका दोषिहरुलाई दण्डित गर्ने र दोस्रो मेलमिलापको वातावरण सिर्जना गर्ने । यी दुबै प्रक्रियाबाट पीडकलाई कानून र समाज प्रति निरन्तर उत्तरदायी वा जवाफदेही बनाइन्छ । के कस्ता विषयहरु न्यायको दायरामा आउने हुन् र के कस्ता विषयहरु मेलमिलापमा जाने हुन् भन्ने कुराको वास्तविकता पत्ता लगाई सही ढंगबाट कार्यान्वयन गर्नु नै संक्रमणकालीन न्यायको अभिष्ट हो । गम्भीर कसूर गर्ने व्यक्तिलाई मेलमिलापको वहानामा सजायबाट उम्काउने र मनसाय सहित नगरिएका सामान्य प्रकृतिका घटनाहरुमा पनि अभियोजन नै गर्नुपर्छ भन्ने सोंचले संक्रमणकालीन न्याय सफल हुन सक्दैन । संक्रमणकालीन न्यायका देहायका चार चरण रहेका छन्:

- विगतमा भएका घटनाहरुको सत्यतथ्य अन्वेषण (Truth Seeking) गरी सार्वजनिक गर्ने ।

- गम्भीर प्रकृतिका घटनामा संलग्नहरुलाई अभियोजन गरी न्याय (Justice) कायम गर्ने ।
- पीडितलाई संबोधन गरी परिपूरणको (Reparation) व्यवस्था गर्ने ।
- भविश्यमा त्यस्ता घटना नदोहोरिने सुनिश्चितता (Non-recurrence) गराउने ।

त्यसैगरी यस अदालतबाट द्वन्द्वकालमा बलपूर्वक वेपत्ता पार्ने कार्य लगायत हत्या, बलात्कार जस्ता मानब अधिकारको गम्भीर उल्लंघनका दोषिहरुलाई न्यायको दायरामा नल्याई राज्यले त्यत्तिकै उन्मूक्ति दिन मिल्दैन भन्ने सम्बन्धमा विभिन्न रिट निवेदनहरुको रोहबाट नेपाल सरकार समेतका नाममा पटकपटक आदेश जारी भएको अवस्था छ ।

**१.अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको सहोदर भाई रविन्द्रप्रसाद ढकाल समेत विरुद्ध नेपाल सरकार, गृहमन्त्रालय सिंहदरवार :**

प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा मुख्यत द्वन्द्वको समयमा बलपूर्वक पक्राउ गरी वेपत्ता पारिएका नागरिकहरुको खोजि गरी रिहा गर्न माग गरिएको देखिन्छ । उक्त निवेदनमा यस अदालतको संयुक्त इजलासबाट **सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेका भनिएका व्यक्तिहरुको स्थिति, बेपत्ता पारिएका वा पत्ता नलागेका नागरिकहरुको हकमा खासगरी द्वन्दरत अवस्थामा राज्यको के कस्तो दायित्व रहने, यस्तो दायित्व निर्वाह गर्ने गराउने कुरामा न्यायीक उपचारको के कस्तो सम्भावना रहन्छ र सो सिलसिलामा अदालतको भूमिका के कस्तो हुन सक्छ, बेपत्ता भएका नागरिकहरुको स्थिति जाँचबुझ गर्न तथा सार्वजनिक गर्न हालसम्म के कस्तो प्रयास भयो, सो प्रयास पर्याप्त र प्रभावकारी भयो भएन, त्यस सम्बन्धमा के गर्न उपयुक्त हुन्छ , अनुसन्धान एवं छानबिन गरी बेपत्ता भएका नागरिकहरुको स्थिति पत्ता लगाउन, दोषीलाई दण्ड दिन र पीडितलाई क्षतिपूर्ति लगायतका उपचार दिने सम्बन्धमा के कस्तो कानूनी ब्यवस्था बिद्यमान छ , त्यस्तो कानूनी ब्यवस्था पर्याप्त र प्रभावकारी छ, छैन, छैन भने के कस्तो कानूनी संरचना र पहल आबश्यक हुन्छ , बेपत्ता पारिएको भनिएका नागरिकहरुको सम्बन्धमा खोजबिन गर्ने लगायतको उपचार प्राप्त गर्न तथा बेपत्ता पारिएको कारणले सम्बन्धित परिवारमा पर्न गएको क्षति तथा असरलाई मध्येनजर राखी तत्काल भोग्न परेको पिडा र क्षति कम गर्न तात्कालिक राहत स्वरुप कुनै अन्तरिम ब्यवस्था गर्नु बाञ्छनीय हुन्छ, हुंदैन, यदि हुन्छ भने हाल परिरहेकै निबेदनहरुबाट नै यस्तो आदेश गर्न मिल्छ, मिल्दैन ? भन्ने प्रश्नहरुमा केन्द्रीत रही** द्वन्द्वकालमा बलपूर्वक व्यक्ति वेपत्ता पार्ने कार्य नेपालको संविधान र कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून तथा बलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरुको संरक्षण सम्बन्धी

अन्तराष्ट्रिय प्रतिज्ञापत्र, २००६ (*International convention for the Protection of all Person from Enforced Disappearance,2006)* समेतको प्रतिकूल हुन जाने भन्दै यस प्रकारको गम्भीर मानब अधिकार उल्लंघनका घटनाका दोषिलाई न्यायको दायरामा नल्याई उन्मूक्ति दिन नमिल्ने व्याख्या गर्दै देहाय बमोजिम आदेश जारी गरेको देखिन्छ[1] :

*द्वन्द्वको क्रममा भएको व्यापक प्रकृतिको वेपत्ता पारिएको घटनाहरु र अन्य अवस्थामा पनि वेपत्ता पारिएका अवस्थामा पक्रने, थुन्ने, वन्धक राख्ने, थुन्दाको वापतमा अपनाउनु पर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजको परिवारजनको अधिकार, निजहरुले प्राप्त गर्न सक्ने उपचार, निजहरुको सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धान जस्ता विषयहरुमा संवोधन गरिएको हामीकहाँ कानूनकै अभाव देखियो । सार्वजनिक महत्वको कुनै प्रश्नमा जांचवुझ गर्ने ऐन सम्मको व्यवस्था भए पनि वेपत्ता पारिएका व्यक्तिहरुको सन्दर्भमा सो प्रयोजनका लागि जाँचवुझ गर्न बनेको ऐन नै नहुनाले त्यस्तो ऐन विना वास्तविक, व्यवहारिक र प्रभावकारी जाँचवुझ हुन नसक्ने देखियो । साथै विद्यमान फौज्दारी कानून भित्र पनि यससंग सम्बन्धित प्रश्नहरुलाई संवोधन गर्ने कानूनी र संरचनात्मक व्यवस्था गरिएको पाइएन ।*

*तसर्थ यो समस्याको प्रभावकारी संवोधन गर्नको लागि वेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक वेपत्ता पारिएको कुरालाई वेपत्ता पारिएकोहरु संरक्षण सम्बन्धी महासन्धि २००६ मा समावेश गरिएको परिभाषा अनुरुप परिभाषित गर्न, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउंको किटान र थुनामा रहनेसंग निजको वकील र परिवारजनको सम्बन्ध र पहुंचको व्यवस्था, थुनुवालाई थुनाको कारणको सूचनाको हक, थुनुवाका न्यायिक उपचारको हकको व्यवस्था, गैर कानूनी थुनामा राखेको अवस्थाको थुनुवा तथा निजलाई थुनामा राखीएबाट वा वेपत्ता पारिएबाट पीडित भएका सम्बन्धीत व्यक्ति तथा परिवारको क्षतिपूर्ति लगायतको उपचारको हक, अनुसन्धान प्रक्रिया लाई प्रभावहीन हुन नपाउने गरी लचिलो हदम्याद सम्बन्धी व्यवस्था, गैरकानूनी थुनामा राखेको वा वेपत्ता गऱ्यो भन्ने सम्बन्धी उजुरी सुन्ने निकाय र तिनको उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनको लागि औपचारिक वन्दीगृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाको लागि थुनामा*

[1] रिट नं. ३५७५ समेत, आदेश मिति २०६४।२।१८।६ (ने.का.प.२०६४ निर्णय नं.७८१७)

*राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम नामेसी र ठेगाना लगायतका प्रासङ्गिक विवरणहरु र थुना हस्तान्तरण गर्दा पनि तदनुरुपको व्यवस्था गर्नुपर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रक्रियाको विकास, थुनावाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने शर्तहरुको व्यवस्था र निजको शारीरिक एवं मानसिक अवस्थाको अभिलेख राख्ने जस्ता व्यवस्थाहरु समेटिएको कानूनको निर्माण प्राथमिकताको साथ गर्नुपर्ने आवश्यकता महशूस भएको छ ।* ***वेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाइएको अवस्थामा वा सजायं तोकिएका व्यक्तिहरुलाई माफी दिन नमिल्ने जस्ता अन्तर्राष्ट्रिय मापदण्डको सम्बन्धमा पनि ध्यानाकर्षण गरी उचीत व्यवस्था गर्नु उत्तिकै महत्वपूर्ण छ । यस प्रयोजनको लागि वलपूर्वक वेपत्ता पारिएका सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि*** **(International convention for the Protection of all Person from Enforced Disappearance)** ***लाई मार्गनिर्देशकको रुपमा ग्रहण गर्न वान्छनीय हुन्छ ।***

*उपरोक्त बमोजिम* ***वलपूर्वक वेपत्ता वनाइएका व्यक्तिहरुको संरक्षण सम्बन्धी ऐन कार्यान्वयनको लागि सोही ऐनमा वा छुट्टै रुपमा त्यस्ता वलपूर्वक वेपत्ता वनाइएका व्यक्तिहरुको सम्बन्धमा छुट्टै जाँचवुझ आयोग गठन गर्ने व्यवस्था समेत समावेश गर्न वान्छनीय हुन्छ ।*** *यस किसिमको समस्याको जाँचवुझ गर्न छुट्टै अधिकार, शिप र प्रक्रियाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित वलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा  जाँचवुझ गर्ने आयोगको आधारहरु* (Criteria for Commission on Enforced Disappearance) *लाई मार्ग निर्देशकको रुपमा शर्तहरु किटान गर्न उपयुक्त हुने देखिन्छ ।*

*यस अन्तर्गत अन्य कुराको अतिरिक्त प्रस्तुत बिषयसंग सम्बन्धित सबै घटनाहरुको जाँचवुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचवुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनित व्यक्ति सो कामको लागि उपयुक्त र दक्ष हुनु पर्ने, निजहरु स्वतन्त्र र निष्पक्ष हुनु पर्ने, सो को लागि आवश्यक सेवाशर्त र सुविधाको व्यवस्था गर्नुपर्ने, त्यसमा महिला वा अन्य जाती वा समुदायको प्रतिनिधित्व हुनु पर्ने, आयोगको काम कर्तव्य र अधिकार ऐनमा नै तोकिनु*

*पर्ने, समस्याका प्रकृति अनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीको आधारमा  जाँचबुझ गर्न सक्ने, स्थिति स्पष्ट नभए सम्म जाँचवुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचवुझको लागि महत्वपुर्ण पीडित, साक्षी, उजुरवाला, वकील र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनिरहनको लागि निजहरुको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरुले आफ्नो सरोकार र भनाई राख्न पाउने अधिकार र अवसरको व्यवस्था, निजहरुको भनाई गोप्य राख्न सकिने व्यवस्था गर्न जरुरी हुन्छ भने त्यस्ता आयोगलाई आवश्यक ठाउं, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्न पर्ने देखिएका व्यक्तिहरु वुझने लगायतको सबै अधिकार दिन आवश्यक हुन्छ । त्यस्ता आयोगलाई आफ्नो तोकिएको कार्यसम्पन्न गर्न आवश्यक स्रोत साधन उपलव्ध गराउने व्यवस्था पनि सुनिश्चित गर्न जरुरी हुन्छ । यी सबै कुराहरु विधि निर्माणको क्रममा बिचार गरिन बाञ्छनीय  हुन्छ ।*

*कानून वनाउने कुरामा सार्वभौम नेपाली जनताले सुम्पेको विधायिकी अधिकार अन्तर्गत वुद्धिमानी पूर्वक विधिनिर्माण गर्ने सिलसिलामा उपरोक्त कुराहरुलाई वान्छित स्थान दिएमा यस किसिमको समस्या भोगेका जनता कुनै न कुनै हद सम्म लाभान्वित हुन सक्ने आशा गर्न सकिन्छ ।*

*यसरी वेपत्ता पारिएको व्यक्तिहरुको संरक्षण सम्बन्धी ऐन, तिनीहरुलाई* ***वेपत्ता पारिएको कारण र अवस्थावारे जाँचवुझ आयोगको व्यवस्था कानूनबाटै गरी व्यापक रुपमा छानबिन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लेखित व्यक्तिहरुको हकमा छानबिन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौज्दारी अनुसन्धान पुरा गरी आवश्यकता र उपयुक्तता अनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजन लगायतको निर्णय गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, तथा गृहमन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशात्मक आदेश जारी गरि दिएको छ*** *।*

*बेपत्ता भएको कारणले सम्बन्धित व्यक्तिले भोगेको असरको अतिरिक्त परिवारजन वेपत्ता भएको कारणले परिवारले विभिन्न सामाजिक आर्थिक एवं मानसिक क्षति निरन्तर रुपमा भोग्न परिरहेको हुन्छ । बेपत्ता भएको मानिसको खोजवीन गर्नको लागि लाग्ने समय, श्रम र ब्यय अनि सो सिलसिलामा आफूले गुमाएको शान्ती र व्यहोरेको भार साथै वेपत्ता पारिएको भनेको व्यक्तिको अनुपस्थितिले श्रम उत्पादकत्व तथा सुरक्षा लगायतमा परेको असरको मूल्याङ्कन गरियो भने यसको दुरगामी सामाजिक तथा आर्थिक परिणामहरु देखिन आउछन् । राज्यले एकातिर वेपत्ता*

पारिएको भनिएका व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न नसकेको र अर्को तिर परिवारजनले सो सिलसिलामा निरन्तर क्षति र दायित्व व्यहोर्नु परिरहेको हुंदा वेपत्ता पारिएको भनेको व्यक्तिहरुको स्थिति निर्णायक रुपमा स्पष्ट नभए सम्म यसबाट सिर्जित पीडा निरन्तर हुने हुनाले यसको संवोधन पनि कुनै रुपमा गर्न अनिवार्य देखिन्छ ।

जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लघंनको घटनालाई कुनै मौद्रिक वा आर्थिक रुपमा क्षतिपूर्ति हुन सक्ने अवस्था नै रहन्न । त्यसो भए पनि पीडितको परिवारलाई किञ्चित भए पनि सहयोग गर्न राज्यको उत्तरदायित्व भएको र अधिकारहरु उपचारको प्रभावकारी व्यवस्था विना अर्थहिन हुने हुनाले उपचार खोज्ने पीडितको परिवारको हकलाई सम्मान गर्न पनि अन्तरिम प्रकृत्तिको तात्कालिक राहत स्वरुप सहायता दिनुपर्ने आवश्यकतालाई यो इजलासले हार्दिक रुपमा हृदयङ्गम गरेको छ ।

यस अदालतको आदेशबाट गठीत कार्यटोलीको अनुसन्धानबाट समेत मृत्यु भै सकेको पुष्टि भएको भनिएका व्यक्ति चक्रवहादुर कटुवालको हकमा तात्कालिक राहतको रुपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही २ लाख रुपैया क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानविन गरी सकिएको सुरक्षाकर्मीले पक्राउ गरि बेपत्ता पारिएको निष्कर्ष निकालिएको राजेन्द्रप्रसाद ढकाल, बिपिन भण्डारी र दिलवहादुर राईको हकमा जनही एक लाख पचास हजार र वांकी निवेदनमा उल्लेखित स्थिति प्रष्ट नभएका व्यक्तिहरुको हकमा जनही १ लाख रुपैया तात्कालिक राहत स्वरुप अविलम्व उपलव्ध गराइ दिनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०० र १०७(२) अनुसार यो आदेश जारी गरी दिएको छ ।

साथै माथि विभिन्न प्रकरणमा उल्लेखित कुराहरुमा प्रतिकूल असर नपर्ने गरी हाल सम्मको पीडितहरुको अवस्था र यस पछि पनि वेपत्ता भएका कारणले निरन्तर भोग्नु परेको क्षति र असुविधालाई बिचार गरी आर्थिक शैक्षिक रोजगारी लगायतको विभिन्न पक्षहरु बिचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ ।

**२.द्वन्द्व पीडित तथा कृषक हकहित संरक्षण समाज केन्द्रीय कार्यालय कैलाली धनगढीका तर्फबाट अख्तियार प्राप्त भै आफ्नो हकमा समेत लिलाधर भण्डारी समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं समेत :**

**प्रस्तुत** परमादेशको निवेदनमा सशस्त्र द्वन्द्वको समयमा निवेदकहरुको परिवारको नाममा रहेको विभिन्न चल अचल सम्पत्ति, उद्योग धन्दा कलकारखाना पेशा व्यवसाय जस्ता निजी सम्पत्ति विपक्षी पार्टी एवं पार्टीका भातृ संगठनहरुले कब्जा गरी निवेदकहरुलाई घरवार विहिन, पेशा विहिन बनाई कब्जा गरी विस्थापित जीवन विताउनु परेको, नेपालको अन्तरिम संविधान, २०६३ मा समेत त्यस्तो सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा शान्ति सम्झौता गर्ने दलहरुद्वारा गरिएको प्रतिवद्धतालाई संविधान मै उल्लेख भएको हुँदा नेपाल सरकार, राजनैतिक दल एवं मानव अधिकार आयोगसमक्ष त्यस्तो सम्पत्ति घर जग्गा फिर्ताको लागि पटकपटक निवेदन गर्दा कुनै पहल चासो नभएर देश भित्रै अनागरिकको रुपमा विस्थापित जीवन विताउनु परेको हुँदा विपक्षीहरुबाट कब्जा भएका सम्पत्ति अविलम्ब फिर्ता गरी न्यायोचित क्षतिपूर्ति समेत दिनु दिलाउनू भन्ने परमादेशको आदेशसमेत माग गरेको देखिन्छ । उक्त निवेदनमा यस अदालतको संयुक्त इजलासबाट संक्रमणकालीन न्यायको सम्बन्धमा व्याख्या र विवेचना गर्दै कब्जा गरिएको सम्पत्ति फिर्ता गर्नको लागि देहायबमोजिमको आदेश जारी भएको पाइन्छ[2] :

- **संक्रमणकालीन न्यायमा द्वन्द्वकालका घटनाहरुको समग्रतामा मूल्यांकन गरी रणनीतिक उपचार गर्ने दृष्टिकोण लिईन्छ, त्यसैले अपराध अनुसन्धान र अभियोजन, सत्य अन्वेषण** (Truth Seeking), **क्षतिपूर्ति** (reparation), **संस्थागत सुधार** (Institutional reforms), **परीक्षण** (vetting) **लगायतका विविध पक्षहरुमा चरणवद्ध विचार गर्नुपर्ने ।**
- **द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरुद्धका वा मानव अधिकार उल्लंघनका गम्भिर कसूरहरु रोक्ने, ती कसूरहरु दोहोरिन नदिने, पीडितमा सुरक्षा र आत्मसम्मानको भाव उद्‌बोधन गराउने, घटनावलीको यथार्थ अभिलेख राख्ने, राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनर्स्थापना गर्ने, अन्ततः शान्ति बहालीको मार्गमा योगदान पुऱ्याउने नै संक्रमणकालीन न्यायका मुख्य अभिष्टहरु हुने ।**
- **निर्विवाद सम्पत्तिहरु निवेदकहरुले कानून बमोजिम भोग विक्री व्यवहार वा चलन गर्न सक्ने सम्पत्तिहरु हुँदा त्यस्तो सम्पत्तिको संरक्षण गर्नु राज्यको पहिलो कर्तव्य हुन आउने ।**

---

[2] सम्बत् २०६४ सालको रिट नं.०८६३ आदेश मिति २०६५।९।२३।४ (ने.का.प. २०६५ निर्णय नं.८००२) ।

- द्वन्द्वको कारणहरु जे भएपनि व्यक्तिको जीउ, ज्यान र सम्पत्तिको हक अनुल्लघंनीय रहन्छन् । द्वन्द्व चर्किएको कारणले मात्रै कसैको वैयक्तिक वा साम्पत्तिक हकमा हस्तक्षेप वा उल्लंघन गरेको कार्यले वैधता प्राप्त गर्न नसक्ने हुँदा द्वन्द्वको सिलसिलामा गरिएको भएपनि कानून प्रदत्त हक हननको हरेक कार्य गैरकानूनी नै मानिने ।
- संविधान अन्तर्गत स्थापित हकहरुको प्रयोग वा प्रचलनमा शान्ति सम्झौताले पनि प्रतिवद्धता जाहेर गरेको हुँदा हक प्रचलन गराउने प्रयोजनको लागि आनुषांगिक रुपमा अदालतले शान्ति सम्झौतामा अभिव्यक्त मूल्य वा मान्यताको सम्बन्धमा प्रासंगिक रुपमा राज्यको ध्यानाकर्षण गराउन मिल्ने ।
- संविधानले सम्पत्तिलाई मौलिक हकको रुपमा सम्मानजनक र प्रभावकारी स्थान दिएको हुनाले कानून बमोजिम अधिग्रहण गरेको अवस्थामा बाहेक सम्पत्तिको गैरकानूनी कब्जालाई वैध ठहराउने कुनै पनि राजनैतिक वा अन्य चेष्टा मान्य हुन नसक्ने ।
- संविधानको आधारभूत सिद्धान्तको रुपमा स्वीकृत सम्पत्तिको हक सहितको मौलिक हक, कानूनी राज्य र उत्तरदायी सरकारका सिद्धान्तहरु विपरीत सम्पत्तिको वास्तविक धनीलाई सम्पत्तिको उपभोग गर्न वा हक हस्तान्तरण गर्न नदिनु भनेको संवैधानिक राज्यको मौलिक आधारमा नै प्रहार गर्नु जस्तो हो । संविधान विपरीतको यस्तो सोच वा व्यवहार कायम रहन दिने हो भने कुनै संविधान बनाउनु वा त्यसमा कानूनी राज्य, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार आदिको व्यवस्था गर्नुको कुनै अर्थ नरहने ।
- ठूलो संख्यामा वा सामुदायिक रुपमा सम्पत्तिको वा व्यक्तिगत स्वतन्त्रताको हकको उल्लंघन भइरहन्छ भने राज्यले हस्तक्षेपकारी भूमिका निर्वाह गरी कानूनको कार्यान्वयन गरी स्थितिलाई सामान्य बनाउनु अनिवार्य कर्तव्य हुने ।
- द्वन्द्वकालमा सम्पत्ति कब्जा लगायतको मौलिक एवं मानव अधिकार उल्लंघनका घटनाहरु लगायतको संक्रमणकालीन न्यायका समस्याहरु बारे खास संयन्त्र एवं कार्यक्रम मार्फत सम्बोधन गर्नुपर्ने आवश्यकता तर्फ नेपाल सरकारको ध्यानाकर्षण हुनुपर्ने देखियो ।
- निवेदकहरुले निजहरुको सम्पत्तिको अनधिकृत कब्जा छुटाई हालसम्मको क्षतिपूर्ति सहित सम्पत्ति फिर्ता पाउन माग गरेकोले सो गर्नु अघि निवेदकहरुको खास खास सम्पत्तिको दर्ता श्रेस्ता र भोग तथा तिनको आय उपार्जनको समीक्षा गरी क्षति समेतको आंकलन गरी निरोपण गर्नुपर्ने स्थिति देखिन आयो ।
- सो प्रयोजनको लागि निवेदकहरु रहेको तथा निवेदकहरुको जस्तो सम्पत्ति कब्जाको समस्या भएको जिल्लाहरुमा पीडित समुदायको प्रतिनिधी र कानून कार्यान्वयन निकायको प्रतिनिधि एवं राजनैतिक व्यक्तिहरु समेत समावेश भएको वढीमा पाँच सदस्यीय जिल्ला स्तरीय सम्पत्ति फिर्ता सम्बन्धी समिति गठन गरी सो समिति मार्फत माथि उल्लेखित प्रक्रिया पूरा गरी कब्जा भएको सम्पत्ति फिर्ता गर्नु

**गराउनु तथा कब्जा भए देखि हालसम्म कब्जा भएको सम्पत्तिमा भएको हानी नोक्सानी वा ह्रास तथा कब्जा भएको सम्पत्तिबाट आय हुनेमा सो आयमा भएको हालसम्मको नोक्सानीको मूल्यांकन गरी सो नोक्सानीको क्षतिपूर्ति समेत यो आदेश प्राप्त भएको मितिले ३ महिना भित्र निवेदकको माग बमोजिम सम्पत्तिको वास्तविक धनी व्यक्तिहरुलाई फिर्ता दिनु, दिलाउनु र सम्पत्ति कब्जाको कारण भएको क्षतिबाट पीडित हुन पुगेकालाई राहत पुऱ्याउन क्षतिपूर्तिको लागि एउटा कोष खडा गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउँमा नेपालको अन्तरिम संविधानको धारा १०७(२) बमोजिम परमादेशको आदेश जारी गरी दिएको छ।**

३ **न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) को तर्फबाट अधिकार प्राप्त गरी आफ्नो हकमा समेत जुरी-नेपालका महासचिव अधिवक्ता माधवकुमार बस्नेत समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतः**

प्रस्तुत परमादेश माग गरी दायर भएको रिट निवेदनमा अन्य कुराका अतिरिक्त प्रस्तुत रिट निवेदनमा माग गरिए जस्तै तत्काल बहाल रहेको **बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९**" का दफा १३, २३, २५ र २९ का प्रावधानहरू उपर आपत्ति जनाई उक्त दफाहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १३ (१) र २४(९) समेतको प्रतिकूल भएबाट धारा १०७(१) र (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी उपयुक्त ढंगबाट ती कानूनमा संशोधन गराउन परमादेशसमेत माग गरेको देखिन्छ।

**उक्त निवेदनमा मुख्यतः बेपत्ता भएका व्यक्तिको हकमा छानबिन गर्ने आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग छुट्टाछुट्टै गठन हुनुपर्ने हो वा दुवैका हकमा एउटै आयोग भए पनि हुने हो, अध्यादेशको दफा २३ मा भएको व्यवस्थाले पीडितको सहमति बेगर पीडकलाई आयोगले क्षमादान गर्न सक्ने हो होइन, दफा २५ मा भएको व्यवस्थाले गम्भीर अपराधमा संलग्न पीडकले उन्मुक्ति पाउन सक्ने अवस्था हुन्छ हुँदैन, दफा २९ मा भएको व्यवस्थाबाट महान्यायाधिवक्ताले मुद्दा चलाउन निर्णय गर्नसक्ने अधिकारको संकुचन भएको छ वा छैन, साथै मुद्दा चलाउने निर्णय भएको मितिले ३५ दिनभित्र मुद्दा चलाउन सकिनेछ भन्ने व्यवस्था गम्भीर**

**प्रकृतिका फौजदारी मुद्दामा हदम्याद नलाग्ने सर्वमान्य सिद्धान्तको विपरित छ वा छैन भन्ने समेत प्रश्नहरुमा केन्द्रीत रही** यस अदालतबाट द्वन्द्वकालमा घटेका गम्भीर प्रकृतिका मानवअधिकारका घटनाका सम्बन्धमा नेपालको अन्तरिम संविधान, बृहत शान्ति संझौता, अन्तराष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून तथा संक्रमणकालीन न्यायका मान्य सिद्धान्त र अभ्यास समेतको आलोकमा विषद् व्याख्या र विवेचन गर्दै देहायबमोजिमको आदेश जारी गरेको देखिन्छ[3] :

**बलपूर्वक व्यक्ति बेपत्ता पारिएको घटनालाई मानव अधिकार सम्बन्धी गम्भीर अपराधको रुपमा लिइने अन्तराष्ट्रिय मानव अधिकार कानूनको दृष्टिकोण, यही अदालतले राजेन्द्र ढकालको मुद्दामा गरेको निर्णय र निर्देशन अनि नेपालको अन्तरिम संविधान, २०६३ एवं पूर्ववर्ती संविधानले अंगीकार गरेका व्यक्तिको जीवन र स्वतन्त्रताको अधिकार समेतको प्रतिकूल हुई गई छुट्टै आयोग गठन गरी राजेन्द्र ढकालको मुद्दाको निर्णय कार्यान्वयन गर्नुपर्नेमा सो नगरेको र त्यति मात्रै होइन व्यक्ति बेपत्ता छानबिन आयोगलाई विशुद्ध फौजदारी कार्यको रुपमा लिनुपर्नेमा सो अनुसार नगरेको र मेलमिलापको विषय बनाउन नहुनेमा समेत सो बनाई सत्य निरुपण एवं मेलमिलापको अंग बनाइएको देखिएको, सो कानूनसंगत नभएकोले व्यक्ति बेपत्ता सम्बन्धी विषय प्रस्तुत अध्यादेशमा समावेश भएका जति व्यवस्थाहरू संविधान, कानून र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त प्रतिकूल देखिएकोले विपक्षीको नाउँमा उत्प्रेषणको आदेश जारी हुने भई उक्त व्यवस्था अमान्य भई अध्यादेशबाट हटाउनु पर्ने ठहर्छ  र यथावस्थामा अध्यादेश कार्यान्वयन गर्न गराउन नमिल्ने ठहर्छ ।**

**उपरोक्त अनुसार बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानबिन गर्न र संविधान, कानून एवं यस अदालतबाट राजेन्द्र ढकालको मुद्दामा भएको निर्णय एवं प्रतिपादित कानूनी सिद्धान्त बमोजिम समेत छुट्टै छानबिन आयोग गठन गर्न आवश्यक कानूनी व्यवस्था सहित अविलम्ब अर्को अध्यादेश जारी गर्ने वा जो चाहिने प्रबन्ध गर्नु भनी नेपाल सरकारका नाममा परमादेश जारी हुने ठहर्छ ।**

**अध्यादेशका अन्य व्यवस्थाहरू मध्ये निम्न दफाहरूमा उल्लेख भए झैं संवैधानिक एवं न्यायिक प्रश्नहरू समावेश भएको देखिएको र यथावस्थामा अध्यादेशको व्यवस्थाहरू संविधान र न्यायको सिद्धान्तसंगत नदेखिएकोले निम्नबमोजिम गर्नु पर्ने देखिएको हुँदा सो बमोजिम गरी गराई संशोधन र सुधारको व्यवस्था**

[3] रिट नं.०६९-WS-००५७ आदेश मिति २०७०।९।१६ (ने.का.प.२०७० नि.नं.)

मिलाई मात्र अध्यादेश जारी गर्न वा जो चाहिने कानूनी व्यवस्था गरी लागु गर्न विपक्षी नेपाल सरकारको नाममा परमादेश जारी गरिदिएको छ ।

(क) अध्यादेशको दफा २३ को क्षमादान माफीसम्बन्धी व्यवस्थाले अध्यादेशको दफा २(ञ) मा समावेश भएका कसूरहरूमा समेत समग्रमा क्षमादानको सिफारिस नगर्ने प्रत्याभूति दिएको नदेखिएको र माफीको प्रकृयाको विषय बनाएको एवं माफी प्रकृयामा पीडितको सहभागिता र सहमतिलाई अनिवार्य नबनाई गौण बनाएको देखिएकोले पीडितको न्याय सम्बन्धी मौलिक हक अन्तरगत, जीवन, स्वतन्त्रता, सूचनाको हक, यातना विरुद्धको हक लगायत एवं न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले सो व्यवस्थालाई पुनरावलोकन गरी उपरोक्त बमोजिम परिमार्जन र संशोधन गर्नुपर्ने ।

(ख) दफा २५ र २९ को व्यवस्थाबाट मानवअधिकारको गम्भीर उल्लंघनको आरोपका दोषी देखिएका व्यक्ति उपरको फौजदारी अभियोजन निश्चित, सहज र निर्वाध नबनाई कार्यपालिकाको विवेकाधिन एवं अनिश्चित रुपमा राखिएको भई न्यायमा अवरोध पुग्ने प्रकृतिको देखिएकाले सो व्यवस्थालाई संविधान र कानूनसंगत बनाउनुपर्ने ।

(ग) आयोगले सिफारिस गरेको वा मन्त्रालयको पत्रानुसार महान्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने ठहर गरेपछि मुद्दा चलाउँदा मुद्दा चलाउने हदम्याद तोकिएको र हदम्याद ३५ दिन तोकिएको कारणबाट हदम्यादभित्र मुद्दा नचलाएमा न्यायमा पर्ने प्रभाव एवं सो सम्बन्धी उत्तरदायित्व समेत किटान गरेको नदेखिएको साथै त्यस्तो गम्भीर कसूरमा अल्प हदम्याद तोक्दा मानवअधिकार कानूनको उल्लंघनको घटनामा दण्डहीनताको अवस्था सिर्जना हुन सक्ने हुनाले समेत उक्त व्यवस्था संविधानको मौलिक हक एवं न्याय सम्बन्धी व्यवस्था र संविधानले अंगीकार गरेको न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले उपरोक्त बमोजिम संविधान र न्यायसंगत हुने गरी संशोधित र परिमार्जन गर्नुपर्ने ।

(घ) माथि उल्लिखित व्यवस्थाको अतिरिक्त सत्य निरुपण एवं मेलमिलापको बृहद व्यवस्थापनको लागि गम्भीर मानवअधिकार विरोधी फौजदारी कार्यको अपराधिकरणको लागि कानूनी व्यवस्था गर्न, मेलमिलापको भावना प्रवर्द्धन गर्न व्यापक अभियान सञ्चालन गर्न, पीडित एवं पीडितको परिवारको लागि यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्था सहित परिपूरणको व्यवस्था गर्न, सत्य निरुपण एवं मेलमिलाप आयोगको स्वायत्तता एवं निश्पक्षताको सुनिश्चितताको लागि द्वन्दकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रुपमा द्वन्दका पक्षरत वा सम्बन्धित भएका व्यक्तिहरू बाहेकका तथा मानव अधिकार उल्लंघनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित हुने गरी अन्तर्राष्ट्रिय रुपमा स्वीकृत मापदण्ड समेतको आधारमा

**त्यस्तो आयोगको गठन गर्ने, पीडितहरूले आफ्नो सत्य भन्न सक्ने र प्रभावकारी ढंगले प्रतिरक्षा गर्न सक्ने प्रयोजनको लागि पीडित एवं साक्षी संरक्षण सम्बन्धी कार्यक्रम बनाई लागु गर्न र उनीहरूको व्यक्तिगत परिचयात्मक विवरणको संरक्षण गर्ने, आवश्यकता अनुसार बन्द इजलाशबाट सुनुवाई हुने वा श्रव्यदृष्यको माध्यमबाट दूर सुनुवाई लगायतको उपयुक्त व्यवस्थापन गर्ने गरी कानूनको परिमार्जन गर्ने र कार्यान्वयन चरणमा व्यवहारिक उपायहरू अपनाउने ।**

(ङ) **आयोगले माफी लगायतको विषयमा अपनाउनुपर्ने मापदण्डको लागि कानूनमा नै आधारभूत कुराको किटान गर्ने लगायतका व्यवस्था गर्न द्वन्द विशेषज्ञ, पीडित वा पीडितको हित प्रतिनिधित्व गर्ने संस्था, मानवअधिकार कानून विशेषज्ञ एवं सरोकारवाला पक्षहरू सम्मिलित भएको विषय विशेषज्ञ टोलीको सहयोग लिई उक्त अध्यादेश परिमार्जन गर्नू ।**

यस अदालतबाट नेपालको अन्तरिम संविधान, बृहत्त शान्ति संझौता, अन्तराष्ट्रिय मानबअधिकार कानून र मानवीय कानून एवम् तिन्का सन्दर्भमा संयुक्त राष्ट्रसंघीय समिति एवम् संयुक्तराष्ट्रसंघ समर्थित अन्तर्राष्ट्रिय अदालतहरु, क्षेत्रीय मानव अधिकार कानूनहरु एवम् सो समर्थित क्षेत्रीय मानवअधिकार अदालतहरु, तथा विभिन्न मुलुकका सर्वोच्च न्यायिक निकायबाट गरिएका व्याख्या समेतको तुलनात्मक विश्लेषणका आधारमा संक्रमणकालको दीर्घकालीन व्यवस्थापनका निमित्त **बेपत्ता छानवीनसम्बन्धी आयोग एवम् सत्य निरुपण र मेलमिलाप आयोगको छुट्टै कानूनमार्फत छुट्टाछुट्टैरुपमा गठन गर्ने, ती आयोगहरुको गठन, स्वायत्तता, निश्पक्षता, क्षेत्राधिकार र अबलम्बन गर्नुपर्ने कार्यविधिको स्पष्टता, पीडितको स्वेच्छिक र सुसूचित सहभागितामा आधारित मेलमिलाप प्रक्रिया, मानवअधिकारको गम्भीर उल्लंघनका घटनाहरुका पिडक विरुद्ध अभियोजनको सुनिश्चितता तथा पीडितको सम्मान तथा न्यायोचित हानिपुरण** समेतका विषयहरुका सम्बन्धमा राज्यले अख्तियार गर्नुपर्ने नीतिगत र प्रबन्धकीय कुराहरुमा रहेका त्रुटिहरु केलाउँदै अस्पष्ट भएका विषयहरुलाई ब्याख्याको माध्यामद्वारा प्रष्ट्याइको, सुधार गर्नुपर्ने क्षेत्रहरुमा आबश्यक दिशानिर्देश गरिएको तथा प्रतिकूल व्यवस्थाहरु बदर गर्नुका साथै नगरिनहुने कुराहरुमा कानून निर्माण वा संशोधन गर्नको लागि बाध्यात्मक प्रकृतिको परमादेशसमेत जारी भएको अवस्था देखिन्छ ।

त्यसैले तुलनात्मक विश्लेषणका आधारमा यस अदालतबाट भएका उपरोक्त आदेशहरुले औंल्याएका मुख्य विषयहरु नै नेपालको संक्रमणकालीन न्यायका मार्गदर्शक सिद्धान्त र विधिशास्त्रीय

आधारस्तम्भ हुन् भन्ने कुरामा अझैसम्म पनि कुनै द्विविधा पालिरहनु पर्ने वा अलमलमा रहनु पर्ने अवस्था छैन ।

**अब निवेदकहरुले चुनौति दिएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र यसका प्रावधानहरुले उपरोक्त विधिशास्त्रीय मूल्य मान्यतालाई आत्मसात गर्न सकेको देखिन्छ वा देखिँदैन भन्ने निर्णय दिनुपर्ने हुन आएको दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ ।**

निवेदकहरुले मूलतः यस अदालतबाट उपरोक्तबमोजिम पटकपटक आदेशहरु जारी हुँदाहुँदै पनि विपक्षीहरुबाट त्यसको उपेक्षा गरी बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी गरेको हुँदा सो ऐनको दफा १३ को उपदफा (२) मा रहेको *"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ"* भन्ने र दफा १३ को उपदफा (४) मा रहेको *"कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ"* भन्ने तथा दफा २६ को उपधारा (२) मा प्रयुक्त ***"..आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका.."*** भन्ने वाक्याँश संविधान प्रतिकुल रहेकोले बदर हुनु पर्दछ ।

पीडितको सुसूचित सहमतिविना मेलमिलाप हुन नसक्ने कुराको कानूनी प्रत्याभूति दिन तथा क्षमादानको लागि सिफारीस गर्न पीडितको सहमतिलाई अनिवार्य गर्न, अभियोजनको लागि आयोगले सिधैं महान्यायाधिवक्तालाई सिफारिस गर्ने व्यवस्था गर्न एवं अभियुक्तले विभागीय कारवाहिका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति नपाउने व्यवस्था गर्न तथा कब्जा सम्पत्ति सम्बन्धित हकदारलाई फिर्ता गर्न संगठन समेतलाई जवाफदेही बनाउन विवादित ऐनका दफा २२(१), दफा २४, दफा २५(३) (४), दफा २६(५), दफा २९(१) का व्यवस्थाहरू संशोधन हुनुपर्ने अवस्था छ ।

नियन्त्रणमा लिई गरिएको हत्या, बलात्कार, बेपत्ता, यातना, आमनरसंहार, युद्ध अपराध, मानवता विरूद्धको अपराध, जबरजस्ती विस्थापन लगायतका मानव अधिकार उल्लंघनलाई अन्तराष्ट्रिय कानून तथा मापदण्ड अनुरूप अपराधिकरण गरी पीडकलाई सजायको व्यवस्था नगरिएसम्म संक्रमणकालीन न्यायको प्रत्याभूति हुन नसक्ने हुँदा सर्वोच्च अदालतका पूर्वआदेश कार्यान्वयन गराउने गरी पुनः आदेश हुनुपर्ने भन्ने समेत विषयहरु प्रमुखरुपमा उठाएको देखिन्छ ।

साविकमा बहाल रहेको **बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न वनेको अध्यादेश, २०६९** का सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिको छानविन गर्ने सम्बन्धमा र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सम्बन्धी व्यवस्था एउटै अध्यादेशमार्फत गरिएको तथा अध्यादेशका प्रावधानहरुमध्ये मेलमिलाप, क्षमादान, कारवाहीको सिफारिश र मुद्दा चलाउने सम्बन्धी व्यवस्थाहरु विवादित बनेका देखिन्छन् ।

हाल लागू गरिएको ऐनमा पनि दुबै आयोगको गठन सम्बन्धी व्यवस्था एउटै कानूनमा समेटिएको कुरामा भिन्नता देखिँदैन । त्यस्तै मेलमिलाप, क्षमादान, कारवाहीको सिफारिस र मुद्दा चलाउने सम्बन्धी व्यवस्थाहरुको अन्तर्वस्तु वा सारमा समानता नै रहेको पाइन्छ । व्यक्ति वेपत्ता पार्ने विषयलाई कसूर कायम गरी सजाय गर्ने कानून निर्माण हुन नसकेबाट त्यससम्बन्धी आयोगको सिफारिस कसरी कार्यान्वयन गर्ने भन्ने अन्योलता कायमै देखिन्छ ।

मूलतः माधबकुमार बस्नेतको मुद्दामा यस अदालतबाट मिति २०७०।९।१८ मा जारी भएको उपरोक्त आदेशको परिप्रेक्ष्यमा नेपाल सरकारबाट बेपत्ता पारिएका व्यक्तिहरुको छानविन एवं सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने दुई अलग अलग मस्यौदा तयार पार्ने कार्यादेश सहित द्वन्द्व पीडित र विशेषज्ञ समेत संलग्न एक कार्यदल गठन गरेको भन्ने देखिन्छ । सो कार्यदलले यस विषयमा सरोकारवालाहरुसँग व्यापक छलफल गराई अन्तर्राष्ट्रिय मापदण्ड समेतलाई दृष्टिगत गरी सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा छानविन गर्ने आयोग सम्बन्धी ऐन छुट्टाछुट्टै हुनुपर्ने तथा व्यक्ति वेपत्ता पार्ने कार्यलाई कसूर कायम गरी दण्डनीय बनाउन कानूनको निर्माण गर्नुपर्ने समेतका सुझाबहरु सहित मिति २०७०।१२।१३ मा प्रतिवेदन दिएको

देखिन्छ । साथै प्रस्तावित तीनवटै कानूनको मस्यौदा समेत समितिले तयार पारी नेपाल सरकारलाई बुझाएको भन्ने देखिन्छ ।

तर यस अदालतबाट जारी गरिएका उल्लिखित आदेश तथा स्वयम् नेपाल सरकारले गठन गरेको विशेषज्ञ कार्यदलको कार्यादेश तथा प्रतिवेदनमा सुझाइए प्रतिकूल **बेपत्ता पारिएका व्यक्तिको छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोग**का सम्बन्धमा दुई अलग अलग कानून बनाउनेतर्फ कुनै प्रयत्न नै नगरी यस अदालतबाट कुनै आदेश नै नभए जस्तो सम्झी प्रत्यर्थी नेपाल सरकारले **बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१** को एकिकृत विधेयक पेश गरी संविधानसभाको हैसियतमा रहेको व्यवस्थापिका संसदबाट पारीत भई मिति २०७१।२।१८ देखि प्रारम्भ भएको देखियो । त्यतिमात्र नभई सिफारिस समितिले ब्यक्ति बेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्नको लागि छुट्टै मस्यौदा प्रस्ताव गरेकोमा क्षमादान दिनै नमिल्ने मानबअधिकारको गम्भीर उल्लंघनको उक्त घटनालाई कसूर कायम गर्नको लागि वेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने व्यवस्था समेटिएको अपराध संहिताको विधेयक व्यवस्थापिका समक्ष पेश भएको भन्ने भए पनि त्यसले विधेयकको रुप ग्रहण गर्न पनि सकेको पाइएन ।

साथै **बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१** को यस अदालतले यसअघि यस्तै प्रकृतिको अध्यादेशको सम्बन्धमा मूलरुपमा औंल्याइएका अदालत र आयोग वीचको अन्तरसम्बन्ध, मेलमिलापको दायरा, क्षमादान र माफी तथा मुद्दा चलाउने सम्बन्धी साविक अध्यादेशमा भएका व्यवस्थाहरुमा तात्विक भिन्नता नआउने प्राय उहीरुपमा स्थापित गरेको देखियो ।

नेपालको अन्तरिम संविधानको प्रस्तावनामा अन्य कुराका अतिरिक्त प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, **स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ ।** त्यस्तै भाग तीनअन्तर्गत धारा १२ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन भन्ने जीवनको अधिकारसँग सम्बन्धित वैयक्तिक स्वतन्त्रताका मौलिक हकहरुको सुनिश्चितता गरिएको पाइन्छ । त्यस्तै धारा १३ ले सबै नागरिकलाई समान व्यवहार हुने र कुनै पनि

आधारमा भेदभाव गर्न नपाइने समानताको हक, धारा १४ मा छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक, धारा १९ मा सम्पत्तिको हक, धारा २० महिलाको र धारा २२ मा बालबालिकाको हकको प्रत्याभूति गरिएको पाइन्छ । त्यस्तै धारा २४ ले हरेक व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक सहितको फौजदारी न्याय सम्बन्धी हक, धारा २६ मा यातना विरुद्धको हक लगायत धारा १२ देखि ३१ सम्म विभिन्न प्रकृतिका मौलिक हकहरु प्रदान गर्न राज्यले संविधानमार्फत नागरिकसमक्ष प्रतिवद्धता व्यक्त गरेको देखिन्छ । साथै उक्त मौलिक हक हनन्को अवस्थामा धारा १०७ बमोजिम यस अदालतमा संवैधानिक उपचारको लागि आउन पाउने हकलाई समेत संविधानको धारा ३२ मा मौलिक हककै कोटीमा राखिएको पाइन्छ ।

सविधानको भाग १० मा न्यायपालिकासम्बन्धी व्यवस्था भई धारा १०० को उपधारा (१) मा **नेपालको न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरुबाट प्रयोग गरिने** उल्लेख छ । त्यस्तै धारा १०२ को उपधारा (४) मा संविधान र कानूनको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतमा निहित रहने भन्ने संवैधानिक व्यवस्था भएको देखिन्छ । धारा १०७ को उपधारा (१) ले मौलिकहक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणबाट संविधानसँग बाझिएको कानूनलाई प्रारम्भदेखि वा निर्णय मितिदेखि बदर गर्न सक्ने असाधारण अधिकार यस अदालतलाई प्रदान गरेको देखिन्छ । सोही उपधारा (२) मा मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा भए पनि अपर्याप्त वा प्रभावहीन देखिएको कानूनी हक प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउन पूर्ण न्याय गरी उचित उपचार प्रदान गर्ने असाधारण प्रकृतिको रिट अधिकार क्षेत्र समेत यस अदालतलाई हुने व्यवस्था गरिएको छ ।

संविधानको धारा ११६ को उपधारा (१) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने र उपधारा (२) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरुले मान्नुपर्ने संवैधानिक व्यवस्था भएको पाइन्छ ।

वस्तुतः विधिको शासन लोकतन्त्रको मेरुदण्ड हो । विधिको शासनको पालनाबाट नै लोकतन्त्रको स्थायित्व, उन्नयन र विकास हुन्छ । न्यायिक स्वतन्त्रता नमान्ने कुराले लोकतन्त्रको पृष्ठपोषण हुन सक्दैन । लोकतन्त्रमा व्यक्तिको होइन विधिको शासन स्थापित गर्ने प्रयास गरिन्छ । त्यसैले लोकतन्त्रमा विश्वास गर्ने संस्थाहरुले कानूनको शासनको उपेक्षा गर्न सक्दैनन् । विधि भन्दा माथि आफूलाई ठान्ने सोंच लोकतान्त्रिक हुन पनि सक्दैन । राज्यका संयन्त्रहरु बीचको प्रतिस्पर्धिताबाट लोकतन्त्र फस्टाउन सक्दैन । परस्पर सहयोग र सहकारिता लोकतान्त्रिक गुण र संस्कार हो । प्रतिस्पर्धा त केबल जनताको विश्वास आर्जन गर्न राजनीतिक दलहरु बीच मात्र अपेक्षित हुन्छ त्यो पनि स्वच्छ ढंगको ।

यस अदालतबाट पटकपटक गम्भीर मानब अधिकारकार उल्लंघनका दोषिहरुलाई न्यायको दायरामा ल्याई पीडितलाई न्यायको महशुस गराउन र दण्डहिनता अन्त्य गर्न राज्यका नाममा आदेश जारिभैरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लंघन गरिरहने प्रबृत्ति र संस्कृतिले विधिको शासनको मात्र अबमूल्यन गरेको होइन स्वयम् लोकतन्त्रकै खिल्ली उडाएको छ ।

संविधानको समग्र अध्ययन गर्ने हो भने राज्यका विभिन्न अंग र निकायहरु सम्मिलित कानूनी राज्यरुपी एउटा जीवनको रुपमा प्रस्तुत गरिएको आभास मिल्दछ । हरेक अङ्ग प्रत्यङ्गको आ-आफ्नो कार्यहरु तोकिएका छन् , ति कुनै पनि एक अर्काका विरुद्ध लक्षित छैनन् र हरेकले आ-आफ्ना कार्य गरेको खण्डमा मात्र जीवनको धर्म निर्वाह हुनसक्दछ । राज्यका अङ्गहरु विधायिका,कार्यपालिका र न्यायापालिकाले पनि आ-आफ्नो धर्ममा रहनु अपेक्षित रहन्छ ।

उपरोक्त उल्लेखित संवैधानिक व्यवस्थाका अधीनमा रही जनताको हक अधिकारको रक्षा गरी न्याय गर्ने प्रयोजनका लागि अदालतबाट विभिन्न महत्वपूर्ण अवसरमा जारी भएका निर्णय, आदेश एवं निर्देशनहरु न्यायका सर्वोपरी आवश्यकताअनुरुप गरएिका हुँदा तिनको सम्मान गर्नु कानूनी राज्यको धर्म निवार्हको अभिन्न अंगको रुपमा लिनु पर्ने संवैधानिक वाध्यता हो । ति निर्णय, आदेश, निर्देशनको उपेक्षा गरी अर्को अंगले वेग्लावेग्लै वा विपरित दिशामा हिड्ने कोशिष गर्ने हो भने कानूनी राज्य सुचारु हुन सम्भव हुदैन । न्यायापालिकाले आफ्नो स्वार्थ वा अहंको प्रतिपादनको लागि कुनै गम्भिर निर्णय गर्न सक्दैन र गर्ने अपेक्षा नै गरिएको हुदैन भने अन्य अंगले पनि न्यायिक निर्णय वा आदेशहरुको पूर्वाग्रहसहित उलंघनको बाटोमा हिड्ने अपेक्षा गरिएको हुँदैन । राज्ययन्त्रका सहअङ्गका

रुपमा स्थापित संस्थाहरु स्वयं द्वन्द्व, उपेक्षा वा उल्लंघनको दिशामा हिड्ने हो भने जनताको हक र न्याय नै सवैभन्दा बढी प्रभावित हुन्छ, जुन राज्य स्वयंको लागि पनि अन्ततः घातक हुन सक्तछ । त्यस्तो दुष्कर किं वा अप्रिय कामकुराबाट लोकतान्त्रिक संस्थाहरुको लागि ग्राह्य हुन सक्तैन ।

राष्ट्रहित र जनताको न्यायको सर्वोपरितालाई हृदयंगम गरेर नै राज्यका अंगहरुले एक आपस प्रति सम्मान, मैत्री र सहकारिताको भावनाले ओतप्रोत भएर दैनन्दिनको कार्य सूचारु गर्नु पर्छ भन्ने कुरा विशेष रुपले मननीय छ ।

त्यसैले पूर्वाग्रह र जितहारको भावनाबाट सम्मुख वा विमुख नभई संविधान र न्यायका मूल्य मान्यताबाट अनुप्राणित हुनु जरुरी हुन्छ । विश्वव्यापीकारणको असर र प्रभावबाट आज संसारको कुनै पनि मुलुक पृथक रहन सम्भव छैन । त्यसैले विश्वभर स्वीकारिएका न्याय र अधिकारका मूल्य मान्यताको प्रयोग र पालना भिन्न तरिकाबाट गर्न खोज्ने सोंचले राष्ट्रलाई विश्व समुदायबाट अलग्याउने मात्र होइन राष्ट्रको अन्तर्राष्ट्रिय छवि उजिलिन सक्दैन । अन्तराष्ट्रिय समूदाय समक्ष राज्यले व्यक्त गरेका प्रतिबद्धताहरुको कार्यान्वयनबाटै राज्यले आफूलाई विश्वमञ्चमा स्थापित गराउन सक्दछ । प्रतिबद्धता भने गरिरहने तर पछि हटिरहने सोंचले विश्वसनीयताको क्षयीकरण मात्र हुन्छ ।

गतिशील समाजमा द्वन्द्वहरु स्वभाविक मानिन्छन् । द्वन्द्वले नकारात्मक मात्र होइन कतिपय अवस्थामा सकारात्मक परिणामहरु पनि सिर्जना गर्दछ । त्यसको लेखाजोखा द्वन्द्व विश्लेषकहरुले गर्ने नै छन् । तर द्वन्द्वलाई एउटा निश्चित विन्दूभन्दा अगाडि बढ्न दिइरहनु कसैको पनि हितमा हुँदैन । यसको लागि द्वन्द्वको न्यायपूर्ण, सर्बमान्य र सन्तुलित व्यवस्थापन अपरिहार्य हुन्छ । द्वन्द्वको असरले पीडित बन्न पुगेको समाजको ठूलो वर्गले उपेक्षित र अन्यायको महशुस गरिरहने अवस्था कायम गर्न खोज्नु द्वन्द्वको ठिक ढंगबाट व्यवस्थापन नगर्नु र पुनराबृत्तिलाई आमन्त्रण गर्नु सरह नै हो । द्वन्द्वका असर र प्रभावहरुलाई सहिरुपमा उजागर नगर्नु तथा तिन्को न्यायोचित सम्बोधन गर्न नसक्नुले द्वन्द्व पुनरावृति हुने अवस्थालाई टेवा प्रदान गर्दछ भन्ने कुरा बिर्सन हुँदैन । राज्यको चरित्र दण्डहीनतालाई प्रोत्साहन गर्ने होइन द्वन्द्वले उठाएका प्रश्न र सृजना गरेको परिणामलाई व्यवस्थित गर्दै न्यायपूर्ण समाज स्थापना गर्नेतर्फ अग्रसर हुनुपर्दछ । गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरुलाई न्यायको दायरामा ल्याउने राज्यको राष्ट्रिय र अन्तर्राष्ट्रय कानून सृजित दायित्व नै हो । सारमा भन्नुपर्दा

विवादित ऐनका प्रावधानहरुले संक्रमणकालीन न्यायको विधिशास्त्रीय मान्यतालाई सहजरुपमा स्वीकार गर्न सकेको पाइएन ।

**अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन भन्ने निर्णय दिनुपर्ने हुन आएको अन्तिम प्रश्नका सन्दर्भमा विचार गर्नुपर्ने हुन आएको छ । निवेदनमा** बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपधारा (२) मा रहेको *"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ"* भन्ने र दफा १३ को उपधारा (४) मा रहेको *"कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ"* भन्ने व्यवस्थाले नागरिकको न्याय प्राप्त गर्ने हकलाई कुण्ठित पारेको, न्यायिक अधिकारमा संकुचन र द्वन्द्व पैदा गरेकोले नेपालको अन्तरिम संविधान, २०६३ को प्रतिकूलको सो व्यवस्था अमान्य तथा बदर घोषित गरी पाऊँ भन्ने माग गरिएको पाइन्छ ।

वस्तुतः अन्तरिम संविधानको धारा १०० बमोजिम नेपालको न्याय प्रणाली मात्र संविधान, कानून र न्यायका मूल्य मान्यताबाट निश्रितः हुन सक्दछ । लोकतान्त्रिक मूल्य मान्यता पनि यहि नै हो । न्यायिक अधिकार अन्यत्रैबाट निःश्रित हुने अभ्यास परित्याग गरिसकेको कुरा सबैलाई हेक्का भएकै हुनुपर्दछ । अर्को शब्दमा भन्नु पर्दा न्यायसम्बन्धी अबशिष्ट अधिकार संविधानतः नेपालको न्यायपालिकामा अन्तरनिहित छ । यसलाई राज्यका अन्य निकायले प्रतिस्थापन गर्न सक्दैनन् र त्यस्तो सोंच राख्नु पनि हुँदैन ।

ऐनमा जे जस्तो शब्दावली प्रयोग भए पनि ऐन अन्तर्गत गठन भएको आयोगले न्यायिक संस्थालाई विस्थापन, न्यायिक कार्यको प्रतिस्थापन र न्यायिक कार्यको विकल्प दिन सक्दैन भन्ने कुरा सबैले संस्मरण गर्नुपर्दछ । वास्तवमा आयोग स्वयममा न्यायिक प्रक्रियाको सहयोगि वा सहायक मात्र हो । यसले उत्खनन् गरेका सत्य र प्रमाणका आधारमा परिणामतः गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका मुद्दाहरु अदालतबाटै निप्टारा हुने हुँदा न्यायिक प्रक्रियामा सघाउ पुऱ्याउन संस्थापित अस्थायी प्रकृतिको निकाय र राज्यको स्थायी संरचना न्यायपालिका वीचको अन्तर छुट्ट्याउन र सोहीअनुरुप बुझ्न जरुरी हुन्छ ।

जहाँसम्म दफा १३ (२) र १३(४) को वैधताको प्रश्न छ, उक्त उपदफा १३(४) ले कुनै घटना सशस्त्र द्वन्दको क्रममा भएको हो वा होइन भन्ने विवाद आएमा त्यसको निर्णय आयोगले गर्ने व्यवस्था गरेको देखिन्छ । त्यस माथिको उपदफा (२) ले अदालतमा विचाराधीन मुद्दाहरु सम्वन्धित अदालतको परामर्शमा आयोगले छानविन गर्ने छ भन्ने व्यवस्था गरेको देखिन्छ ।

आयोग गठन हुनु पूर्व द्वन्दकाल वा तदोपरान्त नियमितरुपमा न्याय निरोपणका विषयहरु अदालतमा प्रस्तुत भइरहेका थिए र छन् । प्रचलित संविधान ऐन कानूनबमोजिम तिनको सम्वोधन गर्नु अदालतको नियमित, अन्तरनिहित र संवैधानिक कर्तव्य पनि हो । न्याय निरोपणको विषय अदालतबाट संविधानबमोजिम बाहेक वहिष्कृत गर्न वा अलग्याउन संविधान संगत हुँदैन र लोकतन्त्रको मुल्य मान्यता अनुकूल पनि हुँदैन । अदालतले आफूसमक्ष विचाराधीन मुद्दा द्वन्दको क्रममा भएका हुन् वा होइनन् भन्नु भन्दा माग गरिएको दावी न्यायोचित हो वा होइन भन्ने कुरा महत्वपूर्ण हुन्छ । हरेक कसूर वा कार्य कँही न कँही कुनै न कुनै ढंगको द्वन्दको परिणाम हुने गर्दछ । सशस्त्र द्वन्दसँग सम्वद्ध भएपनि संविधान, मानवाधिकार कानून वा मानवतासम्वन्धी कानून प्रतिकुल हुन्छ भने सो सँग सम्बन्धित प्रश्नलाई न्याय योग्य नबनाउन मिल्दैन । द्वन्दको राजनीतिक सम्बधको कुरा जे भए पनि तिनको कानूनी पक्षलाई उपेक्षा गर्न मिल्दैन । कुनै कार्य राजनीतिक द्वन्दसँग सम्वद्ध भन्नु र द्वन्दकालसँग सम्वद्ध भन्नु पनि एउटै होइन । द्वन्द्वकालभित्र राजनीतिक र अपराधिक अनेकौं घटनाहरु घटित भएका हुनसक्छन् । सशस्त्र द्वन्दको क्रममा विशुद्ध राजनीतिक रुपमा भएको घटना र अपराधिक रुपमा आएको घटनाहरु एकै वर्गमा राख्न पनि सकिँदैन ।

आपराधिक कार्य गरेको भनी अदालतमा विचाराधीन रहेको विषयमा सो कार्य आपराधिक हो वा होइन भनी निणर्य दिनु अदालतको कर्तव्य हुन्छ । अपराधिक भनेको कार्य सिद्ध हुन्छ भने सशस्त्र द्वन्दको क्रममा भएको हो वा होइन भनी अदालत स्वयंले त्यसको दायित्वबाट उन्मुक्ति दिन सक्दैन । कुनै कार्य अपराधिक कार्य हो वा होइन भन्ने कुरा सवूत प्रमाणको मूल्यांकन गरि विशुद्ध रुपमा न्यायिक तरिकाले निणर्य गर्ने कुरा हो । त्यो कार्य आयोग जस्तो अर्धन्यायिक प्रकृतिको निकायले टुंगो लगाउने सक्ने विषय हुँदैन । विशुद्ध रुपले न्यायिक तौरले टुंगो लगाउने

विषय अर्धन्यायिक निकायले टुंगो लगाउन र अदालतले भने त्यसको शिरोधार्य गर्ने वा सो प्रयोजनको लागि आफ्नो अधिकारक्षेत्र समर्पण गर्ने भन्ने कुरा संवैधानिक कानून र न्यायको मान्य सिद्धान्तसंगत देखिन आउँदैन ।

दफा १३(२) को संरचना हेर्दा अदालतमा विचाराधीन मुद्दामा पनि सशस्त्र द्वन्दको क्रममा भएको भए अदालतको परामर्शमा आयोगले छानविन गर्ने व्यवस्था गरेको देखिन्छ । त्यस सम्बन्धमा हेर्दा अदालतको **परामर्शमा** भन्ने शव्दहरु प्रयोग भएको हुँदा अदालतले त्यस्ता मुद्दाहरु समर्पण गर्न बाध्य हुने भन्ने अर्थमा लिन सकिँदैन । परामर्श भनेको अदालतको स्वविवेकमा दिइने परामर्श हो, बाध्यता होइन । आयोगले अदालतमा विचाराधीन मुद्दा आफूसमक्ष पठाउन परामर्श माग गरे पनि अदालतले सो अनुसार सुम्पन उपयुक्त नदेखी नदिएमा आयोगले छानविन गर्न नसक्ने अवस्था देखिन्छ । त्यस सम्वन्धमा विवाद भएमा अदालतको क्षेत्राधिकार भित्रको मुद्दाहरु पूर्ववत अदालतमा नै सुचारु रहने देखिन्छ ।

दफा १३(२) र (४) को व्यवस्थाअनुसार अदालतसमक्ष विचाराधीन मुद्दाहरु पनि आयोगले छानविन गर्ने कुराले छानविनको दायरा कति हो भन्ने कुरामा थप प्रश्न उब्जाएको देखिन्छ । आयोगलाई अदालतमा विचाराधीन मुद्दाहरु छानविन गर्न दिइएको हो भने आयोगले अदालतमा दायर रहेको मुद्दामा निर्णयहरु प्रभाव पार्ने गरि लगत काट्न लगाउन वा न्यायिक जिम्मेवारीबाट मुक्तगर्न सक्छ कि सक्तैन भन्ने प्रश्न उठछ । तर उपरोक्त प्रावधानले अदालतमा विचाराधीन मुद्दा आयोगसमक्ष सर्ने र अदालतको क्षेत्राधिकार समाप्त हुने कुराको कुनै उल्लेख गरेको छैन । तसर्थ अदालतको क्षेत्राधिारको विषयलाई अन्यथा प्रमाणित गरेको मान्न मिल्ने देखिँदैन । वस्तुतः अदालतमा विचाराधीन मुद्दाहरु आयोगले अन्य व्यक्ति वा विषयको अनुसन्धानको क्रममा सम्बद्ध विषय वा सामाग्रीको रुपमा मात्रै लिन सक्ने देखिन्छ ।

वस्तुतः आयोगले कुनै अर्को व्यक्ति वा विषयमा छानविन गर्न सान्दर्भिक भई अदालतमा विचाराधीन मुद्दाको पनि अध्ययन गर्न पर्ने भएमा सो प्रयोजनको लागि उपरोक्तबमोजिम अदालत समक्ष माग गर्ने र अदालतले परामर्श सहित मुद्दाको मिसिल पठाएमा त्यसमा अध्ययन गर्नु एउटा कुरा हो र त्यो नै स्वभाविक हो । तर सो बाहेक अदालतमा विचाराधीन मुद्दाहरुको

क्षेत्राधिकार नै समाप्त गर्ने गरि मुद्दाहरु आयोगले प्राप्त गर्ने वा ग्रहण गर्ने र त्यसको निर्णय गर्ने कुरा सोच्नै नसकिने कुराहरु हुन् । अदालतको क्षेत्राधिकारभित्रको मुद्दाहरु यसरी हस्तान्तरण हुन सक्दैन र त्यसमा अदालत बाहेक अरुले निर्णय गर्न पनि सक्तैन । तसर्थ, दफा १३(४) मा व्यवस्थित भएको घटना सशस्त्र द्वन्दको क्रममा भएको हो होइन भन्ने कुराको व्याख्या गर्ने आयोगको अधिकार अदालतमा विचाराधीन मुद्दाको सम्वन्धमा हुन सक्ने नभै आयोगको आफ्नै कार्यक्षेत्रमा पर्न आएको निवेदनका सम्वन्धमा प्रयोग गर्न सक्ने विषय देखिन्छ । उपरोक्त उपदफा (२) र (४) ले अदालतमा विचाराधीन विषयवस्तुहरु यथावत चालु राख्न कुनै अन्यथा व्यवधान दिएको वा दिन सक्ने प्रकृतिको मान्न नसक्ने देखिएकोले उपरोक्त व्याख्या र विश्लेषणको आधारमा सो व्यवस्थाहरु बदरै गरिरहनु परेन ।

**अब अर्को प्रश्न,**

त्यस्तै ऐनको दफा २२(१) मा गरिएका मेलमिलाप सम्बन्धी प्रक्रियामा पीडितको स्वेच्छिक र अनिवार्य सहमति हुनुपर्ने विषय पनि रिट निवेदनमा उठाइएको पाइन्छ । दफा २२(१) मा *पिडक वा पीडितले मेलमिलापको लागि आयोग समक्ष निवेदन दिएमा आयोगले पीडक र पीडित बीच एक आपसमा मेलमिलाप गराउन सक्नेछ* भन्ने समेत उल्लेख भएको देखिन्छ । मेलमिलापको लागि निवेदन दिने विषय आफैंमा आपत्तिजनक हुँदैन । तर सहअस्तित्व र समभावमा आधारित सामाजिक बन्धन भएको हुँदा पीडितलाई उपेक्षा गरी एकतर्फी ढंगबाट मेलमिलाप हुनै सक्दैन । यसको लागि दुबै पक्षहरुको स्वतन्त्र र जाग्रत सहमति आबश्यक हुन्छ । मेलमिलाप जबर्जस्ती लाद्न सकिन्न । पीडितको आत्मसम्मानमा ठेस लाग्ने वा चोट पुग्ने गरी मेलमिलाप हुनु हुँदैन । यथार्थमा मेलमिलापको प्रक्रियालाई पीडित स्वयंले उत्प्रेरित वा आमन्त्रित गरेको अवस्थामा मात्र यसको सार्थकता सिद्ध हुन सक्दछ ।

यसका अतिरिक्त मेलमिलाप गम्भीर मानवअधिकार उल्लंघनका दोषिहरुलाई आममाफी दिने माध्यमकारुपमा प्रयोग हुन सक्दैन र हुनु हुँदैन भन्ने पनि स्पष्ट छ । मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी अपराधमा संलग्न भएका व्यक्तिउपर आयोगले दफा २५(१) बमोजिम कारवाहीको सिफारिस गर्नुपर्ने देखिन्छ । साथै आयोगले दफा २६(२) बमोजिम क्षमादानको सिफारिसमा नपरेका पीडकसँग पीडितको मेलमिलाप गराउन सक्दैन भन्ने दफा २२ को उपदफा (६) को व्यवस्थाले यसै

कुरालाई दिशानिर्देश गरिरहेको पाइन्छ । दफा २६(२) मा गम्भीर प्रकृतिका अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफरिस गर्न नसक्ने व्यवस्था गरिएको छ । गम्भीर प्रकृतिका अपराध भन्नाले उक्त उपदफामा उल्लेख भएको बलात्कारको अलावा ऐनको दफा २ को खण्ड (ञ) मा उल्लेख गरिएका मानव अधिकारको गम्भीर उल्लंघनका अपराधहरुलाई समेत बुझ्नुपर्ने हुन्छ , यससम्बन्धमा पूर्ववर्ति आदेशहरुमा पनि स्पष्ट गरिसकिएको छ ।

निवेदकहरुले दफा २६ को क्षमादान सम्बन्धी व्यवस्थाका सम्बन्धमा समेत गम्भीर चासो र सरोकार देखाएको पाइन्छ । खास गरी उक्त दफाको उपदफा (२) मा उल्लेख भएको **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बलत्कार र आयोगको छानवीनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन** भन्ने व्यवस्था आपत्तिजनक देखिन्छ । उक्त कानूनी व्यवस्थाको सोझो अर्थ आयोगले चाहेमा गम्भीर प्रकृतिका अपराधका पीडकलाई समेत क्षमादानको सिफारिस गर्न सक्दछ भन्ने हो । गम्भीर प्रकृतिका अपराध स्वयंमा मानव अधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित अपराध हुन् । त्यस्ता गम्भीर अपराधका पीडकलाई न्यायको दायरामा ल्याई सजाय गर्ने आधार खोजि गर्नु आयोगको दायित्व हुने भई संविधान र कानूनसम्मत पनि हुन्छ । अभियोग नै नलगाई कसूर नै कायम नगरी आम माफी दिए सरह क्षमादान गर्ने आधार र कारण आयोगले खोजिहिँडन आवश्यक हुँदैन र सो आयोगलाई सुहाउँदैन पनि ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको देखिन्छ । त्यस्तै धारा १३ ले समानताको हक प्रदान गरेको पाइन्छ भने धारा २४ (९) ले कुनै पनि व्यक्तिलाई अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हकको प्रत्याभूति गरिएको पाइन्छ । धारा ३२ ले संविधान प्रदत्त हकको प्रचलनको लागि कारवाही चलाउन पाउने गरी संवैधानिक उपचारको हक पनि प्रदान गरेको देखिन्छ ।

नेपालले जातिहत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, १९४८, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धी १९७९, यातना तथा अन्य क्रुर, अमानवीय वा

अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४, बाल अधिकार सम्बन्धी महासन्धी, १९८९, संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र लगायतका अन्य धेरै महासन्धिहरूको अनुमोदन गरी पक्ष राष्ट्र भएको छ ।

अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाहरू नेपाल कानून सरह लागू हुने व्यवस्था नेपाल सन्धी ऐन, २०४७ को दफा ९(१) मा भएको हुँदा त्यस्ता अन्तर्राष्ट्रिय कानून अर्न्तगतका अपराधहरूको अनुसन्धान गरी सत्य तथ्य पत्ता लगाउने, पीडकलाई अभियोजन गरी न्यायको परिधिभित्र ल्याउने र पीडितलाई परिपुरण गर्ने दायित्व राज्यको रहेको हुन्छ । नेपाल पक्ष भएको यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ को धारा २(१) मा प्रत्येक पक्षराष्ट्रले आफ्नो अधिकारक्षेत्र अन्तर्गतको कुनै पनि इलाकामा यातनाका कार्यहरूमा रोक लगाउन प्रभावकारी कानूनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछन (Each state party shall take effective legislative , administrative, Judicial or other measure to prevent acts of torture in any territory under its jurisdiction) भन्ने व्यवस्था रहेको छ । साथै धारा १३ मा सक्षम निकायमा उजुर गरी न्याय पाउने हक र धारा १४ मा यातना पीडित तथा आश्रीतहरुले क्षतिपूर्ति पाउने व्यवस्था रहेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ८ मा प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रद्धत मौलिक अधिकारको उल्लंघन गर्ने कार्य विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणहरूबाट प्रभावकारी उपचार पाउने अधिकार हुनेछ (Everyone has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law) भन्ने व्यवस्था रहेको छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ (१) मा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू आाफ्ना इलाका तथा क्षेत्राधिकार भित्र रहेका सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव बिना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन् (Each

state party to the present covenant undertakes to respect and to ensure to all individuals within its territory and subject to its jurisdiction the rights recognized in the present covenant, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion , rational of social origin , property birth of other status) भन्ने व्यवस्था भएको पाइन्छ । यस सम्बन्धमा विदेशी मानव अधिकार सम्बन्धी अदालतको फैसला हेर्दा अन्तर अमेरिकी मानव अधिकार अदालतले (भेलाइस्कोइज-रोड्रिगोज विरुद्ध होण्डुरस २९ जुलाई १९८८) को मुद्दामा बेपत्ता लगायत मानव अधिकारको उल्लंघनको घटनाको अनुसन्धान गरी दण्डित गर्ने राज्यको कानूनी दायित्व हुन्छ भनी उल्लेख गरेको छ । त्यसैगरी सोही अदालतले Barrios Altos vs Peru को मुद्दामा १४ मार्च २००१ मा फैसला गर्दा पेरुका दुई क्षमादान कानूनहरूलाई अमेरिकी मानवअधिकार महासन्धि विपरीत ठहऱ्याउँदै फौजदारी अभियोजनलाई उन्मुलन गर्ने तथा दण्डहिनता स्थापित गर्ने खाले सबै माफी तथा क्षमादान सम्बन्धी उपायहरू मानव अधिकारको गम्भीर उल्लंघनका सन्दर्भमा अस्वीकार्य हुन्छन् भनेको देखिन्छ ।

उपरोक्त विश्लेषणका आधारमा गम्भिर प्रकृतिका अन्य अपराधमा पनि क्षमादान दिन पर्याप्त कारण र आधार किन खोज्नु पऱ्यो त्यो नै विडम्बनापूर्ण छ । गम्भिर अपराध भइसकेपछि न्यायको प्रकृयामा लैजाने एकमात्र बाटो खुल्छ । गम्भीर अपराध भएपनि मुद्दा नचलाउन सकिने सिद्धान्त खोज्ने र पर्याप्त कारण भए क्षमादान दिन सकिन्छ भन्नु न्याय र मानवियताको सन्दर्भमा गंभिर चुनौति हुन् भन्ने लाग्दछ ।

तसर्थ, उक्त उपदफामा प्रयुक्त भएको ...**आयोगको छानवीनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका**...भन्ने वाक्यांश हटाउँदा समेत सो उपदफाले गर्न खोजेको व्यवस्था बोधगम्य नै हुने देखिएकोले ...**आयोगको छानवीनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका**...भन्ने संविधान प्रतिकूल प्राबधान बदरभागि देखियो ।

त्यस्तै दफा २६ को उपदफा (५) मा उल्लेख भएको **उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्नेछ** भन्ने

प्रावधान पनि विवादित छ । पीडितको सहमतिपछि लगत्तै उल्लेख भएको असहमति भन्ने पदावली सँगसँगै प्रयोग भएबाट **असहमति** को अर्थ दोहोरो लाग्न गएको देखिन्छ । तर पीडितको असहमतिमा र गम्भीर प्रकृतिका अपराधमा क्षमादान हुनै नसक्ने कुरा यसअघि यस अदालतबाट जारी भएका आदेशबाट पटकपटक सम्बोधन भैसकेको हुँदा त्यसैलाई आयोगले मार्गदर्शन बनाउनु पर्दछ । यस अदालतबाट भएका आदेशको उपेक्षा आयोगले गर्न सक्दैन ।

ऐनको दफा २९ को व्यवस्थाले आयोगको सिफारिसलाई नेपाल सरकारको अधिनस्थ बनाएको र महान्यायाधिवक्ताको अभियोजन गर्न पाउने संवैधानिक अधिकारलाई समेत प्रभावित गरेको भन्ने पनि निवेदकहरुको कथन रहेको पाइन्छ । उक्त दफा २९ को उपदफा (१) मा ***मानव अधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषि देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखि पठाउनु पर्नेछ भन्ने*** समेत व्यवस्था भएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित रहेको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ बमोजिम संविधानले प्रदान गरेको अभियोजनसम्बन्धी अधिकार विशिष्ट र स्वायत्त प्रकृतिको अधिकार हो । महान्यायाधिवक्तालाई यो अधिकार संविधानद्वारा सिधै प्रदान गरिनुको पछाडि महान्यायाधिवक्ताको संस्था एउटा व्यवसायिक र न्यायिक संस्थाको रुपमा रहेको र त्यस्तो संस्थाले कुनै खास राजनैतिक उद्देश्यले कसै उपर दुर्भावनापूर्वक अभियोजन लगाउन वा कसैउपर मोलाहिजाबस वा राजनीतिक स्वार्थको कारणले लगाउन पर्ने अभियोजन नलगाउने अवस्था आउन नदिन र फौजदारी कसूर जस्तो विषय समेटिएको गम्भीर फौजदारी अभियोग विशिष्ट कानूनी एवं न्यायिक आवश्यकता अनुरुप सही र निस्पक्ष रुपमा हुन सकोस भनेर नै यस्तो संस्था खडा गरी अभियोजन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पिएको हुँदा महान्यायाधिवक्ताको अभियोजन सम्बन्धी अधिकारलाई संकुचन गर्न मिल्ने हुँदैन ।

यसरी संविधानतः सरकार वादी हुने मुद्दा चलाउने अख्तियारी भएको महान्यायाधिवक्तासमक्ष आयोगले सो को लागि सिधै सिफारिस गर्न नसक्ने र नगर्नुपर्ने कुराको कुनै विवेकसम्मत आधार

देखिँदैन । छानविनबाट दोषि देखिएका व्यक्तिलाई मुद्दा चलाउन आयोगले गर्ने सिफारिस घुमउरो बाटोबाट महान्यायाधिवक्ता समक्ष पठाउने व्यवस्थाले अनाबश्यक जटिलता र संशय मात्र पैदा गरेको देखिन्छ । यसको परोक्ष अर्थ पीडकलाई अभियोजनबाट उम्काउने मात्र हुन सक्दछ । यस विषयमा यसअघि जारी भएको आदेशमा नै पर्याप्त व्याख्या र विश्लेषण भैसकेको हुँदा संविधानको स्पष्ट व्यवस्थासँग असंगत र आबश्यक भन्दा अतिरिक्त उल्लेखन गरिएको उक्त दफामा प्रयुक्त ...***नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन...*** भन्ने वाक्यांश बदरभागि देखियो ।

तसर्थ उल्लिखित विश्लेषणको आधार र कारणबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ को उपदफा (२) मा प्रयुक्त ...**आयोगको छानवीनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका...**भन्ने शब्दावली र दफा २९ को उपदफा (१) मा प्रयुक्त ...***नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन...*** भन्ने व्यवस्थाहरु नेपालको अन्तरिम संविधानको धारा १२, १३, २४ र १३५ समेतको विपरीत बदरभागि देखिएकोले आजैका मितिदेखि बदर घोषित हुने ठहर्छ ।

विवादित कानून र त्यसमा प्रयुक्त भाषा तथा प्रत्यर्थीहरुको लिखितजवाफ समेतको समग्र आसय र भावना हेर्दा यस अदालतबाट यसअघि विभिन्न मुद्दाहरुमा गरिएको व्याख्या विवेचना र आदेश निर्देशनहरुको सान्दर्भिकता समाप्त भएको नदेखिई आयोगहरु गठन भई कार्य प्रारम्भ गरिसकेको हालको अवस्थामा झन बढ्न गएको देखिन्छ । वस्तुतः द्वन्द्वका समयमा मनसाय सहित गरिएका आपराधिक प्रकृतिका घटनाको छानवीन गरी दोषि पत्ता लगाई कारवाहीको सिफारिस गर्ने र गम्भीर मानव अधिकार हनन् हुने बाहेक सामान्य प्रकृतिका घटनाहरुमा पीडितसमेतको पूर्ण सहमतिमा मेलमिलाप गराउने उद्देश्य साथ बेपत्ता छानविन र सत्य निरुण तथा मेलमिलाप आयोग स्थापना गरिएको हो । अर्द्धन्यायिक प्रकृतिका यस्ता आयोगको उक्त कार्यबाट परोक्षरुपमा न्यायिक प्रकृयामै सहयोग पुग्दछ भन्ने यो इजलासको अपेक्षा रहेको छ ।

ऐनको व्यवस्था स्वयंमा पर्याप्त र स्पष्ट नरहेको कुरा माथि प्रकरण प्रकरणमा गरिएका विश्लेषणहरुबाट देखिएको छ । साथै दुबै आयोगहरुले काम गर्दै जाँदाको अवस्थामा समेत थप जटिलता वा द्विविधाहरु आउन सक्दछन् । यस स्थितिमा राज्यको कानूनबाट स्थापित त्यस्ता

आयोगहरुले पनि संविधान, कानून, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून तथा न्यायका मान्य सिद्धान्तहरुलाई ध्यान दिनै पर्ने हुन्छ । साथै यस अदालतबाट जारी भएका आदेशहरुले पनि संवैधानिक कानूनको अंग र न्यायिक मूल्यमान्यताकै स्थान लिएका हुन्छन् । त्यसैले संवैधानिक परम्पराको रुपमा रहेका त्यस्ता आदेशहरु आयोगहरुका लागि आफ्नो कार्यसञ्चालनको मार्गदर्शक सिद्धान्तका रुपमा रहन्छन् । आयोगका कार्यहरुले सिर्जना गर्ने असर वा परिणामहरु पनि न्यायिक संपरीक्षणको दायरा बाहिर रहन सक्दैन ।

गम्भीर मानव अधिकारको उल्लंघन गर्ने व्यक्ति आफूले गरेको कार्यको उत्तरदायित्वबाट उम्कन सक्दैन भन्नुको अर्थ यो वा त्यो वहानामा त्यस्ता व्यक्तिलाई उम्काउने चेष्टा अरुले पनि गर्नु हुँदैन भन्ने हो । यदि दोषिलाई उम्काउने प्रयास गरिन्छ वा त्यसको मतियार बनिन्छ भने सिर्जित परिणाम भोग्न समेत तयार रहनु पर्दछ । कानूनबमोजिम स्थापित आयोगहरुले त्यस्तो गर्दैनन् भन्ने विश्वास यो इजलासले लिएको छ ।

साथै बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानूनसमेत सँग असंगत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरुका सम्बन्धमा प्रस्तुत रिट निवेदन र राजेन्द्र ढकाल, लिलाधर भण्डारी र माधबकुमार बस्नेत समेत निवेदक भएका मुद्दाहरुमा यसअघि जारी गरिएका आदेश, दिइएका निर्देशन र व्याख्याहरु प्रतिकूल नहुने गरी कार्य गर्नू गराउनू भनी सम्बन्धित आयोग तथा नेपाल सरकार समेतका नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम यो आदेश जारी गरिदिएको छ । विपक्षीहरुको जानकारीको लागि प्रस्तुत आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाई दिनू ।
प्रस्तुत रिट निवेदनहरुको दायरी तर्फको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनु ।

**न्यायाधीश**

उक्त रायमा हामी सहमत छौं ।

**न्यायाधीश** **न्यायाधीश**

इति सम्वत् २०७१ साल फागुन महिना १४ गते रोज ५ शुभम् -------------------------------।

इजलास अधिकृतः उपसचिव द्वय शिवप्रसाद खनाल, विष्णु प्रसाद गौतम

कम्प्युटर टाइपः विकेस गुरागाई